CC-0. In Public Domain. Digitization by eGangotri

नं. २४२६

जिज्ञासा

६

–२०४५–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जिज्ञासा

[गुणराज स्मारकसमितिको मुखपत्र]

पूर्णाङ्क– ६ (दुर्गापूजा २०४५)

सम्पादक मण्डल (प्रबन्ध समिति)

प्रा० श्री शिवगोपाल रिसाल
प्रा० श्री अम्बिकाप्रसाद अधिकारी
प्रा० श्री चूडानाथ भट्टराय
प्रा० श्री वासुदेव त्रिपाठी
प्रा० श्री राममणि रिसाल
श्री किशोरकुमार खनाल
सह प्रा० श्री घटराज भट्टराई

दर्ता नं. ४५०१२
वाल्मीकि विद्यापीठ

प्रबन्ध सम्पादक	प्रधान सम्पादक
पवनकुमार खनाल	घटराज भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः-
गुणराज स्मारक समिति

मूल्य रु. १०।-

दे.नं. १८०१२

ठेगाना:- पो. ब. नं. १६२, महाकालस्थान
काठमाडौं, नेपाल ।

मुद्रक: बालकुमारी प्रि० प्रेस, वटु, मुवहाल, फोन २२४१९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri
नं. २४२६

विषयसूची

विषय	लेखक	पृष्ठ
१. श्रीकृष्ण सन्देशबाट (काव्योश)	गुणराज उपाध्याय	१
२. आमाको करुणा (भक्तिकाव्य)	शिवगोपाल रिसाल	२
३. भक्ति साहित्यका सम्राट् (लेख)	पवनकुमार खनाल	६
४. सुइया बाबाको चमत्कार (लेख)	अमृत बहादुर श्रेष्ठ	९
५. वेदवती (नाटक)	बसन्तकुमार शर्मा	१२
६. गोविन्द गीत एक मूल्यांकन (समालोचना)	विनोद दहाल	३५
७. कुब्जाको पूर्ववृत्तान्त (कथा)	नारायणप्रसाद उपाध्याय	४२
८. स्वामी शिवानन्द (परिचय)	रघु घिमिरे	४६
९. देवघाट तीर्थको महिमा (लेख)	रामराज शर्मा	५०
१०. गोसाइँकुण्ड (तीर्थ परिचय)	घटराज भट्टराई	५३
११. हुनुहार दैव नटार (कथा)	बवि शर्मा	५८
१२. महाभारतका कथाहरू (कथा)	कमलमणि पन्थी	६५
१३. शङ्कर र राम (कथा)	श्रीहरि रूपाखेती	७५
१४. कविवर गुणराज... (लेख)	चेतोनाथ शर्मा आचार्य	७८
१५. वेदहरूको संक्षिप्त परिचय (लेख)	प्रयागराज वशिष्ठ	८१
१६. ईश्वर (कविता)	शैलेन्दु प्रकाश नेपाल	८७
१७. समितिको गतिविधि		८८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाम्रो भनाइ

गुणराज स्मारकसमिति चौध वर्षको भयो। महाकवि पं. गुणराजको स्मृतिमा उहाँको निधन पछि स्थापना भएको यो संस्था चौध वर्षको किशोर भएको देख्दा आनन्दको अनुभव भइरहेछ। अध्यात्म साधना र आध्यात्मिक साहित्य सृजनामा टेवा मिलोस् भन्ने उद्देश्य राखेर समितिले मुखपत्र प्रकाशन गर्न शुरू गरेको पनि छ वर्ष भइसकेछ। समय कसरी वित्तै जान्छ केही गर्दा केही भैहाल्छ, नगर्दा पनि समय पर्खेर बसिरहँदैन। साना ठूला गरी ३५ पुरस्कार प्रदान गरिएछ, त्यस्तै एक विद्वद्‌वृत्ति, दुई छात्रवृत्ति, देवघाटमा रामदास कीर्तन भवन, गुणराजेश्वर राममन्दिर, राधेश्याम मन्दिरहरूको निर्माण र सञ्चालनका लागि अक्षय कोशको स्थापना जस्ता केही काम भएछन्– हुँदैछन्– धेरै भयो गरियो भनेर यहाँ भर्पाई छाँटिएको होइन - सरकारी सहयोग वा अन्तर्राष्ट्रिय अनुदानवाट यी काम भएका भए उल्लेख नगरे पनि हुन्थ्यो– यी काम त एक सामान्य परिवारको इच्छा र हार्दिक भावनाबाट हुँदै आएका छन् र हुँदै जानेछन् पनि। त्यसैले यस्ता काम राष्ट्र र प्रत्येक व्यक्तिका लागि पनि अनुकरणीय मान्नुपर्छ।

जिज्ञासाले विगत दुई वर्ष सन्त विशेषाङ्क र पौराणिक कथा विशेपाङ्क प्रकाशित गरेको थियो, पाठकहरूबाट, श्रद्धालु भक्तजनबाट रुचाउनु पनि भयो। यस वर्ष विविध सामग्री राखेर सामान्य रूपमा नै प्रस्तुत अङ्क प्रकाशित गरेका छौं। अर्को वर्ष फेरि आध्यात्मिक विपयकै कुनै एक प्रसग अंगालेर विशेषाङ्क प्रकाशित गर्ने नै छौं।

लेखक तथा पाठकहरूको न्यानो सद्‌भावना र सहयोगको आशा राख्छौं।

कनिका हो सुदामाको लिनुहोस् प्रेमले भरी
घुमे अध्यात्म संसार मान्छे बन्छ अजम्मरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्णको करुणा पाए जन्म आफ्नो कृतार्थ भो ।
नत्र ता जन्मँदै मर्दै रिग्नु पर्ने अनर्थ भो ।।

म यस्तो छु भनी खाली भित्र-भित्रै घमंड ली ।
कृष्णका भक्तमा आफू बन्न पाइन्न मण्डली ।

बगाई प्रेमको आँसू गोपिनीसरहै बनी ।
निःस्वार्थ भाव राखेर भजेमा-भेटिने तिनी ।।

कृष्णको भक्त हूँ भन्दै गरी आडम्बरै ठुलो ।
बोक्रे वैराग्य ली दौडे दलिएला अझै हिलो ।।

नैवेद्य-दछिना धेरै चाहिने के कुरा छ र ?
मनैलेमात्र सम्झेर कृष्णका पाउमा पर !

यसै यता-उती दौडी भौंतारिएर बेसरी ।
हैरानीमात्र खाएर भेटिन्नन् संझ है हरि ।।

हरे ! कृष्ण ! गोविन्द ! हे नन्दलाल !
प्रभो ! कंसशत्रो ! यशोदाकुमार !
दयालो ! तिमीलाइ नै संझँदैछौं
भयौं सिल्लिजस्ता बचाऊ रूँदैछौं ।।

—श्रीकृष्ण सन्देश महाकाव्यबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ

आमाको करुणा

(भक्ति काव्य)

–शिवगोपाल रिसाल

इच्छा उदायो सुख, शान्ति, मोक्षको ।
बाटो कता हो ? कुन साधना निको ?
ब्रह्म, उमा, ईश, गणेश, भास्कर !
आमा ! परें पाउ, उतार सागर ॥१॥

गणेश लौ विघ्न हटाउँदै गर ।
सरस्वती ज्ञान बढाउँदै गर ॥
वैराग्यको राग अलाप शङ्कर !
आमा उमा ! लौ करुणा ममा भर ॥२॥

मलाई कर्मको पाठ, पठाऊ मन खारियोस् ।
क्रमैले भक्तिमा पुग्ने, चित्त यो शुद्ध पारियोस् ॥३॥

सकामै पहिले होओस्, आस्था ईश्वरमा बसे ।
क्रमैले हुन्छ निष्काम, वैराग्य मनमा पसे ॥४॥

अभ्यास दृढ होस् आमा ! आत्मामा नै रमाउने ।
खोजी होस् आफू को हो को-भित्रै भक्ति बढाउने ॥५॥

साकार वा निराकार, गुण-निर्गुण जे जसो ।
चित्तकै खेल हुन् आमा ? अथवा सत्य हुन्, कसो ? ॥६॥

मन शुद्ध बनाएर, ज्ञाननिष्ठा बढाउने ।
समाधि मार्ग देखाऊ, आत्मज्योति जगाउने ॥७॥

अज्ञान नहटेसम्म, शान्ति हुन्छ असम्भव ।
त्याग, वैराग्य, विद्याको देऊ अक्षय वैभव ॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नासिने मासिने तुच्छ, भासिने यो शरीर हो ।
प्राण, इन्द्रिय त्यस्तै हुन्, चिताए मात्र चित्त भो ।।९।।

धन, मान सबै जाने, नजाने धर्ममात्र हो ।
अविनाशी तिमी आमा, बाँकी नासिन्छ रे अहो ! ।।१०।।

अन्धकार हटाएर, उज्यालो दीप ज्ञानको ।
बाली देखाऊ लौ बाटो, शान्तिमण्डपभित्रको ।।११।।

जुन जानेर जान्नु क्यै, अब बाँकी रहन्न है ।
ब्रह्मविद्या मलाई द्यौ, फेरि जन्म नहोस् है ।।१२।।

म गरूँ कसरी सेवा, रोगी, भोका, दरिद्रको ?
म तिरूँ कसरी भारा, तिम्रो दूध र स्नेहको ? ।।१३।।

ममतामयी हे आमा ! न्यानो काख छ आश्रय ।
तिम्रो दृष्टि परेसम्म, मेरो सर्वत्र नै जय ।।१४।।

अपराधी भएँ आमा ! अपराध असंख्य छन् ।
तिम्रै कृपा भए सारा, पाप निर्मूल बन्दछन् ।।१५।।

माया गर महामाया ! जन्मादि दुःख पाइयो ।
जति पर्दछ आपत्ति, सहने शक्ति चाहियो ।।१६।।

म पुत्र स्नेहको पात्र, आमा जान्दिन क्यै पनि ।
पूजा, भक्ति तथा ध्यान, बताऊ मुक्त होस् भनी ।।१७।।

बिरामी म भएँ आमा ! संसारी रोगमा परें ।
चौरासी चक्रको मोह-व्यथाले जिउँदै मरें ।।१८।।

मोहको औषधी देऊ, जन्म-मृत्यु भगाउने ।
त्याग, वैराग्यको मन्त्र, ज्ञानानन्द उदाउने ।।१९।।

भार भो धरतीलाई, मेरो पाप पखालिद्यौ ।
नजन्मूँ, नमरूँ आमा ! लगत् कहाँ गराइद्यौ ।।२०।।

कति मानी, धनी, ध्यानी, कति शासक, पण्डित ।
कति आए, गए फेरि, सृष्टि-चक्र अखण्डित ।।२१।।

स्वप्न रे सृष्टि नै सारा, स्थिति, संहार स्वप्न रे ।
स्वप्न-साक्षी स्वयं ब्रह्म, अनादि र अनन्त रे ।।२२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने सामान्य भो ज्ञान, शास्त्र, सज्जनले भनें ।
कसरी दृढता हुन्छ ? कुन हो मार्ग उम्कने ? ।।२३।।

आफैंलाई नचिन्दामा, चौरासी-चक्रमा फरें ।
बुझाइदिनुहोस् आमा ! 'म को हुँ ?'- पाउमा परें ।।२४।।

धन्य आमा ! कृपा बर्स्यो, ममाथि करुणा भयो ।
ज्ञान, वैराग्यको दिव्य-उपदेश प्रकाश भो ।।२५।।

आमा-

तिमी हौ शुद्ध चैतन्य, पूर्णब्रह्म परात्पर ।
बाँकी सम्पूर्ण हो मिथ्या, जड, दु:ख चराचर ।।२६।।

सम्पूर्ण कामना छोडी, मेरै शरणमा पर ।
शरणागत उद्धार, नभएको कहाँ छ र ? ।।२७।।

भक्त उद्धारकै लागि, अवतार म धर्दछु ।
धर्मको स्थापना गर्न, पाप संहार गर्दछु ।।२८।।

शिवकी शक्तिरूपा हुँ, लक्ष्मी हुँ विष्णुकी म ता ।
सम्पूर्ण शक्तिको पुञ्ज, बन्धु, माता, पिता, सखा ।।२९।।

मधुकैटभकी काल, महिषासुरमर्दिनी ।
निशुम्भादि सबै दैत्य नाशिनी सिंहवाहिनी ।।३०।।

समाधि वैश्यको ज्ञान, राजा सुरथको धन ।
देवादि, साधुको प्राण, धरा धर्म सुरक्षण ।।३१।।

हाड, छाला तिमी हैनौ, मन, बुद्धि अगोचर ।
तिमी आत्मा, तिमी ब्रह्म, अद्वैत, बोध, भास्कर ।।३२।।

जन्म-मृत्यु छँदैछैन, तिमी शुद्ध प्रकाश हौ ।
यसैमा दृढता भो कि, जन्मादि चक्र छुट्छ लौ ।।३३।।

तिमी बन्धनमा छैनौ, भएको भान मात्र हो ।
ज्ञानले भान नासिन्छ, अनि मुक्त स्वरूप भो ।।३४।।

चौरासी-चक्रको हेतु, अज्ञान, मोह मात्र हो ।
विवेक, ज्ञानले आफू, नमर्ने शुद्ध ब्रह्म भो ३५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयासक्तिमा आजै, तीव्र वैराग्य भो भने ।
कामना, वासना छुट्छ, अधिकारी बन्यो भने ॥३६॥

छोरा-

गर्छु स्वीकार हे आमा ! – म ब्रह्म, बोधरूप हुँ ।
अविकारी, सदा मुक्त, अखण्ड ज्योतिरूप हुँ ॥३७॥

यही निर्णयमा पक्का, हुने श्रद्धा जगाइद्यौ ।
ज्ञानका मार्गमा आए, सारा काँढा हटाइद्यौ ॥३८॥

लौन आमा ! ठूलो रोग, लाग्यो आजै अचानक ।
पीडा असह्य भो आमा ! भवरोग भयानक ॥३९॥

रोग खुट्याउने वैद्य, कहाँ पाइन्छ लौन नि !
के भए रोग यो लाग्छ ? के गरे रोग भाग्छ नि ? ॥४०॥

खाने औषधी के होला ? गर्नु मालिस पर्छ कि ?
छाती, रगत जाँचेर, सुई पो लिनुपर्छ कि ? ॥४१॥

आमा--

बाबु ! आत्तिनु पर्दैन, यद्यपि रोग हो कडा ।
मुक्तात्मा गुरु हुन् वैद्य, ती त दुर्लभ छन् बडा ॥४२॥

पुण्यात्मा तिमी छौ बाबु ! तिम्रो पुण्य बढेछ लौ ।
थाहा भो रोग लागेको, औषधी अब पाउँछौ ॥४३॥

पुण्यैले गुरु पाइन्छन्, पुण्यैले शास्त्र मिल्दछ ।
औषधी पुण्यले मिल्छ, पुण्यात्मा रोग चिन्दछ ॥४४॥

मान्नु संसार नै मिथ्या, औषधी यही हो ठुलो ।
लगाऊ शिरमा नित्य, ईशको पाउको धुलो ॥४५॥

ज्ञानाभ्यास अनायास, भक्तिको रस मालिस ।
अनुपाम अनासक्ति, वैराग्य सुइ आशिष ॥४६॥

तामसी, राजसी खाना, नखाऊ मुखवार है ।
सङ्कल्प, वासना शत्रु, बन लौ होशियार है ॥४७॥

(बाँकी २७ पेजमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भक्ति साहित्यका सम्राट्

हुन त भक्त र भक्तिको विश्लेषण गर्नु समुद्र र तरङ्गको भेद तथा चन्द्र र चाँदनीको अनुपम लहरमा आफैंलाई एकपटक जोख्नु जस्तै हो । सतहमा फैलिने सूर्यका रङ्गीन किरणहरूका विभिन्नता जाँच्ने सही कला-कौशल शायद सूर्यमै मात्र सीमित भएर हो कि, शशीको अथक प्रयासमा पनि पूर्णिमा रात सूर्यसामीप्य कदापि दाँजिन सक्तैन । सानो मुखले ठूलो कुरा बाउनु शायद अनुशासनक्रममा सीमित नहुने भए तापनि मानवीय अनुभूति मानवीय स्वभावकै अभीष्ट लक्षण हुँदा चलमलाएको सानो कलम अघिसर्नेसम्म धृष्टता लिएको छ र भावनामुखी हृदयका स-साना बिन्दुहरूले अनवरत शक्तिशाली स्वर्णीम सृष्टि जगाउन नसके तापनि सृष्टि जागरणका चेतनाका लहरहरू भने अवश्य ठम्याउन सक्ला कि भन्ने आशा र उमङ्गरूपी उत्साह मैले जीवित राख्ने प्रयाससम्म गरेको छु ।

हामीलाई बानी परेर हो वा केटाकेटीदेखि थुप्रिएर बसेका अध्ययन-रूपी हृदयका स्पर्शले हो अनेकौं विधामा विद्यमान साहित्यरूपी भण्डारलाई सीमित साधन र साध्यको परिचालनमा नै ज्यादै खुशी मानी सीमित परिवेश र सीमित सीमाङ्कनमा बेजोड आ-आफ्ना तर्क, अनुभूतिले सजग गराउने प्रयास गर्दै आएका छौं । भक्ति साहित्यका लक्षण, त्यसका भेद तथा अनेकौं उपमा एवं उपमेयबाट सुसज्जित नवीन उत्तरगामी प्रतिभाका बेजोड साधकहरू, चिन्तकहरू एकै धरातलमा अवलम्बित गरी त्यसैको वर्णानुक्रम जारी राख्ने हृदयका हाम्रा नवोदित, सुकोमल धारणाहरू वैज्ञानिक युगको वर्तमानकालमा किन सजग र सबल हुँदैन ? के केन्द्रित आयामविना हामी सक्षम रहन सक्दैनौं ? के हामीमा मानवीय कसीको जागरण र स्फुरण हुँदैन ? के

भक्ति गाथाका खास अर्थ के हुन् ? भक्ति साहित्यको जीवन्त अनुभूति के हो ? भक्तिको मूल्य के हो ? भक्ति भाषाका शब्द लालित्य अलौकिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानवीय तरल आँगनमा कसरी द्रवित हुन्छ ? के भक्ति शब्दका चमत्कारमा मात्र वशीभूत हुन्छ ? भक्ति भावनाका आद्रता भावमूलक रचनाका अनवरत प्रयास हो वा शक्ति सामर्थ शब्दका भण्डार मात्र हो तथा लौकिक अलङ्कार शब्दका कृपामा नाच्ने अवश्य हो तर यतिकै परिवेशमा भक्तिसाहित्य सीमाङ्कन गरी ठहर गर्नु सरासर अन्याय हो जस्तो लाग्छ र समय निरपेक्ष हुन्छ नै । शब्द सापेक्ष र निरपेक्ष केवल परिपूरक मात्र हुन् । अनौठो संगीतमा नाचेको गायक न समय सापेक्ष हुन्छ न निरपेक्ष नै । गायन कला जसरी स्पर्शरहित छ, हृदय-द्वारमा स्थापित भावनाका भण्डारले त्यसरी नै मूर्धन्यता लिनु समीचिन हो, प्रापीत हो, अटूट जीवनीको अभीष्टता हो, स्वर्णीम सृष्टिको सत्यता हो, अलौकिक साधनाको सूत्रपात हो । तर कलात्मक तराजूको काँटा हल्लिदा, पूर्वाधार सृजित कसीमा मात्र समावेश रहँदा पलायनवादीको रूपमा सच्चा साधकका अनुशीलन व्यावहारिकता दाँजिनु अस्वाभाविकचाहिं म ठान्दिन ।

के हामीले नेपाली साहित्य अन्तरगत भक्ति साहित्यका कृतिहरूको मात्र यथोचित निर्णय तथा समयानुकूल मूल्य कदापि दिएका छौं ? दिएका छौं र अध्ययन र आधारित साहित्य परिपाटीको मूल्याङ्कन यसरी गरेका छौं कि नेपाली वाङमयमा फैलिएका तमाम रचनाहरूलाई पूर्वीय परिभाषामा आधारित सिद्धान्तमा लेखा–जोखा गर्दै समय–आवरणका छिट्काहरूले रङ्गाउँदा हामीलाई आनन्द आएको छ । भन्नुको तात्पर्य हो कि भक्त गुणराजका भक्ति भावनामा ओतप्रोत भएका वहुमूल्य रचनाहरू केवल विवरणात्मक मात्र हैनन् । ऐतिहासिक मूल्यका आधारशीला मात्र हैनन् । शास्वत सत्यरूपी उब्जनीका नवीनतम सृष्टि हुन्, मानसिक व्यायामका सच्चा परिपोषक हुन् । सन्निरन्जनीय आत्माको भावमूलक पराकाष्टा हुन् र अनादि रसमा व्हलिएका अनन्त सत्य भण्डारका स्वर्णीम सृजना हुन् तथा पूर्वीय परिपाटीको कला-कौशलका सच्चा मर्मज्ञ हुनुका साथै आत्मीय-मूल्यको विविध सजावट हुन् ।

एकै स्तरमा यसरी मूल्याङ्कन गर्ने हो रामदास गुणराजका भक्ति समक्ष नेपाली साहित्य नै भक्ति निरपेक्ष रहन्छ भन्न अत्युक्ति नहोला । भक्ति-मूल्याङ्कन-परिधि केवल भक्तिसाधनामा मात्र सजग र सबल रहन्छ । रामदासका रचना साध्य हैनन्, साध्य त केवल प्रभुराम हुन् । शब्द लालित्यमा, अलङ्कार चमत्कारितामा, पाडित्यपूर्ण कवित्वमा ध्यान नदिनु दोष भक्त गुणराजको हैन, दोष त केवल भक्ति हो । मानव हृदयमा भक्ति सलबलाउँदा भाव विभोर हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुगिन्छ। ईश्वरीय धरातलमा परिपूर्णताका अनादि लहरहरू अटूटरूपमा हृदयका केस्रा-केस्रामा पल्लवित हुँदा, उज्वलित हुँदा, विकसित हुँदा साधारण जीवले भक्ति सिन्धुमा आनन्दित रहनु, परिपूर्ण रहनु, कुनै आश्चर्य हुँदैन किनकि ईश्वरीय अनुकम्पा, ईश्वरीय भक्ति लौकिक मानवीय सृजनामा चलमलाउँदैन। त्यसैले भक्ति सिन्धुका रत्न केलाउनु छ भने स्वयमेव भक्तिमै आफूसमेत विसर्जितरहन सबैले आफ्नो पहिलो कर्तव्य ठान्नु अत्यावश्यक छ। केवल समय-निरपेक्ष वा पलायनवादी भनी भक्ति रचनालाई यसै छाडिदिँदा आफैमा भएको कमजोरी कोट्याउनुजस्तै हुन आउँछ। भक्ति शिल्पकारिता केवल भक्तिमै प्रदर्शित हुन्छ तर शव्द भण्डारमा हुँदैन। काव्य पटुतामा उदासीनताले गुणराजको हृदय भक्तिपरक बनेको हैन तर भक्ति-लावण्यले, भक्तिका मिठासले मात्र काव्य शिल्पकारितामा सजग नभएको मात्र सकिन्छ। नत्र भने संस्कृतका विद्वान्ले व्याकरणमा दृष्टि दिनु, अलङ्कार, अभिव्यञ्जना, शाव्दिक चयन, लालित्यमय प्रस्तुतिप्रति सजग हुनु ठूलो कुरा थिएन। मूल भक्तिको उठानमा "रामदास" सल्बलाएका हुन्। तसर्थ यो दोष गुणराजको हैन, यो सच्चा भक्तिको दोष हो। अनवरत साधनामा मात्र संलग्न रामदासले आफू काव्यपरक नवनेको मात्र हो, बन्न नसकेको चाहिं कदापि होइन। यदि काव्यमुखी उनको सिद्धान्त भए ऋण गरेर घिउ खाने समाजमा आफ्ना कृति प्रकाशित गरी प्रशंसापत्रहरू सङ्कलन गर्नेतिर लाग्थे होलान्। यो कुरा हामीले बुझ्नु अत्यावश्यक छ। भक्तको भक्ति हो, भक्तिको भक्त हो भने कवि काव्यको हो, काव्य कविको भन्न मनासिव देखिन्छ। नेपाली भक्ति साहित्यमा उनले गरेको योगदान सदा-सर्वदा जीवित रहने छ र उनी निश्चय नै नेपाली भक्ति साहित्यका सम्राट् झैं युगानुयुगसम्म रामभक्तिको अर्ती उपदेशहरू दिइनै रहन्छन्।

जय–रामदास।

पवनकुमार खनाल

रसीलो अहा! कृष्णजीकै बिहार
सब संझँदै संझँदै वार–वार।
लिई आश ठूलो, अडेको छ सास
सहारा अरू हामिलाई कहाँ छ?

–श्रीकृष्ण सन्देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुइया बाबाको चमत्कार

—अमृतबहादुर श्रेष्ठ

म यहाँ जुन घटनाको चर्चा गर्न गइरहेको छु त्यो आजभन्दा क्रण्डै ३२ वर्ष अगाडिको हो । अर्को कुरा म साधु, सन्त र महात्मा वा सिद्धहरूका सम्वन्धमा ज्यादै तटस्थ व्यक्ति अर्थात् यस सम्बन्धमा रुचि लिएर खोजी पस्ने वा भक्ति भावबाट ज्यादै टाढा रहने व्यक्ति रहेको छु । आजसम्म पनि जतिसुकै ठूला र कहलिएका साधु, सन्त वा माहात्माहरू कतैबाट पदार्पण भए तापनि तिनीहरूको दर्शन वा भेटघाट गर्न म गएको छैन । उनीहरूको चमत्कार वा शक्तिका सम्वन्धमा मलाई विश्वास पनि छैन र अविश्वास पनि छैन । क्रन् त्यसवेला भर्खरै एस. एल. सी. जाँच दिएको र युवा खुड्किलोमा टेक्न लागेको अधकल्चो, नयाँ परिवेश र सभ्यताको विचारधारामा हुर्कंदो उमेरमा यस्ता तन्त्र, मन्त्र वा सिद्धिबाट हुन सक्ने चामत्कारिक कुराहरूमा विश्वास गर्ने कुरै थिएन । मैले जे-जति साधु, सन्त वा माहात्मा देखेको छु । शिवरात्रिमा पशुपति घुम्दा र अघिपछि घरदैलोमा भिक्षा मागिहिड्ने जोगीहरू मात्र हुन् । त्यस बेला फागुन-चैत्र महिनातिर म मगरबूढी गाउँमा नै थिएँ । आज पनि त्यस क्षेत्रमा पिउने पानीको स्रोत नदी वा इनार मात्र रहेको छ भने तत्कालीन स्थितिमा कस्तो अवस्था थियो होला पाठकवृन्द आफैं सोच्न सक्नुहुन्छ । माथि नै मैले भनिसकें ठूलो रापती नदी तरेर तीन घण्टा जति हिंडेपछि मात्र गाउँ फेला पर्दथ्यो । रापती नदीपारिका गाउँहरूलाई संजोढ भनिन्थ्यो । हुनत ५-७ वटा गाउँहरू त्यहाँ थिए तर संयुक्त रूपमा तिनीहरूलाई संजोढ भनिन्थ्यो । ती गाउँहरूमा पिउने पानीको ज्यादै अभाव रहेछ त्यो वेलासम्म मलाई यी कुराहरू थाहा थिएन । ती गाउँहरू जंगलको बीच-बीचमा रहेको हुँदा र ती गाउँमै जानुपर्ने काम भएमा बाहेक रापती वारिका गाउँहरूको त्यति सम्पर्क हुँदैनथ्यो । तर ती संजोढ गाउँलेहरूका हरेक विधि व्यवहारका लागि आवत-जावत गर्ने मूलबाटो मगरबूढी गाउँबाट नै थियो ।

त्यस वेलासम्म तराईको गाउँवरमा गृहस्थाश्रमको परम्परा राम्रै पालना गरिन्थ्यो । भन्नुको अर्थ हो जोगी, साधु-सन्तहरू गाउँवरमा घुम्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउँदा राम्रै सिधा दिने चलन थियो । एक छाक पुग्ने चामल, दाल, तरकारी, नून, घ्यू, वेसार आदि सबै मिलाई सिधा दिइन्थ्यो । सायद यही कारणले होला हिउँद लागेपछि अर्थात् मंसीरदेखि वैशाखसम्म नेपाल भित्रको र भारतीय साधु, सन्तहरू पनि तराईको गाउँघरमा प्रसस्त घुम्दै हिड्दथे । यही क्रममा एक बिहानीको कुरा हो । सदा झैं एक साधु आए र उनलाई अन्यलाई जस्तै सिधा र दक्षिणा समेत दिइयो । तर ती साधुले सिधा र दक्षिणा लिन इन्कार गरेछन् मलाई थाहा छैन । धेरै वेरसम्म ती साधु वसी नै रहेको देखी मैले आफ्ना कामदारहरूलाई गाली गरें । त्यसपछि ती साधु मेरो नजिक आएर भने- "म सिधा माग्दै हिड्ने जोगी होइन, संजोढमा पिउने पानीको ज्यादै संकट छ त्यसैले त्यहाँ दुईवटा इनार खनाउन सिमेन्ट र मिस्त्रीहरू लिन म रक्सौल जान लागेकोले त्यहाँसम्म जाने-आउने खर्च मलाई दिनुहोस् ।" उनको त्यो भनाइ सुनेर मैले भनें- "हेर्नुहोस्, यहाँ हरेक दिन २–४ जना तपाईं जस्तै जोगी साधुहरू आउँछन् । मठ, मन्दिर, देवालय, शिवालय वनाउन चन्दा माग्छन् । हामी जस्तो गृहस्थाश्रममा वस्ने मानिसहरूले साधु-सन्तहरूका यस्ता मागहरू सधैं पूरा गर्न सक्तैनौं । घर दैलोमा आएका साधु-सन्तहरूलाई एक छाक खान सिधा दिने हाम्रो परम्परा हो, यो तपाईं लाई पनि दिएका छौं । लिइजानोस्" भनी १० रुपियाँ वाटाखर्च पनि दिएँ । तर ती साधु डेग चलेनन् र मलाई भने– "तपाईंले मलाई चिन्नुभएको रहेनछ म रापतीपारि संजोढमा वस्छु । मेरो नाम सुइया वावा हो ।" मैले उनलाई आफू साधु-सन्तहरूको खोजीमा चाख नराख्ने, त्यति श्रद्धा र विश्वास पनि नभएको व्यक्ति भएकाले साधु-सन्तहरूको नाउँ-गाउँ सम्झना नरहने र चासो पनि नराख्ने कुरा वताएं । यो कुरा सुनेपछि उनी एकछिन घोरिए र अनि मलाई भने- "हामी साधु-सन्तहरू पनि आफ्नो केही शक्ति नभई त्यसै हिड्दैनौं । केही ठगहरूले हामीलाई बदनाम गराउँछन् । त्यसैले म आज तपाईंलाई आफ्नो शक्ति देखाएर आफ्नो शुभ कार्यका लागि तपाईंवाटै चन्दाको सुरु गर्दछु ।"

यसपछि उनी मेरो अगाडि ठिङ्ग उभिए । केही छिनपछि उनको सम्पूर्ण शरीर थर्र काम्यो र शरीरभरि खलखल पसिना आयो । उनको अनुहार क्षण-प्रतिक्षण विकृत र वीभत्स हुँदैगयो । उनको मुखवाट अजीवको आवाज निस्कियो । यस समयमा उनको आकृति भैरवको आकृति समान देखिन्थ्यो । करीव १५ मिनेटपछि उनको मुखवाट पुनः अजीबको आवाज निस्कियो र यसका साथै उनको खाने मुख निकै लम्बाचौडा हुन गयो । दाँतका प्रत्येक गिजावाट जसरी दुम्सी आफ्नो शत्रुको आक्रमणमा तयार हुँदा आफ्नो शरीरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फाँढा भाला हाम्न लागे फैं दरिलो बनाई जाइआग्दछ त्यसैं गरी लुगा सिउनै फलामको सियो धनुष कांडवाट तीर निस्के फैं निस्किए । उनको त्यो स्वरूप कुनै काल्पनिक भयङ्कर राक्षसको भन्दा कम भयानक थिएन । जोगी, साधु र सन्तहरूवाट प्रत्यक्ष साक्षात्कार रूप आफ्नो चमत्कार मेरो सामु दर्शाइएको भनूं वा मैले प्रत्यक्ष रूपमा देख्न पाएको यो नै पहिलो अवसर थियो । मुख भित्रको दाँतका प्रत्येक गिजावाट लुगा सिउने फलामको सियो एउटा मात्र होइन सयकडौं संख्यामा निकाल्नु कुनै पनि वैज्ञानिक चमत्कार, टुनामुना वा जादुले सम्भव थिएन । यो दृश्य देखेर म एकछिन त किंकर्तव्य विमूढ भएर रहें । केही भन्ने वा गर्ने साहस पनि आएन । यो रनभुल्लको स्थितिमा रहँदा–रहँदै उनले आफ्नो दाहिने हात माथि उठाएर हामीले चउरको घाँस हातले निमोठें फैं मुखवाट निस्केका सियोहरू हातले निमोठे । यसरी उक्त दाँतका गिजावाट निस्केका सियोहरू आफ्नो हातले निमोठ्दै मेरो हातमा दिंदै गरे । उनको मुखवाट निस्केका सियो ४–५ सय गोटा भन्दा कम थिएनन् होला । अन्तमा उनी आफ्नै स्वरूप र सामान्यतामा आएपछि मलाई भने– "यी सियो-हरू तपाईं आफ्नो व्यावहारिक कार्यमा लगाउन सक्नुहुन्छ तर कम्मरभन्दा तल लगाउने लुगाहरूमा यो सियोको प्रयोग नगर्नुहोला ।" यसरी उक्त सियो मैले ४–५ वर्षसम्म प्रयोग नै गरेको थिएँ । त्यो अद्भुत तर यथार्थ घटना मैले जीवनमा विर्सन सम्भव छैन । यस्तो सियोरूपी शक्तिको संग्रह गर्न सक्षम भएको कारणले नै उनी त्यस क्षेत्रमा 'सुइया वावा' को नामले प्रख्यात भएका रहेछन् । उक्त शक्तिको प्रत्यक्ष अनुभव गरेपछि नै मैले ती वावालाई केही चन्दा प्रदान गरेको थिएँ । यसरी मैले साधु–सन्तहरू आफ्नो लगनशीलता र तपस्यावाट केही शक्ति आर्जन गर्न सक्षम हुँदा रहेछन् भन्ने महसुस गर्न थालेको छु । आज ती वावा छन् कि छैनन् भन्न सकिन्न । त्यस वेला उनी करीव ४० वर्ष पार गरिसकेका देखिन्थे । त्यसपछि मैले उनका सम्वन्धमा शोधखोज गर्ने प्रयास पनि गरिनँ । साधु–सन्तहरूको अद्भुत शक्ति यसप्रकार मैले पहिलो पटक देखेर चकित भएँ । अस्तु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदवती (रूपक)

—वसन्तकुमार शर्मा

दृश्य पहिलो: सुखसंचारण। स्थान: मणिचूड मन्दिर।

[राजसी ठाँटमा मन्त्री, प्रधान मन्त्री, राजगुरु र सल्लाहकार मण्डलले घेरिएर राजसिंहासनमा वसिरहेका महाराज कुशध्वज साह्रै उज्वल मुखमुद्रामा छन्। वाँया सिंहासनमा सोह्र सिंगारकी भव्य आकृतिकी महारानी लोपा हँसिलो-खुशिलो चेहरामा विराजमान देखिन्छिन्। सभा रमाइलो वातावरणमा देखा पर्छ। यस्तैमा]

चोपदार-[प्रवेश गरेर, दरवारी चालाले लट्ठी टेकी शिरोनत हुँदै] जय जय महाराज! नवै उपनगरहरूका नायकहरूका साथमा यसै मणिनाभ उपत्यकाका प्रधान नायक 'उपस्थिति विन्ती गर!' भन्दछन्। आज्ञा शिरोपर महाराजको ?

राजा— ठीक मौकैमा उपस्थित भएछन्, होइन त प्रधानजी ?

प्र. म.— हो, महाराज! [चोपदारतिर फर्केर] पूर्वी उपनगरमा सबभन्दा परका नायक कुन परेछन् चोपदारज्यू ?

चोपदार—परका ?-पूर्वमा क्रमशः पार्वत्य, किरात, चलाचुलीम र पुण्ड्रसमेत चार उपनगरका प्रधानहरू छन् प्रधानज्यू !

राजा— ठीक छ नि! भगवान् चक्रपाणि संभवतः वंग-सागरकै बाटो रुचाउनुहुनेछ। पुण्ड्रवासीहरू वहांका खूब प्यारा छन् भन्ने सुनेकै छौं। अवश्य पुण्ड्रनगरमा भगवान्को क्षणिक स्वागत नभई छोड्ने छैन। यिनीहरू आइपुग्नु वहुतै अनुकूल भएको छ। जाऊन त काश्यपबाज्ये, प्रवेश गराऊ!

चोपदार—[दरवारी चालाले जान्छ। अनि सबैसँग आएर] श्री पर्वतेश्वर महा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मण्डलाधीश मणिनाभपति मणिचूडमहाभर्तारक स्वामीमहाराज श्री कुशध्वज महाराजाधिराजका समक्ष यस देशका सामन्त, उपनगरका सञ्चालक राजवर्गको उपस्थिति प्रस्तुत गर्दछ यो कंचुकी अन्तःपुराध्यक्ष ! [अनि सबै सामन्त राजाहरू नुहेर बन्दना गर्छन्]

राजा– आउनुहवस्, राजन्यवर्ग ! आफआफ्ना आसनमा विराजित रहनलाई स्वागत छ यहाँहरूको ! [सबै क्रमैसँग एक–एक आसनमा आएर बस्छन् अनि] ज्यादै प्रसन्नता व्यक्त गर्दछ आज यो कुशध्वज । आफ्ना शुभ-सामन्त राजन्यवर्गको यस्तो भेलालाई देखेर नै मणिनाभ अधिराज्यको आज मेला हो भन्ने सम्झन्छ । यसैले आफ्ना शुभ दिनको आगमनको शुभलक्षण मान्दछ ! [हाँस्छन्]

एक सामन्त–महाराजेश्वर, नारायणलाई महालक्ष्मीदेवी टक्र्याउन पाउनाले अपरम्पार, दुर्जेय र सरित्पतित्वशोभा लिएका सागरको जस्तै अगाध गौरव छ हजूरको ! अब महासुन्दरी राजकुमारी वेदवतीको कन्या दान उनै चक्रपाणि शेषशायीका हातमा समर्पण गर्नु भएपछि यसको दशगुना महत्त्व बढ्ने छ ! यस्तो अतिशय शुभलाभका वेलामा पनि हामीले आआफ्ना तर्फबाट बरियातको सुन्दर सत्कार गर्ने सेवा पुऱ्याउन सकेनौं भने अन्यत्रका अगाडि नाक ठडयाउनु नै कसरी र ?– यस्तै छलफल गरी आपसमा सरसल्लाह सकेर उपस्थित हुन आएका हौं । महाराज ! सागरवासी शेषशायी भगवान्को बरियात पूर्वी सागरको उत्तरी कोणबाट पहिले मेरै क्षेत्र भई यता हुनेछ । त्यसैले मैले आफ्ना तर्फबाट पूर्ण सजिसजाउ गराइसकेको छु । बरियातको सन्तोषपूर्ण आगमन हाम्रा क्षेत्रीय जनताले पूरा सत्कारद्वारा गर्नेछन् । त्यसपछि क्रमैसँग भित्र राष्ट्रहरूबाट स्वागतार्थ तंतयारी छ । हामी सबैले निरीक्षण गर्दै निर्देशन दिँदै आएका छौं ।

दोस्रो सामन्त–[प्रसन्न मुद्रामा] गिरिराजचक्रचूडामणिकी पुत्रीको आगामी मासमा हुने शुभ विवाहमा वैकुण्ठाधिपति बररूपमा पाल्नुहुने स्वर्णिम अवसरलाई चलाचुलीय उपनगरले आफ्नो सनातन संस्कार अनुसार पुराण पुरुषोत्तम भगवान्को अभूतपूर्व सत्कार गर्ने निधो र तंतयारी गरेकै छ । यही बोध गराउन समेत हामी उपस्थित भएका छौं महाराज !

राजा– [हर्षसाथ] समयोचित प्रबन्ध गर्नुभो यहाँहरूले ! यो वास्तवमा निहुँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र हो वेदवतीको विवाह त, [गम्भीरताले] खास कुरा त के हो भने यही कारणबाट हाम्रा उपत्यकाहरूले नवीनतापूर्ण विकासको नयाँ स्थिति ल्याउनुपरेको छ । [हाँसेर] तमासा त एक दिन होला, एक क्षण होला, तर त्यसको प्रभाव युगानयुग रहिरहन्छ । त्यसैले आफ-आफ्ना देशवासीको स्तर उठाउने र नूतन कामकाजमा प्रवृत्ति जगाउने यसभन्दा ठूलो अर्को शुभ अवसर झटपटी कहाँ पाउनु र ? तसर्थ [गर्वसाथ] आभिनव प्रगतिका नमूनाहरू प्रदर्शित हुन पाऊन् ! समस्त देववर्गमा यही नूतन उदाहरण हुन जाओस् !

तेस्रो सामन्त-महाराज, किराँत प्रदेशले आफ्नै संस्कार अनुरूपको विकसित नाचगान, खेलतमासा र स्वागतद्वारहरू ठीक गरेको छ । महीनौंदेखि राज्यभर बूढा सुब्बाहरू व्यापकरूपले बन्दोवस्तमा लागेका छन् । चुली-चुलीमा थिमान रोकी-रोकी हेर्नुपर्ने वातावरण तयार गराएका छन्- किरांत-जनताले । हामी पौण्डवर्धनदेखि यिनै विविधताको रमाइलो देख्दै आइरहे-का छौं । बरियातलाई कत्ति असुविधा हुने छैन, महाराज ! [हाँस्दछ]

राजा– त्यसै त हो नि ! आआफ्नो गच्छे अनुसार सुलभ साधनले विकसित भएको नवीनता नै दिगो हुन्छ । [हाँस्दछन्]

चौथो सामन्त–पार्वत्य उपनगरहरू पूरापूर सिंगारिएर महीनौंदेखि नववधू त तिनै भैरहेका जस्ता छन् । तेत्तिसै कोटि देवहरू बरियात आए पनि हामी कमी हुन दिनेछैनौं भने फैं फरिक्कुट्ट र कोरीबाटी छन् । हाम्रा जनताको चाह अनुसार त अवश्यमेव भव्य स्वागत हुनेछ । बरु महाराज-बाट आवश्यक निर्देशन प्राप्त गर्न मात्र हामीले उपस्थिति टक्र्याएका हौं । आगामी महीनाको पौर्णमासिका शुभदिन स्वयंवर पक्कै हुने भयो रे भन्ने सूचना अनुसार हामीले अग्रसूचन गरेका छौं । [हाँस्दछ]

राजा– सब ठीक छ । श्रीचक्रपाणिका तर्फबाट महर्षि नारद आएर फर्कनु भएकै पनि दुई सप्ताह भैसकेछ, हामी यही खुशीमा मग्नमस्त छौं । राज्य, अधिराज्यमा जताततै रामरमाइला कार्यक्रम मात्र चालू छन् रे भन्ने सुन्नमा आएको छ । [हाँस्दै] म त तपाईंहरू सबैदेखि पूर्ण कृतकृत्य छु । मेरातर्फबाट अरू केही पनि निर्देशन छैन पनि । हो, यस्तो अभूतपूर्व विवाहको शुभभेलामा अभूतपूर्व सत्कार गर्न कसैले पनि नचुकिदिनुभए म त के सम्झन्छु भने, वेदवती मेरी मात्र छोरी होइनन्; पूर्ण राज्यकै पुत्री हुन् ।

जिज्ञासा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुज्यू– महाराज, निगम–आगम सबै शास्त्र यसै भन्छन् ! महाराजबाट श्रुति-स्मृतिकै अनुकूल आज्ञा भएको छ । सामन्त राज्य र अधिराज्यका जनता यसमा पूर्ण सहमत छन् । यस कुराको प्रतिवेदनहरू सर्वत्रबाट हामीकहाँ आइसकेका छन् । वरियातीहरू स्वेच्छानुसार जुन उपत्यका वा शिखर वा व्यासीमा जहाँनेर वस्छु भन्छन्, अलग-अलग प्रबन्ध गरिएको समाचार छ । ती कुनै प्रकारले अकृतार्थ हुन पाउनेछैनन् भन्ने प्रवन्धकर्ताहरूले खवर गरिसकेका कुरा महाराजमा यसै सभामा बोध गराउँदछु !

प्रधान– 'नारीयणी सैन्य र वैष्णवी सेना मणिनाभ उपत्यकामा; सप्तर्षिमण्डल, सप्तर्षिवृन्द र देवर्षिवृन्द समेतका चक्रपाणिको विराजमान यही मणि-चूड शिखरमा; अन्य देववृन्दमा जहाँ-जहाँ स्वेच्छासाथ विराजमान हवस्, त्यसको प्रवन्ध भइसकेको छ' भनी देवर्षिलाई निवेदन गरिए अनुसार प्रवन्ध सुचारुरूपले भएकै छ । कुनै किसिमको अभावले पीडा वा बाधा आइपर्ने छैन भन्ने हामीले विश्वास गरेका छौं । अब बरु यहाँहरूको एउटा मण्डल गठन गरी जाँचवुझ गर्नुपर्छ होला भन्ने आग्रह व्यक्त गर्दछु म ।

महारानी-महाराज ! सुजनतावश प्रधान मन्त्रीज्यू आग्रह गरिरहनुभएको देखिन्छ । त्यसै हुनुमा कुनै हानि छ होला त ? किनभने, त्यस्तो महान् वरि-यातमा महाव्यक्तित्वहरूकै भेला हुँदा जे-जस्तो समुचित प्रबन्ध ठानिएमा पनि छिद्रहरू नरहलान् भन्न सकिन्न । त्यसैले राजवर्गको दृष्टि पर्न गएमा अनर्थका कारणहरू अवशेष भइदिन्छन्, होइन र ?

राजा– सदासर्वदाका विश्वनेता भगवान् विष्णुका दाँया अंग झैं रहने अव्याहतगति नारदजीले स्वयं चक्कर लगाई-लगाई हेर्नुभएको स्थलमा हामी सामान्य नरका स्थूल दृष्टिले के पो भेट्टाउन सक्ला त ? त्यसमाथि वहाँहरू सबै नै तल्लीन वनेर त्यसैमा लाग्नुभइरहेकै छ भने हामीले बढी चियाउन खोज्नु सुन्दर पनि होइन, श्रेयस्कर पनि होइन ! महा-रानी, दिलैदेखि गरिएको कुरा सर्वाङ्गसुन्दर हुन्छ, त्यसमा बढी खोजी-नीति गर्दा गर्नेहरूको रचनात्मकतामा खल्लोपना पनि त आउन सक्तछ नि ! होइन र ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुज्यू- यसै हो राजन् ! सर्वथा अनुकूल विचार गर्नु भएको छ महाराजले- वहाँहरू सबै मिलेर यत्रतत्र भ्रमण, निरीक्षरण र निर्देशन गर्न पनि रुचाउनु हुन्न । वरु यहाँहरूमै आफूखुशी छरिएर घुमफिर गरी-गरी सुझावहरू दिनुहोला । यसो गर्दा उत्साह र प्रेरणाले स्थान पाउला !

राजा- हो ! गुरुज्यूको उपदेश नै सर्वथा उपयुक्त होला !- यसै गरिदिनुहोला प्रियजन ! [मग्नसाथ हाँस्छन्]

चोपदार-[प्रवेशान्तर लगत्तै] महाराज, दण्डकपारको महान् असुर नेता शुम्भ दैत्यले विदर्भदेखि निवार, चेदि, कौशाम्बी, दुशीनारा, कोशल, काशी, विदेह आदि हुँदै अगाध सेनासाथ महाआतङ्कले हाम्रा प्रदेशहरूमा महामारी रूपले हाहाकार गराउँदै हमला गर्दै आएको छ भनी पीडित अंगभंगहरू प्राणसम्म ल्याइपुऱ्याएको भनी उपस्थित छन् द्वारमा ! जो आज्ञा !

[राजा जुरुक्क उठ्छन्, अरू पनि जुरजुरती उठ्छन् । सभा भंग हुन्छ]

❀

दृश्य दोस्रो: पटपरिवर्तन । स्थान: मणिचूड राजसभा ।

[राजसभाको विशेप छलफल पछिको अन्तिम चरणमा निर्क्योलको निमित्त विचारविमर्श चल्दैछ । आत्मरक्षा, प्रतिरक्षा र राष्ट्ररक्षाका विविध उपायमा चर्चा चलिसकेको छ । केवल राजनिर्णय र घोपणाको निम्ति सब लालायित देखिन्छन्]

राजगुरु- विना आत्मरक्षा केही पनि गर्न सकिन्न ! त्यो त सर्वप्रधान कार्य नै भो । प्रतिरक्षा बिनाको विक्रमण पनि आक्रमण पनि खँदिलो बन्न सक्तैन । राज्यरक्षा त झन् सर्वोपरि महिमापूर्ण कर्तव्य नै भैगो । यसैले यी सबै कुरा ध्यानमा राखी अकारण आतङ्क छर्दै आएको दैत्यको सामना गर्नु पर्नेभो ।

प्र. सेनापति-गुरुज्यूको विद्वत्तापूर्ण सुझाउले हामीलाई अवश्य युद्धमा जोश मात्र हैन, होश राख्नुपर्ने तिर पनि ध्यानाकर्पण गराइरहने छ । परन्तु यो पूर्वसूचित आक्रमणको विषय नभएकोले र हामीमा पूर्वयोजना पनि नभएकोले आतङ्कवादी राक्षसी नीतिसँग सामना गर्न निक्कै कठिनताको अनुभव हुन्छ । यसै त वीरतामा हाम्रा सैनिक कमजोर रहने छैनन् ! दानवी सैन्य असंख्य छ रे भन्ने थाहा भएको छ । जतिसुकै होस्, समस्थल भूखण्डको त्यो सेना यी पर्वतीय खण्डमा त्यत्तिकै आतङ्क मच्चाउन सक्ने छैन । राक्षसराज शुम्भ पार्वत्य प्रदेशबाट जिउँदै फर्कन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त अवश्य पाउनेछैन । तैपनि हामीले सुने अनुसार धर्मयुद्धको त रूपरेखै रहन्न रे ! त्यसैले बढी सजग रहनुपर्ने हुन्छ हामीले ।

रक्षामन्त्री–यसैले कपट युद्धमा अनिपुण हाम्रा सैनिकलाई विक्रामक युद्धतिर भन्दा आक्रमक युद्धमै बढी सक्रिय तुल्याउन निर्देशन र तालिम दिनुपर्ने देखिन्छ । साथै शत्रु सेनालाई ज्यादा बर आउन पनि दिनु भएन र आक्रमण पनि चारै खुटबाट लगातार गरिनुपर्दछ । कुनतर्फ बढी दृष्टि दिनुपर्ने हो भनी शत्रुले अन्दाजै नपाओस् ! प्रत्येक किल्लामा सूचना पठाइसकिएको छ हिजेदेखि, त्यसैले गौंडा–गौंडामा सखाप पार्ने गरी हामीले शत्रुमाथि विजय पाउन सक्नुपर्छ ।

प्र. म.– यी बस कुरा भईकन पनि दानवसेना निक्कै संख्यामा भएको र युद्धनीति भन्दा लूटमारको नीति बढी प्रयोग गर्ने हुँदा हामीले अत्यन्त सतर्क रहनै पर्ने हुन्छ । मैले बुझेसम्म के छ भने दानव व्यवहार सीमै नभएको अभद्र छ रे ! युद्ध नीति कहाँ हो र ? आक्रान्त पार्ने नीति हुनाले पनि गाह्रो देखिन्छ । महीनौंदेखि रामरमाइलो र मग्नमस्तीमा लागिरहेको अवस्थामा अचानक आइपरेको संकटले हताशिलोपना भर्ने हुन्छ । खास कुरा त हामीले एकत्र पारी युद्धसम्बन्धी कारण, आक्रामकहरूको प्रकृति र व्यवहार, उसका कमजोरीहरू, हाम्रा कमीहरू सब थोकमा आवश्यक दिग्दर्शन गराउने औसरसमेत पाएनौं । मुख्य कुरा त, शत्रुको अकारण आतङ्क र मारपिट गर्ने नीच नीतिसँग हाम्रा वीरहरू होशियार रहन र त्यसको प्रत्याक्रमण गरिहालन सक्लान् भन्ने लाग्दैन। साम,दान,दण्ड, भेदको कुनै व्यवहार काम लाग्ने देखिन्न । शठसँग शठताकै व्यवहार गर्नुपर्दछ । यसर्थ हामीले छिटो भन्दा छिटो आक्रमण गर्नुपर्ने छ ।

राजा– यी सब कारणले हामीले अब ढीला गर्नु वढी जनतालाई पीडित पार्नुपर्ने हुन्छ । त्यसैले भोलि नभनी तुरुन्तै सैन्य सञ्चालन गरिहालौं र प्रतिकार भइजान्छ । ली, सेनापतिज्यू, युद्धदेवीको आमन्त्रण गरिहाल्नोस् ! हाम्रो धर्म वीरता हो, यसमा बिस्तुर पर्न दिनु उचित हुन्न !

[सैनिक-बाजा बज्न थाल्दछ]

❀

दृश्य तेस्रोः युग-परिवर्तन । स्थानः मणिशिखर ।

[गाउँको कुनै एक घर-पिंडीमा तीन-चार जना बसिरहेका, आपसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वार्तालाप चलिरहेको, शान्त र गम्भीर मुखमुद्रामा सबै छन्। धर्मराउँदो मुण्टो हल्लाउँदै बूढा मामा बताइरहेका, अरू सुनिरहेका]

बूढा मामा– भान्जाबाबु, आज तपाईंले जुन भग्नावशेषहरू देखेर आउनुभो, त्यो मणिचूड मन्दिर–अर्थात् राजाधिराज कुशध्वजको राजभवन थियो। त्यो फेदीको (तलतिर हातले देखाउँदै) फाँट मणिनाभ शहरले ढकाढ्क थियो। पर्वतेश्वर महामण्डलको राजधानी यही थियो अंग सामन्तदेखि जम्बू सामन्तसम्मका सम्पूर्ण राज्य र राजाहरू उनैका अधीन राज्य गर्दथे। पौण्ड्र, पार्वत्य, किरातहरू तत्कालका अतिप्रसिद्ध वीर जातिमा ख्याति पाएका थिए। त्यसबेलाको चकचकी के बयान गर्नु र भान्जा !

आगन्तुक– मामाबाज्ये, कुरा त केही सुनेकै हुँ। तर आँखैले देखिएको बयान सुन्ने भाग्य आजै मिलेको छ। संक्षेपमा त्यो दुर्घटना सुन्न मलाई बढोरहर छ। भगवती देवीको वर्णनमा शुम्भवधको कथा सुन्न पाइयो। तर त्यसले यस इलाकामा के–के गऱ्यो, त्यसको उल्लेख छैन। अनि वेदवतीको जीवन–कहानी पनि हजूरलाई सबै थाहा होला ? त्यो पनि सुन्न पाऊँ न !

बूढा मामा– ठीक भन्यौ भन्न त बाबु ! तर ती सुखका कुशध्वजका दिन र ती दुःखका वेदवतीका दिनको सम्झना हुँदै नै यो मुटु छियाछिया बन्न थाल्छ। मेरो त अब कति दिनको पाहुनापन होला र ? एक सयको दिन काटेकै पनि दुई वर्ष पुग्न लागिसक्यो अब ! जनातिहरू पनि किशोर बनिसके त, किन यसरी बाँचिएको हो, थाहा पाइएन ! एउटा जनातिको बिहेसम्म त बाँच्ने नै भए भन्ठान्छु। –अँ त, भान्जाबाबु ! गिरिराज चक्रचूडामणि इत्यादि सम्मान पाएका कुशध्वज भारतवर्षका महान् राजाहरूमा एक थिए। उनको प्रभाव सागरसम्म पनि अत्यन्त गौरवशाली थियो।

आगन्तुक– अनि मामा ! यस्तो पर्वतीय राजा सागरनिवासी विष्णुजीसँग सम्बन्ध कसरी भयो उनको ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बूढा मामा– त्यही त, कुशध्वज राजाको प्रताप खूब थियो । उनको शासनव्यवस्था र उदारतामा संसारभरिका मानिस प्रशंसा गर्दथे । बाबु अनुसारकै छोरी जन्मिन् सर्वलोकसुन्दरी । दिनदिनै वेदवतीको सुन्दरता अनुसारकै शील र गुणले झन्–झन् चमक थप्न थाल्यो । शान्त प्रकृतिकी राजकुमारी वेदवतीको मुख देखेपछि जस्तै मै हुँ भन्ने मानिस पनि निहुरिइहाल्दथ्यो । एक दिन महर्षि नारद आइपुग्नुभयो । विष्णु भगवान्का तर्फबाट महर्षिले वेदवतीको कन्यादान माग्नुभो । साक्षात् लक्ष्मी जस्ती वेदवतीले पनि स्वीकार गरिन् । महर्षिको आवतजावत र विवाहको अठोट पनि भो । तेर्त्तीसै कोटी देवता जन्ती आउने भए । राजा कुशध्वजले आफ्नो राज्यचक्रभर उत्सव मनाउन तीन महीना अघिदेखि रामरमाइलो गर्ने र राज्यका कर्मचारी सैनिक सबलाई विवाहको सजिसजाउ गर्न छुट्टी दिए । आफूखुशीले राष्ट्रभर सजिसजाउ हुन थाल्यो । हरेक कोटकिल्लामा स्वागत-आवास भवनहरू तयार भए । कहिल्यै नदेखिएका र नसुनिएका चीजहरू मणिनाभमा खचिखचाउ हुन थाले । जता हेर, आदन्दै आनन्दको वर्षा थियो । ठीक एक दिन, तीस दिन बाँकीमा महानदी पारको दानवराज शुम्भले यस क्षेत्रमा हमला गर्‍यो । त्यो दानव देवविरोधी थियो, त्यसको व्यवहार साह्रै अधम थियो, नीच भन्दा नीच तरीकाले त्यसले अवध, कौशाम्बी, कोशल आदि देश र राजाहरूलाई खतम पार्दै आएको थियो । कहिले, कसरी, कसलाई, किन आक्रमण गर्ने भन्ने कुराको निधो र अन्दाजै कसैलाई थिएन ।

आगन्तुक– फौज त साह्रै ठूलो होला असुरहरूको ? होइन त मामावाज्ये ?

बूढा मामा– असंख्य फौज थियो, त्यो पनि धार्मिक अनुशासनमा लड्ने हो र ? होइन ! –अगाडि परेको स्त्री, बाल, वृद्ध सबै आक्रमणमा पर्थे काटिन्थे, जिउँदै झुण्डयाइन्थे, छाला काढिन्थे ! महा भयानक आतङ्कले यमलोक जस्तो देखिन्थ्यो, ती सब यमदूत झैं थिए ! –कुशध्वजले त्यो पशुसैन्य-पति शुम्भसँग निहुरन चाहेनन् । खास त निहुरिएकै भए पनि क्षमा, दया र करुणा निस्पट्ट भएको त्यस राक्षसबाट झनै नराम्रो व्यवहार हुन्थ्यो, त्यसैले युद्धै चलाए । पच्चीस दिनसम्मको युद्धमा असुरसैन्य पनि असंख्यै ध्वस्त भो । हाम्रो पनि नाश भो । आखिर कुशध्वजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्मयुद्ध पापी शुम्भको कपटयुद्धसँग हार्ने थिएन होला । तर के लाग्छ र ! राजा कपटले मारिए ! असुरले स्वाहा पारे !

आगन्तुक– होइन मामावाज्ये, राजा त कपटयुद्धले खतम भए, तर अन्य सामन्त राजा र वीरहरू थिएनन् र ?

बूढा मामा- के सोधेका होलान् बाबुले पनि छि: ! जब प्रमुख नै नरहेपछि अव्यवस्था हुने नै भो नि ! –यस्तो सम्भव हुन्छ र भान्जाबाबु ? अरू ठिनामिनाले गरेकै भए पनि सार लाग्ने थिएन त्यस बेला ! नङ्गीनाच चलेको थियो, हाहाकार चित्कार सिवाय सुन्ने कुरा अर्को थिएन । त्यसमाथि शहर, गाउँ जताततै सल्काइएको थियो । शत्रुबाट बच्नु कि आगोबाट बच्नु बाँच्न पाउनेले भन त ?

आगन्तुक– हो ! त्यो कल्पना गर्न पनि नसकिने दुर्दशा थियो मामा ? के लाग्छ, त्यस्तो दिन पनि आइलाग्दो रहेछ ! विचरा, फलेफुलेको साम्राज्यको त्यस्तो अशोभनीय दशा !

बूढा मामा– सर्वत्र असुरहरूको आतङ्क र अग्निकाण्ड चम्किगो ! रानी लोपाले खोपीमै अग्निकुण्ड सल्काएर आफ्नो सतीत्व रक्षा गरिन् । वेदवती राजकुमारीलाई प्रधान गुरुज्यू वृद्धले कहाँ कता पुऱ्याएर लुकाए ! मणिचूड भवन असुरहरूले आगोमा स्वाहा पारे ! त्यही अवशेष तिमीले देखेर आयौ !

आगन्तुक- त्यत्तिकैमा असुरहरूको दिग्विगी त सकिएन होला ? यस भन्दा पूर्वतिर ती गएनन् जस्तो भान हुन्छ । हो त मामाबाज्ये ?

बूढा मामा – कहाँ पूर्वतिर जानु र तिनीहरू ? मणिभवन समेत आगो सल्काई लुटपाट मारमुङ्ग्रीकै मोजमस्तमा सप्ताहभर यस उपत्यकामा अग्निकाण्ड चलाउँदा-चलाउँदै भगवती दुर्गादेवीले हिमाली उपत्यकाबाट छेकाबार हानेर दूतहरूद्वारा शुम्भलाई हाँक गरिछन् । सब सोलोलो बनेर दुर्गाभवानीतिरै कम्टन पुगिगए। वेदवती अजिङ्गर गुफामा पसेर बचिछन् । बूढा धर्मगुरु पनि त्यतै भेटिएर मासिए रे !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगन्तुक–अनि त मामाबाज्ये ?

बूढा मामा– अनि मृत्युशोक र लुकेछिपेका मानिसहरू फाट्टफुट्ट देखिन थाले । मान्छे पनि के हुनु र ? सबै जसो स्वाहै भए ! – मेरो कुरा गरन वाबु ! म चौधै वर्षको थिएँ । युवाजोशमा अत्याचारको विरुद्ध खुँडा वोकेर 'दश आठ असुर नमारी त मर्दिन !' भन्दै गएको, लुकीछिपी तीनौटालाई मार्न त गारें तर त्यही तेस्रोले हानेको तरवारले ताछेको मेरो कन्पारो यही हो [कन्पटी देखाउँदै] यीः लौ हेर ! मेरो एकातिरका कान छैन, देखिहाल्यौ खत ! – तै कसो कसो, त्यो त खुँडाको मारले ढालिगएछ, म त्यताबाट हुत्तेर पहरोभित्र गएर ढलिछु, दश दिनपछि होश आएर घिस्रँदै-पस्रँदै घरसम्म आइपुगेपछि जडीबुटीले निको पनि भो, बाँचें पनि । मेरा घरमा तीन जना दाजु, तीन जना काकाहरू र बा' समेत सात जना त्यही युद्धमा हराए, आठौं म चाहिं रहें । कोही भाले उमेरका बचेनन्, पोथीमा पनि ताकत भएका जति त्यसमै स्वाहा भए । सक्तैनसक्ने जति भागी-भागी बच्ने जति थिए, त्यो पनि असुरहरूका आँखामा नपरेकासम्म । रुन पनि आंसु आउन्न वाबु, अहिले ती कुरा सम्झँदा ! तैपनि बाँच्न मन लाग्दो नै रहेछ हेरन मैलाई !

आगन्तुक–हो मामाबाज्ये ! हामी सुन्नेलाई त मन थाम्न यस्तो कठिन छ ! तपाईं त आँखैले देख्ने के नि ?

बूढा मामा–रानी सती गइन् । आमावाबु आफन्त भन्ने कोही नभएकी राजकुमारीमाथि दुःखै दुःख आइलाग्यो ! आइमाईहरूले अजिङ्गर गुफावाट विहोश भइरहेकी वेदवती कुमारीलाई वोकेर ल्याए । यहाँ पाँच–सात छाप्रा जलेर बाँकी भएका थिए । हामी पनि थियौं, तिनलाई ओखतीमूलो गरेर तैयार त भइन् तिनी, तर मणिहराएकी नागिनी जस्ती, मन हराएकी बहुलाहिनी जस्ती वनेर तीन महीना जति बितेपछि ठीक जस्ती भइन् । हामीहरू सबले भेला भएर सम्झाउँदा पनि हाम्रो नेता वनेर बस्न रुचाइनन् । वरु बाबु कुशध्वजको इच्छा पूरा गर्न तपस्या गर्छु भनी तपस्या गर्न थालिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगन्तुक–यति कुरासम्म त मैले सुनेकै हुँ, तर यस किसिमले होइन । यस-पछिका उनका कुरा कोही पनि बताउन्नन्, किन होला मामाबाज्ये ? कि तिनी पनि अकालमै त मरिनन् ?

बूढामामा–उनको जिन्दगीको कुरा झन्-झन् दुःख लाग्दैछ बाबु ! त्यसैले कोही पनि हम्मेसी कथा सुनाउने आँट गर्दैन । तिमीले ज्यादै चाख राख्यौ र, म सुनाइदिन्छु नि जति पाप्रा उप्कने भए पनि !

आगन्तुक–हजूरको शेषपछि यी कुरा दन्त्यकथा बन्लान्, तर मलाई त दुःखकथै हुन्छन् नि मामाबाज्ये !

बूढा मामा–ठीक भन्यौ बाबु ! – मेरै निम्ति पनि यी घटना सपनासरि भइसके अब त ! – वेदवती राजकुमारीका अरू दुःखका घटना पनि सुनि-राख ! – अनि उनले तपस्या शुरु गरिन् । पहिले-पहिले यतै जंगल, पछि-पछि पहरा र कन्दरा, झन्-झन् पछि भएपछि हिमकन्दरा र हिमानी खोंचतिर समठ कस्न थालिन् । जति-जति दिन, महीना र वर्ष बित्नथाले उति-उति कडा तपमा मग्न रहनथालिन् । जति तपोमग्न रहन थालिन् उति अन्न समेत आकलझुक्कल लिने बनिन्, कोही दयालु गाउँलेले प्रेमसाथ लगिदिए खाइदिन्थिन्, नत्र भने दूध चाहिँ कहिल्यै पनि उनलाई हामीले टुटाइदिएनौं । नित्य-निरन्तरको उग्र तपस्यासँगसँगै उनी भगवान् सूर्यको बिहानी रूप जस्ती चमकदार ओजस्विनी बन्दै गइन् । उनको अखण्ड जस्तै समाधिले उमेर चर्केर जानुसट्टा झन्-झन् चर्केर आयो । यसै पनि वेदवती रूपलावण्यले स्वयं महालक्ष्मी छन् भनी महर्षि नारदले भन्नुभएको सुन्नेहरू अब त छैनन्, उनीहरू बाँचुन्जेल भन्दैगर्थे ! म त कहाँ भन्छौ बाबु, जति दिन बिते उत्तिकै परमसुन्दरी हुँदै आएकी देख्दथें । उनको दर्शन गर्न पाएको दिन मेरो जीउ यति चङ्गा हुन्थ्यो कि धेरै पटक त्यस दिन खान्नथें रे ! अघाएको पेटमा भोक भनेको चीजै पस्न पाउँदैनथ्यो, मेरा जहानबच्चा भन्थे– म भोलिपल्टसम्म त अवश्य हाँसिरहेको देखिन्थें रे ! त्यो सब पवित्र तपस्याको प्रताप थियो भान्जा ! चरित्र र खानपान नियमव्रतमा अघोर बल पनि हुँदोरहेछ, आयु र उमेर पनि लामै हुँदोरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगन्तुक– मामावाज्ये, हजूरको यति लामो शतपुण्यको कारण पनि यस्तै छ कि ? मलाई त यस्तो लाग्न थाल्यो नि ?

बूढा मामा– ठीकै भन्यौ त ! हप्ताको एक पटक पालो पर्दथ्यो । एकाध वर्षपछि-देखि दुई पटक, पाँचेक वर्षदेखि हप्तामा सबभन्दा बढी तपस्विनी भगवतीको दर्शन गर्ने मै हुन्थें होला ! त्यसैले त मेरो खानपान र चालचलनमा आत्मसन्तोष बढी रह्यो र म दीर्घजीवी पनि रहें ! अर्को कुरा मलाई प्रायः सुख-दुःखले छुँदैनन् पनि । व्यवहार मिलाउन मात्र म भाग लिन्छु नि भाञ्जा ?

आगन्तुक- त्यसो हुनसक्छ मामावाज्ये, संयम भनेकै सर्वश्रेष्ठ चिज़ हो नि ! –ऋषिमुनिहरू बढी निरोगी र चिरञ्जीवी हुन्छन्, संसारी अरूहरू कम बाँच्छन्, बढी रोगी हुन्छन् । प्रमाण यही नै भो नि ! –अनि त मामावाज्ये, ती राजकुमारी बोलचाल र व्यवहारका कुरा गर्दिनथिन् कि ?

बूढा मामा– बढी पीर वा वियोग परेको मानिस गई नमस्कार गरेछ भने सिद्ध-वाक्य झैं 'परमेश्वरका हे भन्नु ! कुनै कुरा पनि धैर्यसाथ भोग्नुपर्छ है !' कोही रोइदिएछ भने– 'दयालु मान्छे ! तिमीले मेरो सुखलाख देखेर ईर्ष्या गरेका ? म कति सुखी छु, मेरो मुख र जिन्दगीका कुरा थाहा पाएनौ ? धत्तेरिका ! नबुझदाखेरि म खूब तिमीले जस्तै भगवान्का अगाडि रोइदिन्थें, बुझेपछि आँसु खै कता बाफिए कता ! अब म कति रमाइली छु– मलाई हेरेर बुझन सक !' भनी मरीमरी हाँसिदिन्थिन् । उनी यसरी हाँसिदिन्थिन् कि त त्यो रुने मान्छे नहाँसी सक्तैनथ्यो । ऊ हाँसेपछि आफ्नो धुनीको खरानी लगाइदिन्थिन् र भन्दथिन्– 'मेरो सबभन्दा प्यारो तिमी भयौ ! लौ जाऊ, अब रुवाइ आउन नदेउ ! फेरि रुनुपर्ने अवस्था आउने हैन तिमीलाई ! आइहालेछ भने तयारी साथ यहीं एक रात बस्ने गरी आए ! है ! –मलाई सम्झ र व्यवहार गर जाऊ !' त्यसपछि रुने मान्छे मैले कोही देखिनँ । उनको बचन नाघ्न को सक्थ्यो र रुन्थ्यो नि भाञ्जा !– त्यो मानिस फेरि उनीकहाँ रुन पनि कोही पुगेन होला । त्यसैले चारै खुटका मानिस 'आनन्दकी देवी, सुखकी राजकुमारी' भन्दथे, हुन पनि त्यसै थिइन् !– तर त्यस्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध आत्माले पनि सुखले मर्न पाएन के गर्नु र !
[मामाबाज्ये गम्भीर बनेर आँखामा गब्जेका आँसु पचाउन खकार्दै उठ्छन् । आगन्तुक हेरिरहन्छ]

आगन्तुक– [निक्कै छिनपछि] तिनी कति वर्ष बाँचिन् मामाबाज्ये ?

बूढा मामा– कति भो र, भरखर आठेक वर्ष त भो नि खरानी बनेकी राजकन्या ! बाबु म चौध वर्षको थिएँ, उनी अठार वर्षकी थिइन् त्यो आतङ्कको बेला । मेरो मोटामोटी हिसाबमा उनले अन्ठान्नब्बेको उमेरमा सती हुनुपऱ्यो । तर बाबु, मेरा आँखा अब तिरमिराउन खोज्न थाले, दाँत सबै क्रमैले फेरिइसके, कपाल पनि अझै काला हुँदै आउलान् कि, त्यो त पक्का भएन- तर उनी अठ्ठार-बीस वर्षकी मस्त तरुनी नै थिइन् बल्दा पनि ! नत्र राक्षसराज रावण किन लोभिन्थ्यो नि, पापिष्ठ कहाँ को ?

आगन्तुक- ओहो ! अन्ठान्नब्बे उमेरको मान्छे मस्त तरुनो ? अचम्म मात्र हैन, साह्रै अद्भुत कुरा भो है ! [पिंढीमा बसेर सुनिरहेका रिसाएर क्रुद्ध आँखाले आगन्तुकतिर हेर्छन् । त्यो अन्दाज गरेपछि ऊ पनि केही डराउँदो मन पछि । बूढा मामा अलि घृणा जस्तो भावले उसलाई हेर्छन् । अनि-] होइन, मामाबाज्ये, मेरो भनाइमा कुनै अविश्वासको भाव होइन, अचम्म लागेरै मात्र यसो भनेको हुँ । हजूरहरूलाई अश्रद्धा गऱ्यो कि जस्तो लागेछ, तर आनन्दकी राजकुमारीको एक पल्ट दर्शन नपाउनु मेरै पनि अभाग्य हो, यही सोच्दा मैले केही विहोशीमै भनेछु, क्षमा माग्दछु यहाँहरूसँग ! [अनि निहुरेर बस्छ]

बूढा मामा– जब हामी आँखैले देख्ने, सेवासहयोग गर्ने, हरेक कुरामा हरेक दिन जस्तै वरिपरि घुमेर पहरा दिनेहरू नै हामी अचम्म मान्दैछौं भन्दा पनि बाबु शंका गर्नुहुन्छ त ! – हामीलाई विश्वास नभएर हो कि भन्ने ठाने यी श्रोताहरूले पनि ! अब बाबुलाई विश्वास पर्नु नपर्नु-सित हामीलाई मतलब छैन ! बरु खास कुरासँग मतलब राखौं ! [अरूहरूतिर मुखातीब भएर] अब तिमीहरूमध्ये सुन्ने सबै छौ, देख्ने जति छौ, तिनले भनिदिनू, देवी वेदवतीमाथि आआफ्नो भाव कस्तो थियो र अझै कस्तो छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक- [बाईस पच्चीस वर्षको युवक] सबैलाई लट्ठ पारिदिने महालक्ष्मी साक्षात् थिइन् के नि, कान्छा जिजुवा !

दोस्रो- [अठार उन्नाइसको युवक] 'शुक्लां ब्रह्मविचार-सारपरमां आद्यां' भनिने सरस्वतीभन्दा कम थिइनन् के ?

एउटी- [तीसबत्तीसकी केटी] मेरी बीस वर्षे बहिनीभन्दा बैंशालु थिइन् नि ! अहा, अब कहाँ पाउनु त्यस्ती निखरा भगवती तपस्विनीको दर्शन ? हामी अभागिनी रहेछौं, कान्छा हजूरबा !

अर्की- म त अहिले पचास तुर्न लागें ! हजूरबाको अगाडि यसो भन्नु शरमको कुरा हो ! तैपनि, मलाई त आफ्नो उमेर, बैंश, चरित्र, सबथोकसित घीन लाग्छ उनको अगाडि ! [निहुरन्छे]

आगन्तुक [हतपताउँदै] दाजुभाइ-दिदीबहिनी र आमाहरू ! मलाई माफ गरिदिनोस् ! मैले अविश्वास पक्कै गरेको होइन !-यसरी म जिउँदै लाश बन्नेछु; कृपा गर्नोस् !

बूढा मामा- ठीक भन्यौ बाबुले ! तर त्यस्तो नपरोस् भनेरै मैले गुहारेको हुँ यिनलाई ! - कहीं म पवित्र आत्माप्रति अनास्था उब्जने बोली बोलुँला कि भनेर खूब डराउँछु नि ! त्यसैले- भैगो, भैगो !

आगन्तुक- त्यसैले मामाबाज्ये ! ती सतीमाथि अझै श्रद्धा र भक्ति जागोस् मलाई ! त्यसको निमित्त उनको शेष दुःख-सुखका कथा बताइदिनोस् !

बूढा मामा- त्यसपछि विश्वका सर्वोत्तम चिज लुटेर आफ्नो लङ्कामा जम्मा गर्ने रावणको कथा सुनेकै छौ बाबुले। त्यही भित्रीलोक पनि हुँ भन्ने घमण्डी रावणले उनको रूपलावण्य र तपश्चर्याको सुइँको पाएछ। एक दिन कुबेरजीसँगबाट लुटेको विमान लिएर यही गोस्वामी तीर्थको तपस्थली-मा आइपुगेछ। सुन्दरतामा लोलुप त्यस अधम राक्षसले 'विश्वसुन्दरी तिमी त्रिभुवनपति मेरो पत्नी बन !' भन्ने प्रस्ताव राखेछ । उनले अस्वीकार गरिछन्। रावणले बलफतै लाने चाँडो मिलाउन तीन दिनको म्याद दिएछ। भोलिपल्ट त छापछापती रावणका पहरादार चारैतिर भरिए। हामीले भएभरका हातहतियार साथ तपस्थलीको भित्रीभागमा घेरा हालेका थियौं। बच्ने र भाग्ने अर्को मुक्ति पनि हुन सकेन उनको निम्ति। फेरि शताब्दी अघिको झैं जनता स्वाहा हुने भो भन्ने देखेर उनी आफैंले आश्रमभित्रै चिता बनाएर आफैंले सल्काएर सती भइन् ! बाबु, अरू के सुन्छौ अब ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आगन्तुक– [निन्याउरो मुख र रसिला आँखाले बसाइको ढङ्ग बदलेर] हरे, दुर्दैव ! सुन्दरता पनि शत्रु रहेछ संसारमा ! मामावाज्ये, म के सोधूँ अब ?– अब धैर्यले पनि काम गर्न छोडेजस्तो लाग्यो– यस भेगको अभाग्यको कहानी सुन्दा-सुन्दा ! तिनलाई अन्तिममा आश्वासन दिने पनि कोही भएनछ हो कि ?

बूढा मामा– उनलाई आश्वासन किन चाहिन्थ्यो र त ! उनी स्वयंले नै बरु विश्वभरका देवदेवी नरवानर सबैलाई आश्वासन दिएर आफ्ना शरीरमा आगो लगाइन् नि !

आगन्तुक– त्यो कसरी, मामावाज्ये ?

बूढा मामा– हामीलाई के थाहा, भित्र चिता दन्दनाउन ठीक रहेछ, आफूलाई र दाउरालाई घिउमा लटपट्याई वरी चितामा विराजमान भएरै उनले रावणलाई सराप गरिन्, अनि पो त हामीले सुन्न पायौं- "ए त्रिलोक पनि हुं भन्ने राक्षस ! यस चितामा म जलेपछि जुन जुनीमा पुगूँ, त्यो जुनी मेरा तप र धर्मका प्रभावले यो जुनीभन्दा सुन्दर, गुणमय र त्रिलोक-ख्यात हुनेछ ! त्यही मेरो उब्जनी नै तेरो खानदान र तेरा समर्थक जतिको सर्वसंहारको मूल कारण बन्नेछ ! यो तपोमय अग्निद्वारा नै चिता तुल्याई यसमै म जल्दैछु ! म यज्ञकै कारणवाट जन्मन पाऊँ हे अग्निदेव ! रावणवंश निर्मूल पार्ने कारण बनेर उब्जन मलाई त्यस जनममा मद्दत गर्नुहोला ! यस शरीरलाई अब छिटो भन्दा छिटो खरानी बनाइदिनोस् !" अनि भाञ्जाबाबु, एकै पल्ट सालधूप बलेझैं आश्रम भित्र–बाहिरै आगो दन्क्यो । हामीले ढोका फोरुञ्जेल त सुख आनन्दकी रानी त खरानी मात्रको–भुंग्रोमात्रको रापमा दर्शन पायौं !!! लौ ! हाम्रा जीवनका घटना यिनै हुन् ! तिमीलाई दिने सौगात यिनै भए !

[बूढा मामा चूपचाप पर आकाशतिर हेरिरहन्छन् । आगन्तुक भुइँ कोतारिरहन्छ । वातावरण स्तब्ध हुन्छ]

(पर्दा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५ पेजको बाँकी)

सत्संग हो भिटामीन, आत्मामा बल बढ्दछ ।
आत्मचिन्तन, सत् शास्त्र, ध्यानमा रुचि जाग्दछ ।।४८।।

औषधीको मिले मात्रा, अनुपाम र भोजन ।
भवरोग निको हुन्छ, हुन्छ यो स्व-स्थ जीवन ।।४९।।

इच्छा निर्मूल होस् चित्त, शुद्ध, निश्चल, निर्मल ।
ज्ञानका मार्गमा लागे, मिल्यो साधन, सामल ।।५०।।

चित्त शुद्ध भएकैले, रहन्न अब अल्मल ।
समाधिमा स्वयं ब्रह्मज्ञानको ज्योति फलमल ।।५१।।

छोरा-

लौ न आमा ! म मर्ने रे, कसरी मृत्युको डर ।
छुट्ने हो कसरी आमा ? चौरासी लाख चक्कर ।।५२।।

नमर्ने मात्र के होला ? बुटी पो वाँध्नु पर्छ कि ?
म परें पाउमा आमा ! मेरो उद्धार हुन्छ कि ? ।।५३।।

आमा-

तिमी मर्दैनमर्नें हौ, मृत्यु तिम्रो प्रकाश्य हो ।
तिम्रो जन्म छँदैछैन, जन्मादि कल्पना न हो ।।५४।।

जन्मादि यदि मान्छौ ता, त्यो हो धर्म शरीरको ।
शरीर दृश्य हो मिथ्या, त्यो तिम्रो हैन, भूतको ।।५५।।

अथवा सृष्टिको चक्र, मायावीले चलाउला ।
तिमी सृष्टि विनिर्मुक्त, ऊ जे गर्ला, गराउला ।।५६।।

रामको नामको मन्त्र, जप नित्य, निरन्तर ।
यो हो तारक, सन्तापहारक दिव्य जन्तर ।।५७।।

शास्त्रको मर्मको खोज, गर सत्संग दिन्दिन ।
निष्काम कर्मले चिन्ता, क्रमैले घट्छ छिन्छिन ।।५८।।

'म आत्मा हुँ', 'म हुँ ब्रह्म', यही भाव सधैं गर ।
भावमा दृढता आए, छुट्छ है मृत्युको डर ।।५९।।

मृत्युञ्जय तिमी शुद्ध, अद्वैत ज्ञानरूप हौ ।
भुल्नाले मर्छु रे भन्छौ, बुझे अमर बन्दछौ ।।६०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझनुको महिमा ठूलो, कर्म, भक्ति बुझी गर ।
ज्ञानी अमर भै गर्छ, ज्ञानी हो मृत्युको पर ॥६१॥

बुझेरै योगमा लाग, भोग, त्याग सबै बुझ ।
बुझेरै गर अभ्यास, मोक्षार्थी वन साधक ॥६२॥

वस्त्र छोडिदिए सारा, वन्छौ ज्ञानी, छँदैथियौ ।
नमर्ने आफू मुक्तात्मा, जानी ज्ञानी तिमी भयौ ॥६३॥

ज्ञानीमा ज्ञानको भान, रहँदैन रतीभर ।
यमराज स्वरूपै हो, कसरी गमको डर ? ॥६४॥

छोरा-

महाकाली, महालक्ष्मी, शान्ति, कान्ति, क्षुधा, चिति ।
निर्विकार, निराकार, कीर्ति, मातृ, श्रुति, स्मृति ॥६५॥

महासरस्वती, ज्योति, ज्ञान-विज्ञानरूपिणी ।
सृष्टि हौ, स्थिति हौ, आमा ! महाप्रलयकारिणी ॥६६॥

वैदिकी ज्ञानकी मूर्ति, गर्छ्यौ अज्ञान भक्षण ।
सम्पूर्ण प्राणीका लागि, करुणा दिव्य वर्षण ॥६७॥

जगदम्बा, महामाया, मायाबाट छुटाउने ।
कृपा भए, बुझे माया, मायाले नछुने हुने ॥६८॥

ब्रह्ममा ज्ञान नै ज्ञान, माया अज्ञानमा छ रे ।
आमा बन्छिन् कठै नाना ! छोरा अलमलमा परे ॥६९॥

तिमी हौ करुणा-मूर्ति, प्राणीकै हित गर्दिने ।
आफ्ना भक्तहरूको ता, मनमा नित्य वस्दिने ॥७०॥

जसले पाउमा तिम्रो, आफ्नो सर्वस्व नै दियो ।
त्यसैले ज्ञान, आनन्द, भुक्ति मुक्ति सबै लियो ॥७१॥

हामी कुपुत्र हौंला रे, कुआमा तिमी वन्दिनौ ।
भक्त, सन्तानका लागि, कठोर दुःख भन्दिनौ ॥७२॥

आमाको महिमा यस्तो, भन्दैछु तैपनि किन ?
सारा सुम्पेर आमाकै, भरमा पर्न सक्तिन ? ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मोटामोटी सुनेको छु, महिमा मातृशक्तिको ।
साधारण बुझेको छु, अर्थ ज्ञान र भक्तिको ।।७४।।

कसरी हुन्छ छलंङ्ग, ज्ञान-आलोक झल्मल ?
आमाको करुणाबारे, नरहोस् कत्ति अल्मल ।।७५।।

आमा ! पाउ परेको छु, भक्तिको मर्म खोलन ।
मुक्तिको मार्ग देखाई, श्रुतिको सार बोल न ।।७६।।

आमा-

जिज्ञासु भक्त हो बाबु ! ज्ञानमार्ग खुले छ लौ ।
ज्ञानीभक्त बनिहाल्छौ, इच्छा सम्पूर्ण छोड लौ ।।७७।।

मलाई भिन्न आँखाले, नहेरी आत्मरूपमा ।
मानी निर्धक्क भै बस्नू, पराभक्ति भयो ममा ।।७८।।

जे, जति दृश्य देखिन्छ, सुनिन्छ शब्द जे, जति ।
प्रकृति, सृष्टि साम्राज्य, मेरै लीला, कला, कृति ।।७९।।

अद्वैत ब्रह्मरूपा हुँ, तिमी अद्वैतरूप हौ ।
भेद भान हटे ज्ञान, पूर्णानन्दस्वरूप हौ ।।८०।।

म टाढा छैन है प्यारा ! तिम्रै हृदयमा म छु ।
श्रद्धा, विश्वास, भक्तिमा, भावमा परिपूर्ण छु ।।८१।।

तिमी ग्रहण गर्छौ ता, कृपा वर्षा म गर्दछु ।
मलाई सुम्प सारा नै, समाऊ म उतार्दछु ।।८२।।

वासनाको जरै काट, 'अहं, मम' नराख है ।
अखण्ड चित्तमा आफू, मात्र हुन्छौ प्रकाश है ।।८३।।

भक्त बन्नुपर्‍यो पैले, अथार्थी, आर्त जे बन ।
क्रमैले हुन्छ जिज्ञासु, ज्ञानीभक्त बन्यो भन ।।८४।।

ज्ञानीभक्त भरे ज्ञानी, बन्न बाँकी त के छ र ?
भक्तभाव गयो ज्ञानी, बन्यो ब्रह्म परात्पर ।।८५।।

त्यसैले बन आजै नै पक्का भक्त पुग्यो, भयो ।
मलाई सुम्प त्यो चित्त, अज्ञान, अन्धकार गो ।।८६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छोरा-

कत्रो कृपा, दया आमा ! मेरा शङ्का निकै गए ।
चित्त शान्त बनोस् आजै ! पुण्य मेरो कतै भए ।।८७।।

आमा ! विषयमा चित्त जान्छ कस्तै गरे पनि ।
आमाकै पाउमा राख्छु, फेरि फुत्कन्छ लौन नि ! ।।८८।।

शास्त्र, युक्ति लगाएर, सम्झायो चित्त बाहिर ।
बाटो इन्द्रियको गर्दै, पुग्छ वास बसेतिर ।।८९।।

न ता थाक्छ अघाएर, न कुरो स्पष्ट बुझ्दछ ।
कस्तो अचम्मको चोर, बाहिरै जान खोज्दछ ।।९०।।

'कति जन्म बिते तेरा, कति संसार घुम्दछस् ?
भोगले ता अघाइन्न, आमाका काखमा तँ बस् ।।९१।।

तँ होस् चैतन्यको छोरो, अरू चैतन्य नै त होस् ।
अब भित्रै बसेस् बाबु ! अखण्ड शान्ति पाउँछस्' ।।९२।।

भनी संझाउँछु, 'हुन्छ,' भन्छ, मौका मिलेपछि ।
फुत्त बाहिर निस्कन्छ, कति लागौं म ता पछि ।।९३।।

सारै हैरान भो आमा ! चित्त निस्कन्छ बाहिर ।
विषयासक्त भै भुल्छ, मलाई दु:ख आखिर ।।९४।।

कसरी चित्त यो चोर, मेरा अधीन हुन्छ नि ?
तिम्रा पाउमहाँ नित्य, लगाएर कजाउ नि ? ।।९५।।

आमा-

चित्त साँचो हुँदैहैन, छकाएछ नि तैपनि ।
पार्छ सोझा तिमीलाई, कठै ! दु:ख दिएछ नि ! ।।९६।।

धन्दा नमान है बाबु ! चित्तलाई कजाउला ।
युक्ति, बुद्धि लगाएर, अनुकूल बनाउला ।।९७।।

सोझा पाएपछि बाङ्गा, यसरी नै सताउने ।
अलि होश पुऱ्यायो कि, ठाडो पुच्छर लाउने ।।९८।।

नचिताए उही चित्त, आजै चैतन्य बन्दछ ।
चितायौ चोर त्यो चित्त, तिमीलाई सताउँछ ।।९९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिम्रो नोकर हो चित्त, आफ्नो शक्ति दियौ भने ।
तिम्रै घोडा चढी कोर्रा, ठोक्छ भूल भयो भने ॥१००॥

तिम्रै आड भरोसाले, तिम्रै आशय, आशिष ।
न्यायाधीश बनी राज्य गर्छ, ठोक्तछ नालिस ॥१०१॥

जानेमा चित्त हो चेलो, स्रष्टा, द्रष्टा तिमी गुरु ।
चल्थ्यो लुरुलुरु ब.बु ! काम गर्थ्यो लुरुलुरु ॥१०२॥

तामसी, राजसीलाई, जीत सात्विक चित्तले ।
गुणी हो सात्विकी चित्त, जीत निर्गुण भावले ॥१०३॥

चित्तको 'त' गयो 'चित्' भो, गुणराहित्य ब्रह्म हो ।
गुण ता गुणमा मिल्दो, आफू निर्गुण ब्रह्म भो ॥१०४॥

विषयेन्द्रिय जित्नैमा, चित्तको भूमिका ठुलो ।
बुद्धिले चित्त रोकेमा, सबैको हुन्छ है भलो ॥१०५॥

थिच्न, मिच्न नलागेर, बुझनुमा बल गर्नु छ ।
चित्तलाई बुझाएर, बुझेरै चित्त जित्नु छ। १०६॥

कर्म, भक्ति गरी चित्त शुद्ध, वैराग्य चाहियो ।
राख इन्द्रिय कब्जामा, चित्त शान्त हुने भयो ॥१०७॥

शमले, दमले चित्त, आफैंभित्र रमाउने ।
आफू आफू बनी बस्ने, खेल्ने, हाँस्ने, हँसाउने ॥१०८॥

स्वभाव चित्तको शान्त, सुषुप्तिमा प्रशान्त छ ।
समाधिमा अखण्डै भो, चित्त चैतन्य बन्दछ ॥१०९॥

नचिताऊ यही चित्त, हितैषी मित्र बन्छ रे ।
चितायौ कि त्यही चित्त, शत्रु दुर्जय हुन्छ रे ॥११०॥

साँचो मानेर मुट्ठीमा, चित्त कैले नआउने ।
भित्र चित्त नभेकै हो, भन्ने निर्णय चाहिने ॥१११॥

बुझेमा चित्त फालिन्छ, नबुझे चित्त फाल्दछ ।
फाल्नु, पाल्नु दुवै छोडे, ज्ञानको ज्योति बाल्दछ ॥११२॥

चित्त बाहिर निस्केर, कहाँ जाँदोरहेछ लौ ।
खोजी गर्दै उतै लाग, तत्कालै भेटिहाल्दछौ ॥११३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीले नै पठाएको, विषयासक्त भैकन ।
बाटो इन्द्रियको गर्दै, भोग भोग्न अनेकन ।।११४।।

आफैं पठाउने चित्त, अरु आफैं गयो अरे !
वासनामुक्त हो शान्त, चित्त चैतन्य बन्छ रे ।।११५।।

भोगमा दोष देखेमा, तीव्र वैराग्य वोधले ।
भक्तिभाव बढेदेखि, चित्त चल्दैन वेगले ।।११६।।

वासना नभए चित्त, चैतन्य ब्रह्म बन्दछ ।
ब्रह्म नै त भयो ब्रह्म, श्रुतिले यत्ति भन्दछ ।।११७।।

आमाका भरमा पर्ने, गर अभ्यास दिन्‌दिन ।
व्यवहार सबै चल्छ, शान्ति बर्सन्छ छिन्‌छिन ।।११८।।

मेरै जिम्मा सबै देऊ, ब्रह्माण्ड नै चलाउने ।
मेरो भक्त बने सच्चा, तिम्रो उद्धार गर्दिने ।।११९।।

आशीर्वाद दिएँ तिम्रो, चित्त शान्त अवश्य नै ।
हुन्छ शङ्का छँदैछैन, चित्त चैतन्य बन्छ नै ।।१२०।।

छोरा-

ठूलो कृपा भयो आमा ! मोह गो, आत्मबोध भो ।
चित्त शान्त भयो आजै, जीवनी धन्य ! धन्य भो ।।१२१।।

चित्त बाहिर जाँदैन, आमाकै भरमा वसें ।
तीव्र वैराग्यले गर्दा, ज्ञानालोकमहाँ घुसें ।।१२२।।

संस्कारले सधैं चल्छ, बाँकी जीवनको कला ।
छुटेको धनुको वाण, जे गर्ला वा गराउला ।।१२३।।

धन्य ! धन्य ! भएँ आमा ! तिमी ता धन्य ! नै थियौ ।
तिम्रो कोख बन्यो धन्य ! धरती तिमी धन्य ! हौ ।।१२४।।

आमाका पाउमा पर्नु, वाटो एकै छ उत्तम ।
उनैमा चित्त साम्राज्य, गर्नू आजै समर्पण ।।१२५।।

स्वरूप बोध भो आमा ! सम्पूर्ण कर्म ती डढे ।
मृत्युको डरनै छैन, वासना नष्ट भै लडे ।।१२६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्य भक्तले मात्रै, पाउने उत्तमा गति ।
चित्तको यो चिकित्साको, सार सर्वस्व हो श्रुति ॥१२७॥

ज्ञानाग्निले दिप्त जमाई आसन ।
अध्यात्म साम्राज्य गरी सुशासन ॥
आलोकले लोक प्रसन्न पारने ।
तिम्रै कृपाले भव कोश तारने ॥१२८॥

देहात्मको कारण क्षीण भैगयो ।
आफै मनैभित्र रमाउने भयो ॥
आत्मा मनैदेखि परै रहेछु रे ।
भन्ने बुझेमा मन स्वच्छ हुन्छ रे ॥१२९॥

आफू त हुँ बुद्धि भने पनि बुझे ।
आत्मा स्वयं बुद्धि प्रकाश गर्छरे ॥
मेरै त हो बुद्धि कसोरी मैं भएँ ?
पुग्दैन रे बुद्धि जहाँ, त्यहाँ पुगें ॥१३०॥

देहादि ता अन्न मिलेर बन्दछ ।
यो स्थूलको भित्र त सूक्ष्म प्राण छ ॥
पन्छाउँदै अन्न र प्राणको तन ।
भेटिन्छ त्यो सूक्ष्म शरीर हो मन ॥१३१॥

विज्ञान हो बुद्धि त्यही शरीरमा ।
अध्यासले 'त्यै म हुँ' हुन्छ जीवमा ॥
आनन्दको कोश सुषुप्ति कालमा ।
भेटिन्छु आफू म त कोश पारमा ॥१३२॥

द्रष्टा म साक्षी तर कोश दृश्य हो ।
द्रष्टा रहेसम्म रहन्छ दृश्य त्यो ॥
तामै पुरी कल्पित नाम मात्र रे ।
साक्षी त लो ब्रह्मविषे कहाँ छ रे ? ॥१३३॥

आमा ! सबै विश्व, म–ब्रह्म एक हुँ ।
आत्मा ! भए बाबु– म आत्मरूप हुँ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आरम्भमा निर्गुणमा गुणँगुण ।
समाप्तिमा पूर्ण, अखण्ड–चेतन ।।१३४।।

आमाको करुणा भएर अहिले, शङ्का सबै नै गए ।
ब्रह्मात्मैक्य प्रवोधको उदय भो, चैतन्य वत्ती वले ।।
आत्मानन्द भयो अखण्ड रहने, निष्ठा रहोस् ज्ञानमा ।
आमाकै करुणा सदा रहिरहोस् ! आमा ! परेँ पाउमा ।।१३५।।

– शिवमस्तु –

'शिव–मन्दिर'
शान्तिकुना, जाउलाखेल,
ललितपुर–५

२०४२/८/८/७
हरिवोधिनी एकादशी ।

अल्झेर तिम्रै पद–पद्ममा त
नाता टुटायौं अरुवाट नाथ !
प्यारा ! बताऊ अव के गरौं हा !
रोएर हामी टुहुरा मरौं वा ?

–श्रीकृष्ण सन्देश, १/७६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"गोविन्द गीत" एक मूल्यांकन

-विनोद दाहाल

महाकवि गुणराज उपाध्याय

पं. गुणराज उपाध्याय नेपाली साहित्यको इतिहासको आधुनिककालमा उदाएका भक्तिकाव्य परम्परालाई वलियो टेवा दिई साहित्यिक क्षितिजमा उदाएका हिन्दू संस्कार र संस्कृतिबाट अभिसिञ्चित नेपाली साहित्य समाजका एक अग्रणी भक्तकवि हुन्। आधुनिककालमा आएर भक्तिकाव्य परम्परालाई अगाडि बढाउने एक मात्र कवि गुणराज उपाध्याय हुन्। भानुभक्तले रामायण लेखेर भाषा, समाज र काव्यात्मक पक्षमा महत्त्वपूर्ण योगदान दिएका थिए। त्यसपछि करीव एकसय वर्षसम्म काव्यात्मक तथा भाषिक विकासका दृष्टिले भक्तिकाव्य देखिएनन्। माध्यमिककालमा भक्तिश्लोक युक्त पुस्तकहरू प्रशस्त छापिए तर काव्यात्मक रूपमा लेख्ने श्रेय आधुनिककालमा आएपछि गुणराज उपाध्यायलाई नै छ। आजभोलि भक्तिकाव्यप्रति अलिक टेढो नजरले हेर्ने हेरिने भए पनि आफ्नो धारणालाई शिरोपर गरी प्रशस्त भक्तिकाव्य रचनामा संलग्न महाकवि गुणराजको प्रयासलाई निश्चय पनि सराहनीय मान्न सकिन्छ।

पं. गुणराजको कवित्वको वारेमा कसैलाई थाहा थिएन। उनको कवित्वको निक्योंल मृत्युपछि मात्र हुन सक्यो। यसमा कारण के छ भने उनले आफूलाई कवि भनेर चिनाएनन्। उनले थुप्रै कविता लेखे, २–३ वटा महाकाव्य लेखे तर उनलाई कवि वा महाकवि भनेर कसैले भनेनन्। वास्तवमा उनलाई कवि भनेर कसैले नचिन्नुमा उनको शारीरिक व्यक्तित्वले प्रभाव पारेकोले हुन सक्छ। उनी साँच्चिकै एउटा भक्त व्यक्तित्वका प्रतिमूर्ति थिए। यसमा अरू पनि केही कारणहरू छन्। उनले कहिल्यै पनि आफ्ना रचना कवि सम्मेलनमा उभिएर सुनाएनन्। आफ्ना रचना लिएर कहिल्यै पनि नेपाली भाषा प्रकाशिनी समिति, साझा प्रकाशन, शाही नेपाली एकेडेमी र राजकीय प्रज्ञाप्रतिष्ठान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धाएनन् । न त कुनै प्रतिष्ठित विद्वान् कहाँ गएर छापिएका पुस्तकको ठेली अगाडि राखेर विमोचन गरिदिनु पऱ्यो भनेर दाँत देखाए । त्यसैले गुणराज उपाध्यायलाई कसैले पनि कवि व्यक्तिको रूपमा भन्दा सधैं संस्कृतका स्तोत्र पाठ गर्ने, भक्ति रचना मात्र गाइरहने ब्राह्मण आचरणमा निष्ठावान् भक्त व्यक्तित्वका रूपमा मात्र चिने । जब उनको शरीर विलीन भयो तब उनका परिवारका सदस्यहरूले सहयोग र सद्भावनामा विद्वान् समुदायले महाकवि गुणराजको नामले परिचित गराउन थालियो । त्यसपछि केही नेपाली स्रष्टा विद्वान्हरूद्वारा महाकवि गुणराजको भक्तिभाव र काव्यात्मकताको उत्खनन् गर्न थालियो । यसरी बिस्तारै साहित्य संसारमा परिचित भएको हो महाकवि गुणराज उपाध्यायको काव्य व्यक्तित्व । वास्तवमा कवि गुणराज उपाध्याय नेपाली साहित्यको प्राङ्गणमा भक्तिकाव्य रचना गर्ने एक महत्त्वपूर्ण व्यक्ति हुन् । जसको नाम भानुभक्तको भापा भक्तिमा चम्किए जस्तै नेपाली भक्तिकाव्य परम्पराका एउटा चरम उपासक तथा अनन्य यायावरको रूपमा चम्किने कुरा स्पष्ट रूपमा उल्लेख गर्न सकिन्छ ।

गोविन्द गीत काव्य

नेपाली साहित्यको प्राथमिककालमा राम भक्ति र कृष्ण भक्ति गरी दुई बेग्लाबेग्लै भक्तिधारा प्रचलित थिए । ती बेग्लाबेग्लै कविहरूले अवलम्बन गरेका बेग्लाबेग्लै धारा थिए भने आधुनिककालमा दुवै भक्ति परम्पराका अनन्य उपासक देखिएका छन् पं. गुणराज उपाध्याय । कृष्ण भक्तिको महत्त्वपूर्ण कृति 'कृष्ण सन्देश' महाकाव्य हो भने रामभक्तिको महत्त्वपूर्ण कृति "भरत मिलन" महाकाव्य देखिएको छ । अन्य खण्डकाव्यात्मक कृति तथा फूटकर कृतिहरूले दुवै भक्ति परम्परालाई अङ्गालेका छन् । ३ वटा महाकाव्य र अन्य कृति सहित १२–१३ वटा कृति रचना गर्ने पं. गुणराजलाई कविको रूपमा २०३० साल पछि राम्ररी चिनिए पनि उनका काव्यात्मक कृतिहरूको उर्वर अवधि भने वि. सं. २००० देखि २००७ सालसम्म बढी देखिन्छ । नेपाली साहित्यमा प्रसिद्ध कविहरू महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम आदिका रचनाहरू पनि यस अवधिमा प्रशस्त देखिएका छन् । यसरी हेर्दा महाकवि गुणराज उपाध्यायको मात्र नभएर नेपाली साहित्यको अभिवृद्धिको स्वर्णकाल नै देखिन्छ यो अवधि । यसै समयको एउटा मीठो तथा रसिलो काव्यात्मक उपलब्धि हो "गोविन्द गीत" ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुणराज उपाध्याय वास्तवमा कवि भन्दा बढी भक्त हुन् । त्यसो भए तापनि उनको भक्त व्यक्तित्व प्रशस्त काव्यात्मक रूपमा प्रस्फुटित छ । भक्तिभावमा चुर्लुम्मिदा उनको अनुभूति प्रशस्त भाव तरङ्गमा तरङ्गिएको छ र कलात्मक सौष्ठव प्राप्त गरेको छ। त्यस्तो काव्यात्मक कृतिमा औंला भाँच्नु पर्दा निकै अगाडि आउने काव्यमध्ये "गोविन्द गीत" पनि एउटा हो ।

यो काव्य उनका कृतिहरूको संगालो "काव्य संगम" भित्र संगालिएको एक लघु काव्य हो । पृष्ठसंख्या २९ देखि ५० सम्म १०८ श्लोकमा रचित यो काव्य भगवान् श्रीकृष्ण गोठालो भई गोपिनीसँग रमण गरेको अवस्थाको चित्रण गरिएको क्षीण कथावस्तु भएको काव्य हो। यसलाई प्रकाशिका (कविकी धर्मपत्नी) ले लघु काव्यको संज्ञा दिनुभएको छ । त्यसो भए तापनि यसलाई खण्डकाव्य भनिदिए पनि केही फरक पर्दैन जस्तो लाग्दछ । हुन त यो कुनै काव्य सिद्धान्तको कसीमा नभएर आफ्नै भावनाको उच्छ्वासमा अभिव्यक्त भएको भक्ति भावको एक टुक्रा मात्र हो । भगवान् भक्तिमा तल्लीन रहने महाकवि गुणराजको भावमय क्षणमा अभिव्यक्त यस काव्य भित्र प्रशस्त काव्यात्मक मिठास र आलङ्कारिक छटाहरू पाइन्छन् । झ्याउरे लयमा लिखित नेपाली लोकगीतको भान पार्ने यस काव्यले भक्तिभाव र काव्यात्मक तरलता त्यत्तिकै भावमय रूपमा प्रवाहित गरेको छ ।

विषयवस्तु

"गोविन्द गीत" काव्यको विषयवस्तुलाई मुख्य रूपमा ४ भागमा विभाजन गरेर हेर्न सकिन्छ । शुरूमा श्री कृष्ण भगवान्‌ले मुरली बजाएको सुनेर व्रजवासी, प्रकृतिका अनेक तत्त्वहरू र पशुपंक्षीहरू अत्यन्त आकर्षित र मोहित भएको कुरा बयान गरिएको छ । त्यसपछि भगवान् श्रीकृष्णको पैतालादेखि शिरसम्मको बयान बडो आकर्षक ढङ्गमा गरिएको छ । अनि उनको मुरलीको मधुर स्वरबाट आकर्षित तथा मोहित गोपिनीहरूको मनोविज्ञान खोतलिएको छ । गोपिनीहरू केही नलागेर कृष्णलाई व्यंग्यात्मक रूपले सराप्न थाल्दछन् । आँखाबाट आँसु झार्दै रुन थालेपछि श्रीकृष्ण खुशी भई गोपिनी जति थिए त्यति भएर आलिङ्गन गर्दै हाँसखेल गर्न थाल्दछन् । यो देखेर स्वर्गका परी समेत लोभिन्छन् र देवताहरू मख्ख परेर फूल बर्साउँदै जय जयकार मनाउँछन् । यसरी श्री कृष्ण गोकुलमा मानिस जस्तै लहडी बनेर आनन्दसाथ बसेका थिए भन्ने कथावस्तुमा आधारित देखिन्छ "गोविन्द गीत" काव्य । नेपाली झ्याउरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लयमा लेखिएको भएर हो वा कविको मौलिक अभिव्यक्तिको स्पष्टताले काव्य नितान्त मौलिक र नेपालीपनको लाग्दछ । काव्यवस्तु सरसरती प्रवाहित भएकोले काव्यमा खट्कँदो स्थिति देखा पर्दैन ।

संरचना

१०८ श्लोकमा रचित यस काव्यमा अनुच्छेद नछुट्याएको भए तापनि सामान्यत: ४ भागमा विभाजन गरेर हेर्न सकिन्छ । प्रत्येक अडानै पिच्छे अनुप्रास मिलाएर बनाएका श्लोकहरू तेलिया इँट निर्मित घर जत्तिकै आकर्षक र मनमोहक छन् । प्रथम चरणमा श्रीकृष्ण भगवान्को मुरलीको स्वरमा ब्रजवासी र त्यहाँको प्रकृति मोहित भएको कुरा छ । दोस्रो क्रममा श्रीकृष्ण भगवान्को शारीरिक स्वरूपको वयान, तेस्रो क्रममा गोपिनीहरू श्रीकृष्णप्रति आकर्षित भई विलौना गर्दै आफ्नो मनोभाव प्रकट गरेको कुरा र अन्त्यमा श्रीकृष्ण खुशी भई गोपिनीसँग हाँस–खेल गरी गोपिनीहरूको मनोकांक्षा पूरा गरेको कुरा यस काव्यभित्रको वनोट प्रक्रिया हो भन्न सकिन्छ । सरल तथा सहज भावमय अभिव्यक्तिको प्रस्फुटन भएको यस काव्यले शिल्प संयोजनका दृष्टिले पनि विशिष्ट स्थान ओगेटेको देखिन्छ । विम्वहरूको सहज प्रयोग र श्रृङ्गार रसको अत्यन्त मनमोहक रूपमा परिपाक गरिएकोले काव्य अनुभूति गम्य र पठनीय बनेको छ । सरल भावमा वहेका प्रत्येक श्लोकहरू गीत जस्तै छन् । गीतिमय बनाउन अन्तिम पदावलीलाई दोहोऱ्याएको मिठास युक्त एक श्लोक हेरौं:–

मोहनी माया यो राम छाया
यसरि फिजेर
नबस गम्की वजाई वंशी
हृदय खिचेर । हृदय खिचेर

यसरी अन्त्यको "हृदय खिचेर" भन्ने शब्द दोहोऱ्याएर गीतिमय बनाउने प्रयास गरिएको छ । प्रत्येक श्लोकको अन्त्यमा रहेका पदावली यसै गरी दोहोऱ्याइएको छ ।

श्रीकृष्णको लीला देखेर ब्रजवासी र त्यहाँको प्रकृतिले कस्तो रूप लियो त्यसको वयान कविका शब्दमा हेरौं:–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुर यस्तो अमृत जस्तो
चरित्र पिएर
लाटा र सुधा व्रजका बुढा
लठ्ठिए भुलेर । लठ्ठिए भुलेर ।।

त्यस्तै :– मधुर ताना छुटेन नाना
मुरलि बजेर
वनका पन्छी समेत सन्की
घेरिन्थे उडेर । घेरिन्थे उडेर ।।

अर्को :– अडेर सारा जलको धारा
मुरलि सुनेर
नजिक घुंथिन् चरण चुम्थिन्
यमुना बढेर । यमुना बढेर ।।

यसरी १२ श्लोकदेखि २९ श्लोकसम्म उनको लीला देखेर व्रजवासी, पशुपन्छी, नदीनाला, देवीदेवता मख्ख परेर हेरिरहे भन्ने कुराको लयात्मक तथा काव्यात्मक अभिव्यक्ति छ भने २९ देखि ६२ श्लोकसम्म श्रीकृष्णको शारीरिक वयान गरिएको छ । प्रकृतिका विभिन्न पक्षसँग तुलना गर्दै गरिएको काव्यात्मक वयानले कवि कालिदासको वर्णन प्रक्रियाको झल्को दिन्छ । साँच्चिकै गोपिनीहरू किन लठ्ठ नपरुन् त ! भन्ने भान पार्दछ उनको काव्य कौशलताले । रुपक अलङ्कारले सुसज्जित श्रीकृष्णको ओठको वयान गरिएको एक श्लोक हेरौं:–

त्यो लाल रङ्गी सकिन्न सम्झी
हत्पत गरेर
मुंगाको बोट कुँदेर ओठ
बनेछ मिलेर । बनेछ मिलेर ।।

रस

रसका दृष्टिले यो काव्यको विशेष महत्त्व छ । रस परिपाक नै यस काव्यको सर्वोच्च उपलब्धि हो । श्रीकृष्णको शारीरिक, मानसिक, प्राकृतिक तथा सामाजिक अवस्थाको अभिव्यक्ति गरेर मानव मनका मनोदशालाई परिपाक अवस्थामा पुऱ्याइएको पाइन्छ । एकातिर श्रीकृष्ण लीला प्रख्यात विषयवस्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र अर्कातिर कुशल कविको शिल्पगत चमत्कारले यस काव्यमा सम्भोग शृङ्गार परिपाक अवस्थामा पुगेको छ ।

मुरलीको स्वरमा अति नै मोहित भएका गोपिनीहरूलाई श्रीकृष्ण-सँग बोलूँ बोलूँ, खेलूँ खेलूँ, नाचूँ नाचूँ जस्तो लाग्दछ । तर श्रीकृष्ण नबोलि दिंदा उनीहरूको मानसिक तड्पन र जलनको भाव व्यक्त भएको बेला विप्रलम्भ शृङ्गारको भान पर्दछ । त्यसबेला श्रीकृष्णप्रतिको उनीहरूको भावपूर्ण सम्मोहन र मानसिक छट्पटी यसरी व्यक्त हुन्छः–

पछाडि फेरी हाँसेर हेरी
नजर तरेर
हृदय सम्म लुटेर रम्म
पर्ख त ! अटेर । पर्ख त ! अटेर ।।

X X

मन र पेट लिएर के त
यसरी हेरेर
हाँसेर फेरी रहनु हेरी
कसरी सकेर । कसरी सकेर ।।

गोपिनीहरूको बिलौना सुनेर श्रीकृष्ण अत्यन्त खुशी हुन्छन् । मीठो बोलेर गोपिनीसँग रमण गर्न थालेपछिको बयान नायक र नायिकाको अपूर्व मिलनको क्षण जत्तिकै छ । शृङ्गार रसको परिपाक स्थिति यहाँ स्पष्ट झल्कन्छ । एउटा श्लोक हेरौं:–

गोपिनी जम्मै समाई टम्मै
अधर चुमेर
अनेक रूप लिएर खूप
शोभिए चलेर । शोभिए चलेर ।।

उपसंहार

यसरी यो काव्य भक्तिकाव्य मात्र नभएर चरित्र नायक श्रीकृष्णको मुरलीको स्वरमाधुरीमा तल्लीन प्रकृति र नारी (गोपिनीहरू) को प्रेम कहानी-को रूपमा प्रस्तुत शृङ्गारिक काव्य हो । शृङ्गार रसको अत्यन्त राम्रोसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिपाक अवस्थामा पुगेका महाकवि गुणराजको समस्त रचनामा यो एउटा नमूना काव्य नै हो भनिदिदा अत्युक्ति हुँदैन जस्तो लाग्छ ।

कुनै पनि व्यक्तिको व्यक्तित्व उसको कीर्ति अनुसार अझ वढी भएको वा निकै भएको कुरा अनुमान गरिन्छ त्यस्तै कविको कवित्व काव्यनन्दको क्षणमा कति रहेछ भनेर मूल्याङ्कन गर्न सकिन्छ । उत्कृष्ट काव्यबाट ब्रह्मस्वाद सहोदर आनन्द प्राप्त हुन्छ भन्ने कुरा महाकवि गुणराजको काव्य "गोविन्द गीत" बाट पनि थाहा पाउन सकिन्छ । यस काव्यमा शृङ्गार रसलाई परिपक्व स्थितिमा पुऱ्याउने कविको जुन योजना छ त्यसबाट गुणराजमा प्रशस्त काव्य चेतना छ भन्ने कुरा बुझ्न सकिन्छ । सम्पूर्ण 'गोविन्द गीत' काव्यमा कविले भक्ति भावको छलले शृङ्गार रसको परिपाकद्वारा पाठकको हृदयलाई भावनात्मक परमानन्दमा लीन गराउने सफल प्रयास गरेको देखिन्छ । मुरलीको स्वरमा मुग्ध ब्रजवासी र प्रकृति जसरी आफ्नो गीत रोकेर ट्वाल्ल परेर श्रीकृष्णलाई हेर्दछन् । त्यसरी नै सायद पाठकहरू गोविन्द गीत काव्य भित्रका अनुप्रास युक्त शब्दावली र आलङ्कारिक छटा र शृङ्गार रसको परिपाक अवस्था देखेर र भोगेर अवश्य पनि विमुग्ध नगई रहन सक्तैनन् होला कि ! त्यसकारण यो काव्य महाकवि गुणराजको कवित्वको परिचायक काव्य हो भने नेपाली भक्तिकाव्यको इतिहासमा एउटा सुनौलो अध्याय थप्ने कृति हो ।

त्यसो भए तापनि कविका काव्यगत केही त्रुटिहरू छैनन् भन्न सकिन्न । कवि गुणराज काव्यको कसीमा घोटेर काव्य लेख्ने कवि होइनन् । आफ्नो आध्यात्मिक चिन्तनको क्षणमा कुनै एउटा कथा वस्तुले प्रभाव पार्दछ मनमा भक्तिभाव साँचेर काव्य लेख्न थाल्दछन् । त्यसैले यो काव्य काव्यात्मक गुणहरूले भन्दा भक्ति प्रवाहले युक्त छ । शृङ्गार रसको सफल परिपाकले काव्यलाई सुन्दर बनाउने काममा ठूलो सहयोग प्रदान गरेको छ ।

२०४५/५/१०, मैंजु बहाल ।

हे गोपिका हो ! कुन धर्मबाट
पायौ ठुलो यो भगवत्प्रसाद ।
बताउ हो त्यो कुन मूल मन्त्र
जस्ले खिचिन्छन् भगवान् स्वतन्त्र ॥

—श्रीकृष्ण सन्देश, १।९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुब्जाको पूर्ववृत्तान्त

–नारायण प्र. उपाध्याय

हाम्रा धर्मग्रन्थहरूमा कुब्जाको रोचक र आश्चर्य कुराहरू देखिन्छन् । गर्गसंहिता मधुराखण्डमा राजा बहुलाश्व (मिथिलाका राजा) ले एक दिन श्री नारदजीसँग प्रश्न गर्नुभयो– 'प्रभो ! सैलेन्द्री कुब्जाले पूर्वजन्ममा कसको तपस्या गरेकी थिई र श्रीकृष्ण परमात्मा चाँडै नै खुशी हुनुभयो, त्यति चाँडै ता देवताहरूले पनि खुशी तुल्याउन सकेका थिएनन् ?' भन्दा नारदजी भन्नुहुन्छ– 'हे राजा ! त्रेतायुगमा भगवान् श्रीरामचन्द्रलाई पञ्चवटीमा देखेर हृदयदेखि आशक्ति भएर मूर्छा परी तर रामको स्नेह उसमाथि थिएन, उसबाट विरक्त तथा निर्विण्ण भैरहेको थियो । उहाँको स्नेह सिताजीमा मात्र थियो किनकि राक्षसयोनी भएकीले सीताजींलाई खान झम्टी, त्यसबखतमा श्रीलक्ष्मण-जीले उसको नाककान काटिदिनुभयो । त्यै रिसले सुर्पणखा रावणकहाँ गई सिताजीलाई राम र लक्ष्मण नभएको बेला पारी हरण गर भन्ने प्रार्थना गरी । रावणले मारिचलाई सुनको मृग बनाई पठायो र सीताजी हरण गऱ्यो तापनि विवाह गर्न सकेन, यसको वृत्तान्त तुलसीकृत रामायणमा पनि उल्लेख छ ।

रावणान्त भएपछि सुर्पणखा राम पति पाऊँ भनी पुष्करक्षेत्रमा गई निराहार बसेर भगवान् शङ्करको ध्यान गर्न लागी । कठोर तपस्या गरेको देखेर भगवान् शङ्कर प्रकट भई वरदान माग भन्नुभयो सुर्पणखाले राम पति पाऊँ भनी वरदान मागी । शङ्कर भन्नुहुन्छ श्रीराम अहिले एक पत्नीव्रतमा हुनुहुन्छ, त्यसैले द्वापरयुगमा श्रीरामको कृष्ण अवतार हुनेछ, त्यै बखतमा तिम्रो इच्छा पूर्णहुनेछ भनी भगवान् श्रीशङ्करले वरदान दिई अन्तर्ध्यान हुनुभयो, द्वापरयुगमा कुब्जा भई जन्म लिन पुगी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सैव सुर्पणखा नाम राक्षसी कामरूपिणी ।
अमूर्च्छी मथुरायां तु कुब्जा नाम महामते ।।
महादेव वरेणापि श्रीकृष्णस्यप्रिया भवेत ।
(गर्गसंहिता)

इच्छानुसार रूप लिन सक्ने सामर्थ भएकी सुर्पणखा राक्षसी हे वहुलाश्व महाराज ! मथुरामा कुब्जा नाम भएर जन्मी । देवाविदेव महादेवबाट बर्दान पाएकीले श्रीकृष्ण प्रभुकी प्यारी रानी बन्न पुगिन्, सुर्पणखालाई अयोमुखी पनि भन्दछन् यसको पूरा व्याख्यान मन्थरा चरित्रमा पनि पाइन्छ।

लोमश रामायण सत्योपाख्यानअनुसार रामावतारकी कैकेयीकी दासी मन्थरा नै द्वापरयुगमा कृष्णप्रिया कुब्जा हो। संक्षेपमा कथा यस्तो छ कि, रामराज्यमा उत्पात मच्चाई भनी अयोध्यावासीले श्री लोमश ऋषिलाई रुँदै हात जोड्दै सोधे- 'प्रभो ! यो मन्थरा मात्र रामविरोधिनी किन भई, हामी सब अयोध्यावासीहरूको प्राण लिन थाली' भन्दा श्री लोमश ऋषि भन्नुहुन्छ- 'यो मन्थरा जन्मान्तरमा प्रह्लादकी पौत्री तथा विरोचनकी पुत्री थिई' त्यस वखतमा पनि यसको नाम मन्थरा नै थियो।

यसको सानू भाइ बलि गर्भमा थियो, त्यस बखतमा देवताहरूले छलगरी ब्राह्मणको रूप धारण गरी इन्द्रले तिम्रो पूर्ण आयु दान देऊ भनी बलिसँग प्रार्थना गरे, हुन्छ भनी बलिले तुरुन्तै गर्भमै प्राण छोडे, दैत्यहरू ज्यादै निरास भए किनकि प्रह्लाद हाम्रो पक्षमा छैनन् उनी देवताका पक्षका हुन्, विरोचन पनि बाबुको आज्ञापालक हुन्,- बलि भएका भए हाम्रो पक्षमा हुन्थे। देवताहरूको कपटपूर्ण व्यवहार देखेर दैत्यहरू मन्थराको शरण लिन पुगे। मन्थराले दैत्यहरूलाई आश्वासन दिई र उत्साहपूर्वक शंभर, यम, वाणादि योद्धाहरू जम्मा गरी देवताहरूसँग लडाईं गर्न निस्की घोर संग्राम भयो। राक्षसहरूको भागाभाग भयो, मन्थराले पनि पाखद्वारा सबै देवताहरूलाई बाँधी लडाइदिई, इन्द्रले पनि तीनपल्ट वज्रले हानेर मन्थरालाई मूर्छा पारिदिए। वज्रको प्रहारले तीन ठाउँमा कुब्जिई (वाङ्गिई)। देवताहरूको यस्तो विपत्ति देखेर श्री नारदले वैकुण्ठनाथ विष्णुकहाँ गएर हात जोडी बिन्ती गर्नुभयो- प्रभो !

श्रूयते हि पुरासक्तो विरोचनसुतां नृप ।
पृथ्वि हन्तुमिच्छामि मन्थरा मम्यसूदन ।। (वाल्मीकि रामायण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दैत्यका स्त्रीहरूले पनि स्त्रीजातिसँग देवताहरूले युद्ध गरे भनी खूब उपहास गरे । त्यसैले दैत्यको रूपमा कास्मिरमा जन्मिन त्यै बदला लिन कैकेयीकी दासी वनेर रामराज्यमा विघ्न पारी, त्यसैले भगवान् श्रीरामले अपजस सहेको कारणबाट कृष्ण अवतारमा कुब्जालाई वरदान दिई भक्त बनाउनुभयो भनी लोमश ऋषिले अयोध्यावासीलाई बताउनुभयो ।

पद्मपुराण, महाभारतमा लेखेअनुसार दुन्दुमि नाम भएकी गन्धर्वी नै मन्थरा हो, किनकि–

तेषां समक्षं गन्धर्वि दुन्दुमिर्नाम मामता ।
ससास वददो देवि गच्छ कार्यार्थ सिद्धयै ।।
पितामह् वश्रसुत्वा गन्धर्वि दुन्दुमिनन ।
मंथरा मानुपे लोके कुब्जा समभवत्तदा ।।
(वनपर्व)

एक दिन ब्रह्मलोकमा सबै देवताहरू जानुभएको बखतमा नाचगान भएको थियो । गन्धर्वीले ब्रह्मालाई खुशी पारी वरदान माग भन्नुहुँदा कृष्ण पति पाऊँ भनी विन्ती गरी । वरदाता ब्रह्माजीले दुन्दुमि गन्धर्वीलाई आज्ञा भयो– तँ आफ्नो मतलव साध्य गर्न पृथ्वीमा मनुष्य भै जन्म लिनु, तेरो नाम कुब्जा रहनेछ भनी वरदान प्राप्त गरेकी थिई, त्यसैले श्रीकृष्णकी प्यारी वन्न पुगी ।

आनन्द रामायण विलासखण्डमा लेखेअनुसार, पिंगला नाम भएकी वेस्या नै कुब्जा हो । एक दिन श्री सीताराम खोपीमा सुकला भएको समयमा आधारातमा पिंगला वेस्या गएर श्रीरामको पाउ दाब्दै रुन लागी । श्रीरामको जागा भयो र सोध्नुहुन्छ– 'पिंगले ! किन रोएकी ?' 'प्रभो ! हजुर सर्वज्ञ होइबक्सिन्छ म के विन्ती गरौं ।' श्रीराम भन्नुहुन्छ- 'पिंगले ! मेरो एकपत्नीव्रत छ तिमीलाई थाहै छ, त्यसो हुँदा द्वापरयुगमा मेरो कृष्ण अवतार हुन्छ, व्रजबाट मथुरामा जान्छु, कंसलाई मार्छु त्यस बखतमा कुब्जाको रूपमा मेरो सेवा गर्नेछचौ, तिम्रो इच्छा पूर्ण हुनेछ' भनी पठाइदिनुभयो । पिंगला गएपछि श्रीरामले सीताजीलाई उठाउनुभयो र पिंगला आएको कुरा सुनाउनुभयो ।

श्रीरामको कुरा सुन्दा सीताजीलाई खूब रिस उठ्यो र भन्नुहुन्छ- 'त्यसबखतमा मलाई किन उठाउनुभएन ? ऊ आफ्नो काम साध्य गरी गई । अतृ वशिष्ठ, व्यास, भारद्वाज र अरू देवदेवतालाई भने म एकपत्नी व्रतमा छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको वचन कहाँ गयो ? वेस्या सुतेको ठाउँमा म बस्तिन' भनी उच्च स्वरले कराई श्रीरामलाई प्रणाम गरी सरयू नदीमा डुबेर मर्छु भनी आधारातमा सीताजी उठेर हिड्नुभयो। स्त्रीहरू सम्झेर श्रीराम हाँस्तै पछि-पछि लागी सीताजीलाई सम्झाउनु हुन्छ– 'सिते ! त्यसो नगर, तिमी जे भन्दछ्यौ त्यै गर्न तयार छु।' सीताजी भन्नुहुन्छ– 'हजूरलाई म कसको बाचा गराऊँ, अग्नि हजूरको मुखमा छ, चन्द्र-सूर्य आँखा छन् समुद्रमा निवास छ, पृथ्वी वशमा छिन् शेषशय्या छ त्यो पनि लक्ष्मणरूपले सँगै छन्, वनमा जाँदा पनि दाजु छोडेनन्। वेद-उपनिषद्, शास्त्रहरू पनि हजूरको श्वास-प्रश्वासबाटै निस्केका छन्, जहाँ जे देख्छु हजूरको नै पक्षमा छन् मैले कस्तो बाचा गराऊँ ? भैगो त्यसो भए मैले सत्य नै बोलेको हुँ भनी गुरु वशिष्ठको पाउ पर्नुहुन्छ भने म विश्वास गर्दछु' भन्नुभयो। लक्ष्मण पनि पछि लाग्नुभएको थियो। श्रीरामले गुरु वशिष्ठलाई बोलाउन पठाउनुभयो। मध्यरातमा लक्ष्मण बोलाउन आएको देख्दा गुरु र गुरुमा के विघ्न पर्‍यो भनी हडबडाउनुभयो।

लक्ष्मण भन्नुहुन्छ– 'श्रीरामको आज्ञा छ।' कहाँ भन्दा सरयू नदीको किनारामा भन्दा गुरु वशिष्ठ· अरुन्धती झन् चकित हुनुभयो गुरु र गुरुमा लक्ष्मण-जीसँग आउनुभयो। गुरुलाई श्रीरामले सबै वृत्तान्त सुनाउनुभयो, 'लक्ष्मी सीता हुन् त्रिभुवनमा हजूरको पाउबाहेक विश्वास गर्ने ठाउँ देखिनन् र हजूरलाई यहाँसम्म आउने कष्ट दिउँ, क्षमा पाऊँ' भनी श्रीरामले गुरुको पाउमा पर्नुभयो अनि वशिष्ठ सीताजीतर्फ हेर्दै भन्नुहुन्छ– 'महामाया ! यो के गरिबक्सेको ?' सीताजी लाजले निहुरिनुभयो, सबै जना राजमहलमा आउनुभयो।

भोलिपल्ट पनि सीताको रिस गएको थिएन, तँ बदमास होस् भनी पिंगलालाई पिट्न थाल्नुभयो। ऊ माफीको भिक्षा माग्दै थिई, तेरो शरीर तीन ठाउँमा बाङ्गियोस्, सबैले घृणा गरून् भनी श्राप दिनुभयो। हात जोडी ज्यादै रोएकी हुनाले दया आयो र सीताजी भन्नुहुन्छ- 'भैगो तेरो उद्धार कृष्णावतारमा हुनेछ' भनेको हुनाले त्यै पिंगला वेस्या कुब्जा हो। यो रहस्य वशिष्ठजीले बुझिसक्नुभएको थियो। धन्य प्रभुको लीला ! अस्तु !

आशा इच्छा नराखेर गर्दै हर्दम् काडा मन।
भोग्दै प्रारब्धको भोग श्रीकृष्ण शरणं भन॥

–शान्ति सतक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी शिवानन्द

–उप प्रा. रघु घिमिरे

आजभन्दा एक सय दुई वर्ष पहिलेको कुरा हो प्राचीन भारतको रामनद राज्यको तिरुनलवेल्ली जिल्ला पट्टमडाइ गाउँमा सन् १८९६ सितम्बर ८ तारिखमा कुप्पुस्वामीको जन्म भएको थियो। आमाको नाउँ पार्वती अम्काम र बुवाको नाउँ वेंगु अय्यर थियो। वेंगु अय्यरका हजुर्बुवा श्री अप्पय्या दीक्षितार ईसुकि सोह्रौं शताब्दीका महान् सन्त थिए। उनी वेदान्त र संस्कृतका प्रकाण्ड पण्डित एवं भगवान् शिवका उपासक थिए।

किंवदन्ती अनुसार एकचोटि श्री अप्पय्या श्री तिरुपति वालाजीको दर्शन गर्न मन्दिरमा गए, तर उनी शिवभक्त भएकाले मन्दिर भित्र पस्न दिइएन, किनभने यो मन्दिर वैष्णव भक्तहरूको मानिन्थ्यो। भोलिपल्ट तिरुपति वालाजीको मूर्ति नै शिवलिङ्ग भएको देख्दा मान्छेहरू छक्क परे अनि डराउँदै विनम्र भएर प्रार्थना गर्दै अप्पय्या दीक्षितारलाई मन्दिरभित्र लगे। उनको भक्ति एवं प्रार्थनावाट शिवलिङ्ग फेरि श्री वेङ्कटेशको मूर्तिमा परिणत भएको थियो।

यस्तो महान् परम्परा भएको पवित्र कुलमा कुप्पुस्वामीको जन्म ईश्वर अनुराग सँगसँगै भएको थियो। ईश्वर-भक्ति, गरीव दुःखीप्रति सहृदयता, पशु-पंछीप्रति दयाको भावना र उदारता जन्मजात थियो। पढाइ–लेखाइ वा खेल सबैमा कुप्पुस्वामी नै प्रथम स्थान प्राप्त गर्थे। एकपल्ट राज्यपाललाई एम्थील पट्टमकार्ड नजिकै कुरुमला गीरिमला आए। त्यतिखेर उनको स्वागत समारोहमा कुप्पुस्वामीले गरेको स्वागत भाषण लार्डको भाषण भन्दा पनि धेरै प्रशंसित भयो।

विहान तीन-चार बजे उठेर दसबाह्र माइल टाढा रहेको घना जङ्गलमा अथवा एकान्त मन्दिरमा ध्यानस्थ हुनु या हरिजन बस्तीको अखाडामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएर कुश्ती सिक्नु उनका बाल्यावस्थाका रुचि थिए । भोक-तिर्खाका सम्भावना भन्दा भिन्नै संयम र अनुशासनको वलियो जगमाथि नै उनको जीवन-निर्माण भइरहेको थियो । कुप्पुस्वामीको जीवनमा आत्मसंयम र सेवा भावना नै मुख्य थिए ।

परम्परागत रुढीवादी एवं धार्मिक संस्कारले युक्त परिवारलाई कुप्पुस्वामीले डाक्टरी पढेको मन नपराए पनि सेवा र परोपकारको जन्मजात भावनाले नै उनलाई बनायो । तांजोर मेडिकल कलेजबाट डाक्टरी पास गरेपछि उनले मलाया गएर सेवा गर्ने विचार गरे । ब्राह्मण कुप्पुस्वामीको यस्तो विचारको परिवारबाट निक्कै विरोध भयो । तर केटाकेटी उमेरदेखि नै उनी अछूत मानिनेहरूसँग खेल्ने, कुश्ती सिक्ने सन्दर्भमा आफ्ना हरिजन गुरुका चरणमा दण्डवत् प्रणाम गर्ने गर्थे । कुप्पुको निर्मल मन मलायावासी र भारतीयहरूमाझ कुनै भेद मान्दैन थियो । मलाया पुगेपछि एउटा रबर कम्पनीका मिष्टर रोबिहत्सले-'तपाईं एक्लै यति ठूलो अस्पताल कसरी सँमाल्नु हुन्छ ?' भनेर सोध्दा उनले भनेका थिएँ- 'महोदय ? एउटा मात्रै होइन म त यस्ता तीनवटा अस्पताललाई एक्लै सँमाल्न सक्छु ।'

'असहाय दीन-दुःखी व्यक्तिहरूको सेवा गर्ने अवसरबाट चुक्नु हुँदैन । आनन्दसँग र कुनै फलको कामना नगरेर सेवा गर्नुपर्छ । सेवाको अवसर प्रदान गरिएकोमा ईश्वरलाई धन्यवाद दिनुपर्छ । नबिर्सौं मानव सेवा नै ईश्वर सेवा हो । सेवा नै हृदय शुद्धिको योग हो । तपाईं भित्र विराजमान ईश्वर नै तपाईंलाई सेवा कार्य गर्नका लागि प्रेरित गर्छ । तपाईं त त्यसको साधन मात्र हुनुहुन्छ' भन्ने विचार कुप्पुस्वामीको थियो ।

रात–दिन मान्छेको पीडा–यातना अनि दोस्रो विश्वयुद्धको विभीषिकाले ग्रस्त मान्छेलाई देखेर डा. कुप्पुस्वामीको मन वेदनाले भरियो अनि उनका सामु नयाँ प्रश्न उभिए– के मान्छे दुःख भोग्नकै लागि जन्मिएको हो ? के मानव-जीवनको अर्थ जन्म, जरा, दुःख, मृत्युको चक्र नै हो ? मानव–जन्मको अरू कुनै तात्पर्य छैन ?

डाक्टर कुप्पुस्वामी मलाया छोडेर भारत फर्किए । धेरै दिन हिमालयको उपत्यकामा रल्लिएपछि गङ्गातटमा स्थित हृषिकेशको स्वर्गाश्रममा आएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बसे । पछि महात्मा स्वामी विश्वानन्दजीबाट दीक्षा लिए, यसरी कुप्पुस्वामी शिवानन्द भए । उनकै शब्दमा–'एक दुई हाता म मणिकूट पर्वत शृङ्खलाका तमाम कन्दरामा घुमिसकेको थिएँ, पछि बस्नका लागि एउटा जीर्ण कुपडी फेला पारें । त्यसका क्याल-ढोका सबै बिग्रिसकेका थिए । छानो पनि उडिसकेको थियो, भित्र-बाहिर धमिरा लागेका थिए । सर्प र बिच्छीहरूको त बस्ती नै त्यहीं थियो तैपनि शान्त एकान्त ठाउँ पाएकोमा मलाई सन्तोष थियो ।

स्वर्गाश्रम–लक्ष्मण झुलामा गल्लीमा ॐ ॐ ॐ रट्दै हिंड्ने स्वामी शिवानन्दले त्यहाँका अधिकांश साधु भीषण जाडो र भोकबाट मर्दा रहेछन् भन्ने अनुभव गरे । साधुहरूको यस्तो दयनीय स्थिति देखेपछि उनी दु:खी भए । फेरि उनको 'सेवा' को संस्कार जाग्यो- 'सेवा नै आफ्नो जीवनको साधना-मार्ग हो' भन्ने अनुभव गरे ।

एक पल्टको कुरा हो– कुम्भ मेलामा हैजाको महामारी चल्यो, मान्छे भागाभाग भए, तर सेवाले प्रेरित स्वामीजीले सवारी–साधनको अभावमा दुई-दुई जना रोगीलाई आफ्नो काँधमा बोकेर सुरक्षित ठाउँमा पुऱ्याए । यसै बीच कति रोगीले उनको जिउमा नै छाद्नु–छेर्नु पनि गरे तर उनका मनमा कत्ति पनि घिनको भाव लागेन–भगवत सेवा गरे जस्तै रोगी–नारायणको सेवामा तल्लीन भएका थिए । त्यति खेरका सबै महात्मा वर्तमानमा पनि शिवानन्दको सेवालाई सम्झँदै भन्छन्– उनको 'शिवआत्मा' सेवामा नै लागेको हुनाले 'सेवानन्द' नाउँले पनि प्रसिद्ध भए । शिवानन्दले-आफ्नो जीवनमा ज्ञान-दानलाई महत्त्वपूर्ण स्थान दिएका थिए । जीवनका अनेकौं पक्षलाई लिएर ३०० वटा ग्रन्थहरू लेखे । मुमुक्षुहरूका लागि दीव्य-जीवनसङ्घको स्थापना गरे । रोगीहरूका लागि सेवार्थ शिवानन्द चिकित्सालय बनाए । आयुर्वेद विज्ञानको रक्षाका लागि हिमालयका जडीबुटीहरूले युक्त शिवानन्द आयुर्वेदिक फार्मेसी स्थापना गरे। भारतीय संस्कृति एवं योग वेदान्तको शिक्षाका लागि 'योग वेदान्त अरण्य अकादमी' स्थापना गरे । दिव्य जीवनसङ्घको स्थापना पछि उनी गंगोत्रीर हिमालयलाई छोडेर सम्पूर्ण भारत एवं श्रीलङ्काको यात्राका लागि प्रस्थान गरे । यस यात्रामा उनले विश्वविद्यालय, अस्पताल, जेल, कलकारखाना र खानीहरूमा अनि गल्ली गल्छेडाहरूमा गएर मान्छेलाई जीवनको मर्म सम्झाए– 'मदत गर, सेवा गर, झगडा नगर, मिलेर शान्तिसँग सबैलाई सहायता गर, मतभेद अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलह नगर। सेवाको बाटो विकट छ। अपमान भए सहनु। स्तुति र निन्दा यो त हावाको तरङ्ग मात्र हो। यस भन्दा माथि उठ।

गरीव, रोगी र दुःखीहरूको सेवा गर। जो गिरेका छन् तिनलाई उठाऊ, अन्धालाई बाटो देखाऊ, पीडितहरूलाई आश्वस्त पार। शोकातुरलाई उत्साहित गर, यही तिम्रो जीवन मन्त्र हुनुपर्छ। ईश्वरमा सम्पूर्ण श्रद्धा र छिमेकीलाई आफन्त जस्तै माया गर, हृदय तथा आत्माभावबाट पशु, प्राणी, वालक र स्त्रीहरूको रक्षा गर्ने आफ्नो जीवनको सूत्र हुनुपर्छ। सेवाबाट नै हृदय-शुद्ध हुन्छ। ईश्वरको साक्षात्कार र जीवनमा शान्तिका लागि सेवा बाहेक अरू कुनै बाटो छैन।

हे वृक्ष हो ! सुन सबै हरिका निमित्त
हामी भयौं विरहिणी बहुतै प्रमत्त।
बिन्ती गऱ्यौं गर दया अब हामिमाथि
श्रीकृष्ण छन् भन कता बटुलेर साथी॥

—श्रीकृष्ण सन्देश

द.नं. १८०१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट तीर्थको महिमा

–प्रा. रामराज शर्मा

देवघाट पश्चिम पहाडी प्रदेशबाट बहेका सप्तगण्डकी मिलेको ठाउँ हो । यो पुण्य स्थलका रूपमा प्राचीन ग्रन्थहरूमा वर्णित छ । गण्डऋषिले सर्वप्रथम स्नान गरेका र साक्षातभगवतीको गण्डस्थल अर्थात् गालाबाट झरेका पसीनाबाट यी सप्तगण्डकीको उत्पत्ति भएको हो । लोकलाई भूक्ति-मुक्ति दिन नै गण्डकी नदीहरूको उत्पत्ति भएको हो । गौरीले पांच वर्षसम्म व्रत गरी यो क्षेत्र घुमी सप्तगण्डकीहरू पसीनाबाट उत्पन्न भएको रोचक प्रसंग, स्कन्द पुराणमा पढ्न पाइन्छ । सप्तगण्डकीलाई पौराणिककालमा धर्मधारा यशोधारा, विश्वधारा, सितप्रभा, रत्नधारा, सुवर्णभा र कृष्णा भाख्या भनिन्थ्यो । माहेश्वरी, ब्राह्मी, नारसिंही, वैष्णवी, कौमारी, कालिका, गंगाका रूपमा पनि यी नदी परिचित हुँदै गए । हिजोआज यी नदीहरूलाई त्रिशूली, बूढी गण्डकी, मर्स्याङ्दी, सेती, मादी, मोदी र कोसी गण्डकी भनिन्छ । साक्षात् भगवती जलदेवीका रूपमा रहेर यी नदीका माध्यमबाट आफ्नो शक्तिको स्रोत युगयुगसम्म प्रवाहित गर्ने वरदान पनि गण्डऋषिलाई दिएको कुरा पौराणिक ग्रन्थमा पढ्न पाइन्छ । स्नान, ध्यान, जप, दान, पितृ तपर्ण आदि सबै कुराका लागि गण्डकी नदी पुण्यदायक छन् । यी सबै गण्डकी मिलेका ठाउँ देवघाटको महिमा त के भन्नुपर्छ र ! देवघाट तीर्थका बारेमा भनिएको छ-

सर्वासां संगमे धीर देवघाट उदाहृते
सर्व तीर्थ मये पूते स्नानात् कोटिगुणं फलम्
सर्व तीर्थमया नद्यः सर्वदेव मयोत्तरः
तासां सुसंगमे नित्यममरैः स्नायते समम्
देवदेवः स्वयं ताज तिष्ठति प्रमथैः सह
देव तीर्थमिति प्रोक्तं तस्मात् सर्वं फल प्रदम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पृथिव्या यानि तीर्थानि सन्ति फल प्रदानि च
कोटि कोटि गुणं तेभ्यः स्नात्वा ताज प्रलभ्येत.

(हिमवत् खण्ड ४४–१०३–७)

अर्थात्

कुमार स्कन्द भन्छन्- हे धीर अगस्त्यजी सबै तीर्थ मिलेको देवघट्ट (देवघाट) तीर्थस्थानमा स्नान गर्नालि करोड गुना फल प्राप्त हुन्छ। नदीहरू सबै तीर्थ स्वरूप छन्, सबै देवता स्वरूप हरि हुन् नदीका संगममा सबै देवताहरूले बराबर स्नान गर्दछन्। देवताका पनि देवता शिव आफ्ना प्रमथ गण सहित यहाँ रहनुहुन्छ त्यसकारण सबै तीर्थको फल दिने यस तीर्थलाई देवतीर्थ भनिन्छ। पृथिवीमा जति तीर्थहरू छन् ती तीर्थहरूले जतिफल दिन्छन् त्यसको करोड गुणाफल कृष्ण गण्डकी मिसेको संगम स्थलमा स्नान गर्नालि पाइन्छ।

यसरी देवघाट तीर्थको महिमा स्कन्दपुराणमा फेला पर्छ भने त्यस्तै पद्मपुराण, बराहपुराण आदि ग्रन्थहरूमा पनि केही चर्चा पाइन्छ। रामलाई वशिष्ठले योग वाशिष्ठको शिक्षा देवघाटकै आसपास दिएको कुरा पनि किंवदन्तीमा सुनिने गर्छ। जेहोस् देवघाटको महिमा प्राचीनकालदेखि आजसम्म उत्तिकै प्रभावकारी रहेको छ। देवघाट तीर्थको महिमा झल्किने एउटा कथा स्कन्दपुराणको हिमवत् खण्डमा पाइन्छ। जो यस प्रकार छ-

सरस्वती शहरमा रुपकेतु नामका राजा थिए। तिनका कामप्रभा र पद्मिनी नामका दुई रानी थिए। विदर्भ राजाकी छोरी पद्मिनी सुन्दरी र छत्ररूप देशका राजाकी छोरी कामप्रभा नराम्री भएकीले राजाका दृष्टिमा तुच्छ थिइन्। पद्मिनी चाहिं प्रिय थिइन्। कामप्रभाले आफू विरूप भएका कारणले पति रुपकेतुबाट माया-ममता कहिल्यै पाउन सकिनन्। सधैं दिक्क भएर रहनु पर्थ्यो। देवघाट नुहाएर फर्केका यात्रीबाट उनले देवघाटको महत्त्व थाहा पाइनन् र मौका मिलाएर माघे संक्रान्तिका दिन देवघाट पुगी स्नान गरिन्, सकेसम्म चाँदी तथा अन्य चीज दान गरिन् र माइत फर्किन्। उनको चाहना आफ्नो कुरूप हटोस् भन्ने रह्यो। बिस्तारै उनको कुरूप हट्तै ६ महीनामा उनी अति सुन्दरी बनिन्। यो थाहा पाएर रुपकेतु राजाले लिन पठाएर अत्यन्त प्रेम गरी उनलाई राखे। पद्मिनी फिका भइन्। धेरैकाल आनन्दपूर्वक रहेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालगतिले राजा मरे, रानी कामप्रभा सती गइन् । राजालाई यमदूतहरूले तान्न र कामप्रभालाई विमानमा राख्न देवदूतहरूले तान्ने हुन लाग्यो । विमान चढेर जान कामप्रभा मानिनन् पतिलाई लैजान पाए स्वर्ग जाने नभए आफू पनि नरक नै जाने उनको आग्रह थियो ।

कर्मफल भनेको आफूले गरेको पाइन्छ, अरूले गरेर हुँदैन । राजाले जे गरे त्यो भोग्नुपर्छ भनेर कति सम्झाउँदा पनि कामप्रभा मानिनन् । त्यसो भए देवघाट स्नान गरेको जुन पुण्य हो त्यो आधा राजालाई सङ्कल्प गरी देऊ, त्यस पुण्यका प्रभावले राजा पनि तिमीसँगै जान पाउँछन् भनेर देवदूतले भनेपछि कामप्रभाले त्यसै गरिन् । राजालाई यमदूतले छाडिदिए स्वर्गमा गएर कल्पकल्प रहेपछि फेरि पृथिवीमा राजारानी भएर ती जन्मे ।

अरू तीर्थमा गरेको फल आफूले मात्र भोग्न पाइन्छ तर देवघाट (देवतीर्थ) को पुण्य त अरूलाई पनि बाँड्न पाइन्छ । फेरि कुरूपलाई पनि सुरूप बनाउने काम यस तीर्थले गर्छ । त्रिशूली र गण्डकीको मेल भएको तीर्थ भएकाले यो हरिहर क्षेत्रका रूपमा प्रसिद्ध छ ।

हर्दं मृगीहरूसँगै रतुवाहरू हो !
उफ्री रमेर बस फुर्सत के अरू भो ? ।
श्रीकृष्णका चरणमा खिचिएर आफैं
लाग्दैन भाग्य नभएपछि चित्त साँचै ॥

—श्रीकृष्ण सन्देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थस्थल

गोसाइँकुण्ड

—घटराज भट्टराई

नेपाल प्राचीनकालदेखि धार्मिक र आध्यात्मिक दृष्टिले महत्त्व राख्तै आएको देश हो । हिमवत्खण्ड नेपालका हिमाल र कर्ना, पहाडी श्रृङ्खला र प्राकृतिक वातावरण देख्ता प्राचीन ऋषिमुनिहरूको तपोभूमि, साधनास्थल र देवताहरूको क्रीडाक्षेत्र र आश्रयस्थल रहेको कुरा स्पष्ट बुझन सकिन्छ । कहाँ-कहाँ कस्ता-कस्ता साधना स्थल छन् ? ती कसरी महत्त्व राख्छन् ? तिनको धार्मिक तथा प्राचीन महत्त्व के छ भन्ने कुरा अनुसन्धानको विषय छ । नेपालका त्यस्तै पुण्यस्थलमध्ये गोसाइँकुण्ड पनि एक हो ।

बागमती अञ्चलको रसुवा जिल्ला अन्तर्गत पर्ने गोसाइँकुण्ड धार्मिक तथा प्राकृतिक दृष्टिले विशेष महत्त्व राख्ने तीर्थस्थल हो । हिमाली चुचुराका बीचमा रहेको यो कुण्ड करीब १४ हजारको उचाइमा रहेको छ । कुण्ड विशाल र मनमोहक छ । हिमाली चुचुराको कुण्डमा छाया पर्दा र त्यहाँको पानी हल्लँदा जे जस्तो दृश्य देखिन्छ त्यो वर्णन गर्न सकिँदैन । यहाँ ऋषितर्पणी अर्थात् जनै पूर्णिमा र दशहरामा स्नान गर्ने मेला लाग्छ । टाढा-टाढा देखिका श्रद्धालु भक्तजन यहाँ आएर स्नान गरेर जलभित्रका महादेवको दर्शन गर्छन् र आफूलाई कृतकृत्य ठान्छन् । हुन पनि यहाँको प्राकृतिक दृश्यपान गर्दा जीवनमा अद्वितीय आनन्दको अनुभव हुन्छ ।

यहाँको धार्मिक महत्त्व र कुण्डको महिमा स्कन्दपुराण अन्तर्गत हिमवत् खण्डमा यसरी प्रकाश परिएको छ – त्रिशूल धारा र धर्म धाराको उत्पत्ति, नील कण्ठको उत्पत्ति कसरी भयो भन्ने अगस्त्य ऋषिको प्रश्नको उत्तर दिँदै कुमार स्कन्द भन्छन् – प्रलयकालमा चौध रत्नहरू समुद्रमा विलीन थिए । जगत्को सृष्टि भएपछि कल्पवृक्ष अमृत, लक्ष्मी, ऐरावत, उच्चैश्रवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता रत्नहरूलाई झिक्न देवदानव मिलेर समुद्र मथन गर्ने निश्चय गरे। समुद्र मथन गर्दा लक्ष्मी निक्लिन्– र विष्णुले लिए, ऐरावत र कल्पवृक्ष इन्द्रले लिए, उच्चैश्रवा सूर्यले लिए, धनु मैले (स्कन्दले) लिएँ। अमृत जबरजस्ती दैत्यहरूले लिए। बासुकी नागबाट कालकूट विष बनी निस्क्यो, देवता र दैत्यहरू भस्म हुन लागे। यो देखेर देवता रुद्रका शरणमा गए। लोकरक्षार्थ रुद्रले विषलाई घाँटीमा राख्नुभयो– उहाँ नीलकण्ठ यसै कारणले कहलिनुभयो – विषले निकै पोलेकाले गौरीले नुहाई तपस्या गरेको नीलकण्ठह्रद (गोसाइँकुण्ड) मा जान्नु त्यहाँ गएपछि यो विषको प्रभाव हट्छ भनेर रुद्र त्यतैतिर लाग्नु भयो। बेतको लट्ठी र त्रिशूल लिएर रुद्र हिमाल चढ्न लाग्दा सर्वप्रथम उकालोमा बेत गाडेको ठाउँबाट एक नदी बह्यो त्यो बेतगङ्गा हिजोआज बेत्रावती भनिन्छ। यो त्रिशूलीमा आएर विदुरमा मिल्छ। यसको धार्मिक विशेष महत्त्व छ। त्यसपछि चन्दनाचल हाल चन्दनबारी हुँदै रुद्र उत्तरतिर लाग्नुभयो त्रिशूल गाडेर त्रिशूल गंगाको उत्पत्ति भएकाले यस नदीको पनि आफ्नै महिमा छ। नीलाचलका तीनै चूलीको रसका रूपमा तीनधारा त्रिशूलबाट निस्की रुद्रको विष प्रकोप शान्त हुनगयो। नीलाचलकै तीन चुलीका बीचमा भव्य दह कायम भयो। यो देखेर शिव प्रसन्न हुनुभयो। त्यही दहमा शिव गएर सुत्नुभयो त्यही दहलाई प्राचीनकालमा नीलकण्ठ दह र हिजोआज गोसाइँकुण्ड भनिन्छ। त्यस कुण्डबाट झरेको पानीले अर्को बाटुलो कुण्ड बन्यो – त्यो भैरवकुण्ड भयो। त्यस कुण्डबाट बहेको पानीले अर्को कुण्ड बन्यो त्यो सरस्वती कुण्ड हो। शिवले क्षेत्रपाल र गणेशलाई गोसाइँकुण्डको पश्चिमद्वारमा रहेर सुरक्षा गर भनेर अह्राउनु भयो। त्रिशूलादिका दक्षिण पाखाका थुम्कामा लौरी विनायक र दण्डपाणि क्षेत्रपाल आफ्ना गण सहित बसेका छन्। गणेश र भैरवको अनुमति बेगर गोसाइँकुण्डमा जान कोही सक्तैन र जबरजस्ती गए पनि भलो हुँदैन। अनेक देवी देवताहरूले अनेक पापबाट मुक्ति पाउन यस शैव तीर्थमा आएर नुहाई स्नान गरे। ऋषिमुनिहरू पनि यहाँ आए। विष्णु तथा ब्रह्माले पनि यहाँ आएर स्नान गरी महादेवको दर्शन गरे।

त्यहाँ नुहाएर देवताहरूले शिवको स्तुति यसरी गरे– प्रणवले बुझाइने परमात्मा, जलमूर्ति शिव र शिवा जो प्राणीमात्रमा विराजमान हुनुहुन्छ– सबैलाई नमस्कारमा गर्दै– विकाररहित, निरञ्जन, जगतलाई आनन्द दिने, परब्रह्म स्वरूप परमपरमात्मा परमेश्वरलाई नमस्कार, भूतका पनि भूत, जलदेव, व्यक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अव्यक्त स्वरूप विष खाएर, जगतको रक्षा गर्ने रक्षक भन्दै पार्वतीसहित शिवका स्वरूपलाई चिनाउँदै गुनगान गर्दै प्रार्थना गरे। यस प्रार्थनाबाट प्रसन्न भएका शिवले भन्नुभयो– "तिमीहरू यहाँ आएर स्नान गरेर मेरो स्तुति गर्न तत्पर छौ, तिमीहरू जे चाहन्छौं त्यो पुग्ने छ, नारीहरू, पुरुष र पुरुष यहाँ स्नान गरेपछि देवता बन्ने छ।" खास गरी श्रावण पूर्णिमामा र अन्य पर्वमा पनि संसारका प्रमुख तीर्थहरू यहाँ आउने छन्, त्यसवेला यहाँ स्नान गर्नाले सबै तीर्थ स्नान गरेको फल पाइने छ। संसारमा साँढे तीन करोड तीर्थ छन्। यो कुण्डमा स्नान गर्नाले ती तीर्थमा स्नान गरेको फल प्राप्त हुन्छ। पितृहरू पनि यस कुण्डको पानीको इच्छा गर्छन्। के मानिस भएर जन्मेर पनि यस कुण्डमा स्नान गर्दैनन् तिनको जन्म निरर्थक छ। त्यहाँ स्नान गर्ने भक्तहरूले फेरि यहाँ जन्म लिनु पर्दैन। धर्माद्रीमा आरोहण गर्ने र सात दहमा स्नान गर्ने व्यक्तिहरूका पाइला पाइलामा अश्वमेध यज्ञको फल प्राप्त हुन्छ। माथि उल्लेख भएका तीन कुण्डका अतिरिक्त दीपकुण्ड, पयकुण्ड, यज्ञकुण्ड, अग्निपुरकुण्ड, सूर्यकुण्ड, धर्मकुण्ड, चन्द्रकुण्डहरू पनि छन्। यी कुनै पनि कुण्ड मोक्षदायक र पापनाशक छन् र शिवलोक प्राप्त गराउँछन्। यहाँ आएर तिमीहरूले जो गर्‍यौ– त्यसले देवत्व अमर भएको छ भनी वरदान दिई शिव गोसाइँकुण्डमा शयन गर्न जानुभयो र देवताहरू पनि आ–आफ्नो काममा लागे।

हिमवत् खण्डमा ४५ अध्यायदेखि नीलकण्ठह्रद (गोसाइँकुण्ड) को वर्णन गरिएको छ। यो वर्णन विस्तृत छ। धार्मिक तथा आध्यात्मिक महत्त्व यसमा वर्णित छ। तत्त्वदर्शी ऋषिहरूले लोकको कल्याणका लागि यस स्थानको राम्रो वर्णन गरेर छाडिदिएका छन्।

गोसाइँकुण्ड प्राचीनकालमा आध्यात्मिक विशेष महत्त्वको रमणीय स्थान थियो भन्ने कुरा पौराणिक ग्रन्थबाट थाहा हुन्छ। वर्तमानमा पनि यस तीर्थको कम महत्त्व छैन। यहाँको प्राकृतिक सुन्दरता अनुपम छ। यहाँको सौन्दर्य देखेर मुग्ध नहुने मानिस कमै होलान्। यातायातको कठिनाइ, खानपानको व्यवस्थाको कमी, रहन-सहनका लागि अनेक अभाव र समस्या हुँदाहुँदै पनि यहाँ विदेशी पर्यटकहरूको संख्या दिनप्रतिदिन बढ्दैछ भने स्वदेशी धार्मिक आस्था र विश्वास बोकेर स्नान गर्न जाने यात्रीहरूको संख्या पनि कम छैन।

खास गरी जनै पुर्णिमा र दशहरामा यहाँ मेला लाग्छ। यो ठाउँमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्न रसुवाको सदरमुकाम धुन्चेसम्म मोटरमा पुग्न सकिन्छ र त्यसपछि उकालो पैदल यात्रा गर्नुपर्छ । काठमाडौंबाट सजिलैसँग पाँच दिनमा यहाँको यात्रा गरेर फर्कन सकिन्छ ।

गत जेठ महिनामा यस कुण्डको यात्रा गर्दा यहाँ एक अनौठो घटना प्रत्यक्ष देखियो – त्यो यस प्रकार छ । मेरा मित्रवर यज्ञविक्रम राणा, श्रीमती केशर कुमारी राणा र म समेत गोसाइँकुण्डमा पुग्न लागेका थियौं विकट बाटो समाप्त भइसकेको थियो । भैरवकुण्ड अगाडि आफ्नो विकराल रूप देखिरहेको थियो । त्यही एक सहयात्रीले भैरवकुण्डको महिमा र नागको बिगबिगी तथा निवास बारे सत्य र रोचक घटना सुनाए । त्यो सुनेपछि आधुनिक वैज्ञानिक ग्रन्थ पढेका यज्ञविक्रमलाई पत्यार लागेन । उनले भने 'आजको वैज्ञानिक युगमा केको नाग, बुल्डोजर लगाएर कुण्ड खोलि दिने हो भने नाग साग भाग्छन्' यो वाक्य निकालेको एक मिनेट पनि नबित्दानबित्दै उनले आँखा देख्न छाडे, गोडा चल्न छाडे एक पाइलो पनि अगाडि सार्न नसकी त्यहीं ढल्न लागे ।

त्यसपछि त्यहांका नाग र भैरवको शक्ति उनलाई थाहा भयो र उनले प्रार्थना गर्दै भने "मैले जानिन गल्ती गरें मलाई माफ गर्नुहोस् प्रभु, भनी अनेक पुकारा गरे ।" बिस्तारै उनको गुमेको शक्ति पलाएर आयो । पुनः सात्विक रूपमा शारीरिक तन्दुरुस्ती प्राप्त गर्न २।३ घण्टा लाग्यो । भैरव र नागको त्यो महिमा बुझेपछि मैले स्कन्दपुराणमा पढेको– भैरव र गणेशको अनुग्रह बेगर कोही पनि यहाँ पुग्न सक्तैन भन्ने पौराणिक कथन सत्य हो कैं लाग्छ ।

जलमा सुतेका महादेवको दर्शन सूर्योदयका समयमा हुन्छ भन्ने सुनेको थिएँ । त्यो अनुसार हामी कुण्डमा बास बस्यौं । प्रातः कालमा सूर्योदयका बेला महादेवको दर्शन गर्न म उत्सुक थिएँ टाउको भारी, हिमाली चीसो हावाको प्रकोप, गोडा ठिहिर्‍याउने, प्रतीक्षा गर्न कठिनाइको अनुभव हुँदाहुँदै पनि महादेवको दर्शन गरेरै छाड्ने दृढता लिएर म कुण्डको माथि बसें । बिस्तारै सूर्यको उदय भयो । कुण्डको पानी छलवल छलवल चलिरहेछ । साना ठूला अनेक थरी हिमाली चुचुराहरूको प्रतिविम्व जलभित्र अनेक खेलवाड गरिरहेको देखिन्छ । जलमा शयन गरेका महादेवका वरिपरि अनेक ऋषि–महर्षि, शिवगण र देवताहरू अनेक रूपका देखिन्छन् । कुनै नाचेर, कुनै बाजा बजाएर, कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गाएर, कुनै प्रार्थना गरेर मानौं शिवको आराधना गरिरहेछन् जस्तो प्रत्यक्ष देखिन्छ ।

यो दृश्य देख्ता धार्मिक आस्था र विश्वास भएका मानिसहरू साक्षात् महादेवलाई गणहरू सहित विराजमान देख्छन् भने प्राकृतिक दृश्य मात्र हेर्न चाहने पर्यटकहरू पनि त्यो अनुपम दृश्य हेर्न पाउँछन् । त्यो दृश्य साँच्चै प्रत्यक्ष र मनमोहक हुन्छ । जसमा आस्था र विश्वास छ त्यसले अनुपम आनन्दको अनुभव गर्न पाउँछ ।

प्राचीन अर्थात् पौराणिककालको नीलकण्ठह्रद आज गोसाइँकुण्डको रूपमा छ । यस भेगमा भनिन्छ एक सय आठ कुण्ड छन् । शिवको निवासस्थान कैलाश, हिमालय पुत्री गौरीको क्रीडाभूमि र साधना स्थल पनि संभवत: यतै हुँदो हो । यी सबै कुण्डमा पुग्न सक्ने क्षमता सबैको हुँदैन । प्रमुख रूपमा रहेको गोसाइँकुण्डकै महिमा र प्राकृतिक दृश्य पनि भूक्ति, मुक्ति र आनन्ददायक देखा पर्छ ।

यो पाउको दर्शन पाउनाको
पुगेर मेरो अभिलाष साँचो ।
कुनीरहूँ मस्त हुँदै यहाँ, म
मेरो पुकार यही नै छ राम ।।

–भरत मिलनको पुष्पाञ्जलीबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुहार दैव नटार

—ववि शर्मा

कसले सोचेको थियो होला, टुहुरो जनमेजयले यत्रो पुरुषार्थ देखाउला भन्ने ? आखिर इन्द्रका शरणमा पुगे पनि तक्षकले आफ्नो जातिविनाश भइराखे-को सर्पयज्ञ हेर्नै पऱ्यो । आस्तिकले वचाएर के भयो र ? वास्तवमा मैले तक्षकलाई मार्ने नै नियत कहाँ पो राखेको थिएँ र ? वरु चेतावनी दिने र वेइज्जत गर्ने विचार थियो, यसमा सफलता पाइहालें । तक्षक मात्र कहाँ हो र देवराज इन्द्र नै मसँग डराए । अहा ! क्या मज्जा लागेको थियो मलाई त्यसदिन भाग्यको सहाराले इन्द्रासनमा वसेका देवराजले पनि पुरुषार्थका अगाडि झुक्नु पऱ्यो । तक्षकलाई छाडेर भाग्नुपऱ्यो । जनमेजय पुरुषार्थी राजा हो...... ।

आफ्नो सफलताका यस्तै अनेक तर्कवितर्कमा मनलाई पुलकित गराउँदै गरेका जनमेजयलाई एकाएक यही पुरुषार्थको मदमत्तताले फुरुङ्ग गरायो । उनले अनेक पुरुषार्थी पूर्ववती राजाहरूका कथा सुनेका थिए तर तिनीहरूलाई आफ्नो अगाडि फिका ठैं उनी ठान्न लागे, यसैमा सहसा भीष्मको सम्झना उनमा आयो । उनले कुरुवृद्धको त्यो आवाल ब्रह्मचारी जीवन र दिनचर्याका साथै महाभारतीय चरित्र सम्झे । यस्तैमा उनलाई लाग्यो भीष्म पनि असफल नै थिए पुरुषार्थ देखाउने काममा । युद्ध गरेर मात्र हुन्छ र ? सफलता खै ? उनलाई त पाखुरा-को भरमा र दिव्यासन ज्ञानका वलमा मात्र मानेका हुन् तत्कालीन राजाहरूले । साँच्चै पुरुपार्थी भए किन युद्ध रोक्न सकेनन् ? युद्ध मेरो चाहना होइन वाध्यता हो भन्दै धनु समाउने भीष्म कातर हुन् । पुरुपार्थी जनमेजय यस्ता कातरहरूलाई आदर गर्दैन ।

मनमा अनेक कुरा खेलाउँदै गरेका जनमेजयका आँखा एकाएक वेदव्यासको प्रदीप्त अनुहारमा पऱ्यो । तीनै काल, तीनै लोक र तीनै अवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(जाग्रत् स्वप्न सुषुप्ति) लाई एकै चोटी देख्ने, जान्ने र अनुभव गर्ने व्यासले आफ्नै आँखाले महाभारत युद्ध हेरेका थिए र उनी पनि महाभारतीय युद्ध चाहना नभई बाध्यता मान्थे । यसै बीच जनमेजयले प्रश्न गरे ।

महर्षे ! आज हजुर महाभारत देख्ने र लेख्ने व्यक्तिमा समेत चिनिनु भएको छ । जुन समय पाण्डव र कौरवका बीचमा घरायसी शीतयुद्ध चलिरहेको थियो । त्यतिबेला पनि तपाईंको व्यक्तित्व अत्यन्त निर्मल र महिमामय मानिन्थ्यो । कुरुवृद्ध पितामह भीष्म, धृतराष्ट्र, सम्पूर्ण पाण्डवहरू, दुर्योधन र स्वयं श्रीकृष्ण समेत तपाईंलाई अत्यन्त श्रद्धाको दृष्टिले हेर्थे र आज्ञानुपालन गर्थे तथापि तपाईंले त्यस समयमा युद्ध रोक्ने चेष्टा गर्नु भएन । शान्तिको प्रस्ताव ल्याए पनि युद्धप्रतिको पूर्वाग्रह त्यसमा निहित थियो । तसर्थ त्यो त कागजी घोडा झैं बनाउनु भयो तपाईंले नै । अतः म त भन्छु त्यस अठार अक्षौहिणी सेनाको विनाश र कुरुस्त्रीको वैधव्यको कारण उक्त महायुद्धको बीज तपाईं नै हुनुहुन्छ । किन कि युद्ध रोक्न चाहेको भए तपाईंले रोक्न नसक्ने कुरै थिएन ।

जनमेजयका यस्ता आक्षेपपूर्ण वचन सुनेर त्रिकालदर्शी व्यस्त एकछिन अकमकाए पनि, वास्तवमा जनमेजयलाई यस्तो प्रश्न गर्ने प्रेरणा कहाँबाट आयो के वैशम्पायनले र मैले यत्रो समयसम्म पढाएको नीतिशास्त्र र बुझाएको अनुभवले यस्तो प्रश्न गराउँछ त ? यत्रो बेर सभामा यिनी चूप रहनुको कारण यही रहेछ । मलाई लाग्छ यो अदृष्टले अनिष्टको संकेत गरेको हो ।

एकक्षणमा नै वेदव्यासले भने राजन् ! महाभारतको युद्ध अवश्यम्भावी भाग्यको बलवतीरेखाद्वारा टभिलिखित थियो अतः यो युद्ध भयो । यसको कारण अदृष्ट नै हो । मैले रोकेर रोकिने कुरा होइन-

"अवश्यंभावितो भावा भवन्ति..."

गम्भीर र अविचलित मुद्रामा वेदव्यासले जवाफ दिए ।

गुरु ! हुन त हजुरलाई मैले के बेलिविस्तार लगाउनुपर्छ र ? तर चाहेको भए हजुर जस्ता पुरुषार्थी व्यक्तित्वले त्यस अदृष्टलाई राजाले बन्दीलाई थुनामा राखे झैं थुन्न सक्नुहुन्थ्यो, शर्यौं कोश पर खेद्न सक्नुहुन्थ्यो तर आफ्नो पुरुषार्थ नै युद्ध गराउन लगाउनु भएको थियो अनि कहाँ युद्ध नभई छाड्थ्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपालम्भ र व्यङ्ग्यमिश्रित लवजमा उपत् हास्यका साथ जनमेजयले वेदव्यासलाई जवाफ दिए।

सामुन्ने बसेका वेदव्यासका अनुहारमा चिन्ताको लहर देखियो उनी सोच्न लागे। आखिर जनमेजयलाई यही सर्पयज्ञ गरेर पाएको सफलताले ठूलो घमण्ड चढेछ। घमण्डको जाँतोले विवेक वृक्षको मुनालाई थिचेपछि के लाग्छ ? कौरववंशको अवशेष जनमेजयको यो घमण्ड ? निश्चय नै अनिष्टको खेल हो यो। म के गरुँ ? किंकर्तव्यविमूढ व्यास गम्भीर मुद्रामा सोच्दै थिए। यसै बेला वैशम्पायनले जनमेजयलाई भने– राजन् ! महाभारतको युद्ध वस्तुतः आपसी कलहजन्य बीजद्वारा उम्रेको वृक्ष हो। यसलाई कौरव र पाण्डवको नियतिले जन्माएको हो। यसमा वेदव्यासको कुनै भूमिका थिएन। फेरि तिमीले पुरुषार्थले भाग्यलाई परास्त गर्न सकिन्छ भनी जुन कुरा भन्यौ त्यो असम्भव, असत्य र निरर्थक छ। पुरुष भाग्यको आडमा रहेर पुरुषार्थ देखाउन सक्छ पुरुषार्थले भाग्यलाई बदल्न सक्दैन।

जनमेजयका यस्ता जवाफ सुनेर पनि जनमेजयको ऐश्वर्यमद र पुरुषार्थमद टुङ्गो लागेन। उनी वैशम्पायनलाई पेच मार्दै भन्न लागे। गुरु ! पुराणका कथा र नीतिश्लोक रटेर जीवन बिताउने तपाईं र वेदव्यास जस्तालाई पुरुषार्थ के हो र यो कस्तो हुन्छ- भन्ने के थाहा ? तपाईंहरूले भाग्यको सहारामा जीवन धान्नुभएको छ अतः पुरुषार्थलाई चिन्नुभएकै छैन। भाग्यले जोगाउने भए देवराज इन्द्रको संरक्षणमा स्वर्गमा रहेको तक्षकले किन सर्पयज्ञको मन्त्रप्रभावमा परेर मर्त्यलोक हेर्न आउनुपर्थ्यो। इन्द्रले तक्षकलाई भाग्यवान बनाउन खोज्दा स्वयं उनको आसनमा नै जनमेजयको पुरुषार्थले भूकम्प ल्याएको बिर्सनुभयो र भाग्यले पुरुषार्थलाई डोहोऱ्याउँछ भन्दै वेदव्यासलाई बचाउन खोज्नुहुन्छ। निर्दोष गराउन खोज्नुहुन्छ।

वेदव्यासले एकोहोरो र अविश्रान्त दृष्टिले जनमेजयलाई हेर्दै भने राजन् ! म निर्दोष छु यसको प्रमाण स्वयं म नै छु किनकि म ठीक ठाउँमा छु महाभारत अदृष्टको खेल थियो। पुरुषार्थले अदृष्टलाई परिवर्तन गर्न नसकिने भएकाले यसलाई शान्तितर्फ ढल्काउन सकिएन स्वयं भगवान् कृष्णले पनि प्रयास नगरेको होइन। भीष्म पनि शान्तिकै पक्षमा थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यासले भीष्मको नामोच्चारण गरेको सुन्ने वित्तिकै जनमेजयले कुरा काटिहाले। भीष्म ती त केवल लाछी र नपुंसक कैं जीवन बिताउने निरीह प्राणी हुन्। बूढाभएकाले सबैले उनलाई आदर गर्थे र दिव्यास्त्र ज्ञान भएकाले मात्रै उनलाई त्यस बेला महत्त्व दिएको हो। उनी पुरुषार्थी भए अर्काको जल-अन्नमा बाँच्ने थिएनन् उनका कुरै छोड्नोस्।

जममेजयको यस्तो प्रहारले वेदव्यासको सात्विक मनमा पनि केही क्रोधको मात्रा चढेको देखियो उनले एक क्षण आँखा चिम्ले र जनमेजयलाई भने– राजन्! तिमी पनि भाग्यकै दास छौ। घमण्ड नगर।

म कसरी भाग्यको दास छु? बरु भाग्य मेरो दास छ म पुरुषार्थले भाग्यलाई दास बनाउँछु। जनमेजयले रातो पीरो हुँदै जवाफ दिए।

राजन्! यदि साँच्चै तिमी पुरुषार्थले भाग्यमाथि विजय पाउन सक्छु भन्ने विश्वासले बाँधिएका छौ भने म तिम्रो भाग्य बताइदिन्छु "तिमी कुष्ठरोगद्वारा मर्नेछौ" आगाको फिलुङ्गो कैं राता-राता आँखा पारेर वेदव्यासले जनमेजयलाई यस्तो भनेको सुनेर सबै सभासद् चकित भए नजिकका वैशम्पायन व्यासको यो क्रोधाग्नि देखेर भयभीत भए एवं जनमेजय पनि केही ठण्डा देखिए तर वेदव्यास भने भन्दै रहे राजन्! भाग्यलाई कमारो बनाउँछु भन्छौ कुष्ठरोग नलागी कालगतिले मर तिमीलाई बरु उपाय बताइदिन्छु। तिमीले श्यामकर्ण घोडा नपाल्नू र नचढ्नू पनि, पालिहाले पनि अश्वमेध यज्ञ नगर्नू, अश्वमेध यज्ञ गरे पनि वृद्ध ब्राह्मणलाई मात्र निमन्त्रणा गर्नू ओठ फरफर पार्दै चोरऔंला ठड्याउँदै जनमेजयलाई उनी भन्दै रहे। यादराख जवान ब्राह्मण नबोलाउनू सम्झिराख जवान ब्राह्मण नबोलाउनू बोल्दाबोल्दै आसनबाट उठेर वेदव्यास सभभावन छाडी बाहिर निस्के।

X X X

"मन्त्री राज्यमा के कस्तो व्यवस्था छ। प्रजाहरूको राज्य व्यवस्था प्रति कस्तो दृष्टिकोण छ? छिमेकी राजाहरू के भन्छन्? के हामीमा कुनै कुराको कमी त छैन? समयमा नै सबै कुरा बुझिराख्नुपर्छ। कौरववंशी राजाको राज्यमा कुनै कमी नहोस् र कुनै टिप्पणी नआओस् अतः कुनै कुरा छ भने भनिहाल"– दर्शनार्थ आएका मन्त्रीलाई जनमेजयले भने।

"राजन्! प्रजा सुखी र खुसी छन्। सरकारको राज्य व्यवस्थामा कुनै त्रुटि कतै देखिएको छैन। सबै राजाहरू करदीकृत भएकाले राष्ट्रविप्लवको शङ्का नै छैन बरु करदीकृत राजाहरू श्यामकर्ण घोडामा चढेको देख्दा र सरकार चाहिं साधारण घोडामा सवार भएको देख्दा मलाई हाम्रो राज्यश्रीमा एक कमी भएको अनुभव भइरहेछ" मन्त्रीले सविनय राजालाई बिन्ती बिसाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"श्यामकर्ण घोडा..." यस शब्दले जनमेजयलाई व्यासको क्रुद्ध स्वरूपको सम्झना दिलायो एवं कुष्ठरोगको भयङ्करता उनले सम्झे। उनी गम्भीर हुँदै चूपचाप बसे र सोच्न लागे हो त श्यामकर्ण घोडा विनाको राजा के राजा ? अनि त्यस्तो राज्य के राज्य जुन राज्यको माटो श्यामकर्ण घोडाका टापले कुल्चिएको छैन तर के गर्नु ? व्यासको भनाइ यस्तै छ श्यामकर्ण घोडा नपाल्नू तर पाले पनि नचढ्नू भनेका थिए पाल्न चाहिं पाल्नुपर्ला नचढे त भइहाल्यो नि ।"

"केही क्षणपछि जनमेजयले मन्त्रीलाई रोकिदै–रोकिदै भने श्यामकर्ण घोडा ल्याउनू तर दरवारको तवेलामा नराखी सैनिक छाउनीमा नै राख्नू त्यतै तालिम दिनू" मन्त्रीलाई अह्राउँदा जनमेजयको अनुहार पसिनाले तरतर भएको थियो ।

X X X

राजप्रासादको उतुङ्ग अट्टालिकामा बसी राजा जनमेजय रानीसँग अनेक मनोरन्जनात्मक ठट्टा गर्दै थिए । रानी मुग्धभएर राजाको कुरा सुन्दै थिइन् धेरै टाढाको टुँडिखेलमा सैनिकहरूले कवाज खेलेको आवाज आउँदै थियो । राजा आफ्नो सैन्यशक्तिको तालिम निर्निमेष दृष्टिले हेर्नलागे । यसै बीच सेनाको एउटा सानो टुकडीले घोडालाई सदाउन लागेको उनले देखे । सदाउन लागेका धेरै घोडामध्ये एउटा बेइमान घोडाले सवारलाई पछारिरहेको दृश्य देखेर रानी हाँस्न लागिन् । घोडा सदाउन र तह लगाउन खप्पिस राजा जनमेजय त्यस बेइमान घोडाको चर्तिकला हेर्दै थिए । चार-पाँच जना जवान लागेर बल्लतल्ल घोडा समाएको तथा धेरै कोसिस गरेर एउटा सिपाही डराउँदै चढेको र चढेको केही समयमै घोडाले त्यसलाई पछारेको दृश्यले राजालाई घोडा तह लगाउने झोंक चल्यो । उनी अट्टालिकाबाट ओर्ली सरासर घोडालाई तालिम दिंदै गरेको टुँडिखेलमा पुगे र सिपाहीहरूलाई "एउटा घोडा तह लगाउन नसक्ने लाछीहरू !" भन्दै गाली गर्न लागे अनि आफैं चढेर चाबुक दिंदै उक्त घोडालाई काबू बनाए । राजाको फूर्ती देखेर रानी जिल्ल परिन् । सिपाहीहरू डराए । घोडाबाट ओर्लंदा राजालाई थाह भयो उनले त त्यही निषिद्ध श्यामकर्ण घोडा पो चढेका रहेछन् । उनी शीताङ्ग भए । सहसा उनका अगाडि व्यासका लाललाल आँखा र तर्जनी निर्देश देखा परे झैं अनुभूति भयो । बिमारी झैं बनी उनी दरबारतर्फ लागे ।

X X X

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"राजा जनमेजय स्वार्थी र विलासी छन्"

"राजा विवेकी छैनन् घमण्डी छन्"

"राजा सम्पत्तिको रक्षामा प्रयत्नशील छन्, उनलाई धर्मबारे वास्तै छैन"

"साँच्चै नै रहेछ, उनीभन्दा कम शक्तिशाली राजाहरूले अश्वमेध गरिसके तर जनमेजय चाहिं श्यामकर्ण घोडा बूढो बनाउँदै छन्"

"उनी त सर्पयज्ञ पो गर्छन् । प्रतिशोध र हिंसामा आधारित यज्ञ गर्नेलाई योगक्षेममूलक यज्ञ गर्ने सद्बुद्धि कहाँबाट आउँछ र ?"

डबलीमा बसी कुरा गर्दै गरेका आफ्ना प्रजाका मुखबाट आफ्नै आलोचनात्मक वाक्यहरू गोप्य भेषमा राज्यस्थिति बुझ्न आएका राजा जनमेजयले सुने । उनीले हरेक वाक्यलाई र आफ्नो शासनकाल र शासन व्यवहारसँग दाँजे । सोझो दृष्टिमा प्रजाको भनाइमा सत्यता थियो । उनलाई अन्तिम वाक्यले बढी घोच्यो उनले सोचे र मनमनै गुने साँच्चै नै सर्पयज्ञ "प्रतिशोधात्मक भावना" मा नै आधारित थियो "योगक्षेम" का लागि गरिएको थिएन । उनले मनमनै सम्झे अब अश्वमेध यज्ञ नगरे वंशकै इज्जत जान्छ । फट्ट उनले फेरि सम्झे कुष्ठरोग, अनि फेरि व्यासले भनेका अन्तिम समयको वाक्य– "राजन् ! भाग्यलाई पुरुषार्थको कमारो बनाउँछु भन्छौ, कुष्ठरोग नलागी कालगतिले मरेर देखाऊ" उनी द्विविधामा परे अब के गरौं ? प्रजाद्वारा लाञ्छित भएर अश्वमेध यज्ञ नगरी बसौं अथवा कुष्ठरोगले मरौं ? उनले व्यासको अर्को भनाइ सम्झे अश्वमेध यज्ञमा जवान ब्राह्मण नबोलाउने ।

अश्वमेध यज्ञ चल्दै थियो । ब्राह्मणहरू हवनीय द्रव्य अग्निमा आहुति दिंदै योगक्षेमात्मक आशीर्वादले जनमेजयलाई तुष्ट गराउँदै थिए । असंख्य ब्राह्मणहरूमध्ये एकजना मात्र जवान ब्राह्मण थिए । अरू सबै वृद्ध थिए । राजा पनि अपुग भएर ल्याएको एउटा जवान ब्राह्मणले यज्ञमा के विध्वंस होला र फेरि यिनी श्रौतस्मार्तकर्ममा विष्णात छन् जवान भएर के भयो ? भन्दै सोच्दै आफ्नी पटरानीसँग तिनै ब्राह्मण नजिक अभिषेक लिन गइरहेका थिए । राजाले अभिषेक लिइसकेपछि रानी अभिषेक लिन अघि बढिन् । सहसा उनको उत्तरीय वस्त्र भुइँमा खस्यो ।

तरुण ब्राह्मण रानीको जवानी देखेर मुग्ध भए । टाढाबाट यस्तो दृश्य देखेर राजाको रिसको सीमा रहेन । उनले यज्ञशालाकै एक छेउमा थुपारिएका समिधाले ब्राह्मणको शिरमा प्रहार गरे । बिचरा ब्राह्मण ठहरै भए । यज्ञका अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्राह्मणहरू डराएर भागे। श्यामकर्ण घोडा पनि यज्ञ वरिपरि ताण्डव नृत्य देखाउन लाग्यो। राजा दरबारभित्र पसे।

X X X

आधारातमा राजा ब्युँके ब्युँझँदा उनका सम्पूर्ण शरीरमा फोकै फोका भएको र पानी बगिरहेको हुनाले के भयो भनी तत्काल राजवैद्य बोलाइयो, राजवैद्य आएर राजाको शरीरको रोगको परीक्षण गर्न लागे। धेरै बेरको परीक्षण पछि निराश हुँदै राजवैद्यले भने राजन् हजुरको गाथमा लागेको रोग त ब्रह्म-हत्याबाट उत्पन्न कुष्ठरोग हो। यसको उपचार छैन।

विछ्यौनामा सुतिरहेका जनमेजयले राजवैद्यलाई वेदव्यासले भनेका यी वाक्यपछि व्यासका ती वाक्य सम्झे "अवश्यंभावितो भावा भवन्ति"।

●●

जय दयामय राम ! रमापते
जय निरन्जन, निपुर्ण, नित्य हे।
पतित पावन हे भगवन् भनी
म त रुँदै कृतकृत्य हुने छु नि ! ॥

—भरत मिलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भीष्म पितामह

महाराज सन्तनु एक दिन जंगलमा शिकार खेल्दै थिए, जंगलको बीचमा एक सर्वाङ्ग सुन्दरीलाई देखे। उनको रूप लावण्य देखेर राजा मोहित भए केही-बेरसम्म अपलक दृष्टिले तिनलाई हेरिरहे। उता सुन्दरीको पनि सोही हालत थियो। अनि त के चाहियो र सन्तनुले भनिहाले "सुन्दरी तिमी जस्ती सुन्दरी मैले आजसम्म देखेको थिइन। तिमी जस्ती सुन्दरी त तीनै लोकमा खोजे पनि पाउन गाह्रो हुन्छ। म तिमीसित विवाह गर्न चाहन्छु तिम्रो के विचार छ?" उता सुन्दरी पनि राजाको मुहार देखेर मुग्ध भएकी थिइन् लाजले गर्दा केही बोल्न सकिनन्। निहुरेर खुट्टाको बूढीऔंलाले भुइँ कोतर्न थालिन्। राजाले पनि उनको मनको भाव बुझिहाले र सुन्दरीलाई आफ्नो अंगालोमा बाँधीहाले। त्यसैबेला सुन्दरीले पनि लाडिदै भन्न थालिन् "महाराज म हजुरसँग विवाह गर्न त चाहन्छु तर मेरो एउटा सर्त हजुरले मान्नु पर्छ। मैले गरेको कुनै कुरा-लाई हजुरले विरोध गरिवक्सेमा म हजुरलाई छाडेर जान्छु।" जसरी कुनै सुन्दरी-को वाहुपासमा बाँधिनका लागि ठूला-ठूला ऋषि-मुनिहरूले आफ्नो तपस्या भङ्ग भएको चालै पाएनन्, ठूला-ठूला सम्राट्हरूले सुन्दरीको कारणबाट राजपाठ गुमेको थाहै पाएनन्। जसरी धनीमानी मानिसहरू पनि सुन्दरीको कारणबाट आफू कङ्गाल हुन पनि पछि परेनन्। उसरी नै राजा सन्तनु पनि सुन्दरीको वाहुपासमा बाँधिनका लागि दाँया-बाँया पछि आइपर्ने कुनै पनि परिणामको सोचविचार नगरी स्वीकृति दिई हाले। तत्पश्चात् दुवै जना प्रणय सूत्रमा बाँधिए।

स्वयं गंगाजी श्रापले गर्दा आठ छोरा जन्माउनका लागि पृथ्वीमा आएकी थिइन् राजा सन्तनुसँग विवाह गरेर पहिलो सन्तान एक छोरा जन्माइन् र जन्माउना साथै लगेर गंगा नदीमा फालिदिइन्। पूर्व सर्त अनुसार राजा सन्तनुले केही बोल्न सकेनन्, हेरिरहे। एवं प्रकारले अन्य छोराहरू पनि जन्मा-उँदै गइन् र सात ओटासम्मलाई यसै प्रकारले गंगाजीमा फालिदिइन्। आठौंको पालामा राजा सन्तनुलाई असाध्यै भयो र विरोध गरे गंगाजीले पनि आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै वृत्तान्त सुनाएर पूर्व सर्त अनुसार आफू जाने कुरा गरिन् । बाचाबाट हारेका सन्तनु केही पनि बोल्न सकेनन् । पुत्रको लालनपालन म आफै गर्छु र ठीक आठ वर्ष पुगेपछि हजुरको छोरा यस ठाउँमा हजुरलाई नै टक्र्याउँछु भनेर पुत्र सहित गंगाजीमा फाल हालिन् राजा निदाउरो मुख लगाएर आफ्नो दरबारमा फर्किए ।

ठीक आठ वर्षपछि राजा सन्तनु सोही ठाउँमा पुग्दा एउटा तेजस्वी बालक आफ्नो धनुबाट निकालेको बाणले गङ्गा नदीलाई नै रोकेर अर्कोतिरबाट बगाउन लागेका देखेर राजा अचम्म परी उक्त वीर बालकलाई हेरिरहेका थिए । यस्तैमा गङ्गाजी आएर नासोको रूपमा आफूसँग रहेको सोही बालकलाई राजाको जिम्मा लगाएर गइन् राजा पनि त्यस्तो गुणवान् वीर पुत्र पाएर खुसी हुँदै आफ्नो दरबारमा लगेर युवराज बनाएर राखे ।

राजा वसु एकदिन अनकन्टार जङ्गलमा जलासय तटमा गएर विश्राम गरिरहेका थिए । सोही जलारायमा स्वर्गकी अप्सरा आएर नुहाउन थालिन् । उनले राजालाई देखिनन् । उक्त अप्सराको नाङ्गै अवस्थामा रूप–यौवन देखेर राजाको वीर्य स्वलित भयो । सो वीर्य पातमा राखी बाजको हातमा आफ्नी श्रीमती कहाँ पठाए बाटामा त्यो वीर्य गङ्गाजीमा खस्यो र एउटी माछीले निली । दासराजको जालमा त्यो माछी परी त्यसबाट दुइटा बालक निस्के । बालक राजालाई चढाएर बालिका सत्यवती दासराज आफैले राखे । शरीरबाट माछाको जस्तो गन्ध आउने हुनाले सबैले उनलाई मत्स्यगन्धा भन्न थाले ।

महर्षि वसिष्ठका नाति शक्ति ऋषिका पुत्र परासर ऋषि एकदिन नदी पार गर्न डुङ्गा खोज्दै थिए । सत्यवतीले आफ्नो डुङ्गामा हालेर लगिन् । डुङ्गा बीचमा पुगेपछि सत्यवतीको रूप-यौवन देखेर ऋषि परासरको मन विचलित भयो । सत्ववतीसँग समागमको इच्छा गरे, सत्यवतीले स्वीकार गरिन् ऋषिले उनलाई चारकोस वरिपरि कमल सुवास फैलने बनाए कुमारित्व यथावत् रहने आश्वासन दिए । सर्वत्र गाडा कुहिरो तपोबलबाट उत्पन्न गराई नजिकैको एउटा सानो टापुमा दुवैको समागम भयो ।

तत्कालै एक तेजस्वी पुरुष जन्मे । तत्कालै ठूला भएर तपस्या गर्न हिंडे । सोही बालक पछि गएर महातपोधन महर्षि वेदव्यास बनेर महाभारतका साथै अठार पुराणको रचना गरी संसारलाई मोक्षको बाटो देखाई दिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मत्स्यगन्धा पनि आफ्नो शरीरबाट दुर्गन्धको बदलामा सुगन्ध आउने हुनाले खुसी हुँदै चारैतिर सुगन्ध छर्दै जान्थिन् । एकदिन उनको भेट राजा सन्तनुसँग भयो। राजा सन्तनु पनि टाढैबाट सुगन्ध सुंघी केको सुगन्ध होला भन्ने कौतुहलवस त्यहाँ आइपुगेका थिए । दुवैको भेट हुनासाथ एक अर्कालाई अपलक हेरेको हेर्‍यै भए । राजाले पनि उक्त कन्याको रूप-यौवन देखेर आफूलाई संयममा राख्न नसकी प्रणय निवेदन गरिहाले । कन्याले पनि आफ्नो पिताले मन्जुर गरेमा आफूलाई कुनै आपत्ति नभएको कुरा निवेदन गरिन्, राजा सन्तनु पनि कन्याको पिताजी कहाँ माग्न गए । दासराजले छोरीबाट जन्मेको छोरा नै यदि राजा हुन्छ भने आफूलाई केही आपत्ति नभएको कुरा सुनाए । सुन्दरी कन्याको रूप–यौवनदेखि मोहित भएका राजाले "हुन्छ" भन्न मात्र के लागेका थिए अकस्मात् आफ्नो सर्वगुण सम्पन्न पुत्र देवव्रतलाई सम्झेर रातो मुख लगाई फर्के । फर्कन त फर्के तर उनका मुहार भुलाउन जतिसुकै प्रयास गरे तापनि सकेनन् । धन्य सुन्दरी हो तिमीहरूको माया जाल जसले ब्रह्मर्षि विश्वामित्र जस्ताको तपस्या भङ्ग गर्न त पछि परेनौ भने अरूको त के कुरा। यसरी राजा पिरले गर्दा दिन पर दिन दुब्लाउँदै गए ।

दुब्लाउँदै गएको आफ्नो पितालाई देखेर यसश्वी पुत्र देवव्रतले कारण पत्ता लगाउन अनेकौं प्रयत्न गरेपछि मन्त्रीहरूबाट कारण थाहा पाएर सत्यवती कहाँ गए। सबै सर्त थाहा पाइसकेपछि देवव्रतले स्वीकार गरी आफू कहिले राजा नहुने वाचा गरी आफ्नो पिताको इच्छापूर्ति गर्न खोजे । दासराजबाट आफ्नो प्रतिज्ञामा सन्तुष्ट भएको तर आफ्नो सन्तानबाट विरोध हुने डर भएको संकेत पाएर देवव्रतले आजीवन ब्रह्मचर्य व्रत पालन गर्ने प्रतिज्ञा गरे । यस्तो कठोर प्रतिज्ञा गरेको हुनाले उनी भीष्म भनिन लागे । राजा सन्तनु पनि पुत्रबाट ज्यादै खुसी भएर इच्छा मरणको वरदान दिए ।

आफ्नो प्रतिज्ञा अनुसार आजीवन विवाह गरेनन् । सत्यवतीबाट जन्मेका आफ्नो दुई भाइमध्ये जेठा चिताङ्गदको मृत्युपछि विचित्रविर्य राजा बने । काशीमा तीन राजकुमारीको स्वयम्वर थियो सबै राजाहरूलाई जितेर तीनैवटी राजकुमारीलाई हरण गरेर ल्याएर अम्बिका र अम्बालिकाको विवाह विचित्र-विर्यसँग भयो । जेठी अम्वाले भीष्मसँगै विवाह गर्ने इच्छा प्रकट गरिन् । भीष्मले स्वीकार नगरेपछि आफूले मनमनै मद्र नरेशलाई वरण गरिसकेको बताएपछि भीष्मले सुरक्षित साथ लगिदिए । अर्कालि हरण गरी सकेकीलाई मद्रनेशले स्वीकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेनन् । उनी आफ्ना पिता कहाँ गइन् । माइतबाट पनि तिरस्कृत भएकी अम्बा भीष्मसँग बदला लिने क्रममा जङ्गलमा ऋषिहरूको शरणमा न्यायको भिक्षा माग्न थालिन् । पहिले त सबैले उनलाई परेको अन्यायप्रति सहानुभूति प्रकट गर्थे तर भीष्मको नाम सुनेपछि सबै पछि हट्दथे । अम्बाको मनमा बदलाको भावना दृढ थियो उनी पछि हटिनन् । सबै तपस्वीहरूको सभा बोलाएर आफूले न्याय पाउने कुनै उपाय खोजिन् सबै तपस्वीहरूले भीष्मको बारेमा सोचविचार गरे । भीष्मले सम्पूर्ण वेद वेदाङ्ग महर्षि वसिष्ठसँग पढेका छन् । बाल्यावस्थाको स्याहार-सुसार, शिक्षा–दीक्षा माता गङ्गाबाट पाएका छन् । आफ्नो पितालाई कुनै क्षत्रियले मारेको रिसमा एक्काइस पटकसम्म पृथ्वी घुमेर क्षत्रिय संहार गर्ने प्रतापी परशुरामले जानेको सबै शस्त्र, शास्त्र विद्या भीष्मले जानेका छन् । भीष्मद्वारा अम्बालाई न्याय दिलाउन सक्ने व्यक्ति यस पृथ्वीमा कोही भए परशुराम नै छन् नत्र अरू कोही पनि छैन भन्ने राय प्रकट गरे । उनी परशुरामकै शरणमा पुगिन् पहिले भीष्मको नाम नबताइकन आफू कुनै व्यक्तिद्वारा अन्यायमा परेको इति वृत्तान्त सुनाइन् । आफ्नो शक्तिले भ्याएसम्म न्याय दिलाई छाड्छु भन्ने प्रतिज्ञा परशुरामलाई रगाइसकेपछि मात्र उनले भीष्मको नाम बताइन् । भीष्मको नाम सुन्ने बित्तिकै एकछिन त परशुराम पनि असामञ्जस्यमा परे तर आफूले गरेको प्रतिज्ञा सम्झे र भीष्मलाई बोलाउन पठाए । भीष्म पनि गुरुको आज्ञा सुन्ने बित्तिकै हाजिर भए ।

भीष्मलाई देख्ने बित्तिकै परशुराम भन्नुहुन्छ "तिमीले यस कन्या उपर ठूलो अन्याय गरेछौ म यिनीलाई न्याय दिलाउन चाहन्छु यिनीसँग विवाह गर ।" गुरुबाट यस्तो आज्ञा हुनाको सम्पूर्ण रहस्य जानी सकेपछि नीतिज्ञ भीष्म परशुरामसँग यसरी विन्ती गर्दछन् "गुरुदेव एक छिनको लागि हजुर यी कन्या-द्वारा वाचाबद्ध परशुराम नभईकन मेरो गुरु परशुराम बनेर आफ्नो उही प्रिय चेला भीष्म जो अहिले धर्मसङ्कटमा परेको छ उसलाई उचित सल्लाह दिनुहोस् ।" भगवान् एकातिर मैले यी कन्यासँग विवाह गर्नुपर्छ भन्ने मेरो गुरुदेवको आज्ञा छ जुन कदापि उल्लङ्घन गर्न सक्दिन जसका लागि म आफ्नो प्राण अर्पण गर्न पनि तयार छु । अर्कोतिर मेरो आफ्नो प्रतिज्ञा छ आजीवन ब्रह्मचर्य व्रत पालन गर्ने यस अवस्थामा किंकर्तव्यविमूढ भएको शिष्यलाई उचित कर्तव्याकर्तव्यको शिक्षा दिनुहोस् । परशुराम भीष्मको गुरुको हैसियतले भीष्मलाई अर्ती दिनुहुन्छ "भीष्म त्यस्ता स्वार्थी गुरु जस्तै आफ्नो चेलाको प्रतिज्ञा उपर वास्तै नगरी, केवल आफ्नै स्वार्थका लागि अनुचित आज्ञा गर्छन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने त्यस्तो गुरुको आज्ञापालन गर्नु उचित छैन । गुरुले आज्ञा गर्दा आफू गुरुको ठाउँमा बस्नुपर्छ । गुरुको ठाउँ छाडेर आज्ञा दिने गुरुलाई गुरु मान्नु हुँदैन । त्यस्ता गुरुको आज्ञापालन गर्नुभन्दा आफ्नो प्रतिज्ञा अटल राखनका लागि आवश्यक परे लडाइँ गर्ने पनि पछि हट्नु हुँदैन ।" यसरी आफ्ना प्रिय गुरुको परशुरामको सल्लाह अनुसार अम्वासँग वाचावद्ध परशुरामसँग भीष्मको ठूलो युद्ध भयो । आफूले जाने जति सबै विद्या भीष्मलाई सिकाइसकेको हुनाले परशुराम भीष्मलाई लडाईंमा हराउन सकेनन् भीष्म पनि आफ्नो गुरुलाई आफूभन्दा निचा देखाउन चाहँदैनथे । एवं प्रकारले परशुराम र भीष्मको युद्ध तेइस दिनसम्म चल्यो । अन्त्यमा भीष्म आजित भएर अष्टबसुवाट स्मरण गराइएको वाण परशुराम उपर छाड्न आफ्नो धनुमा चढाएका मात्र के थिए फेरि गुरुलाई हराउनु चेलाको ठूलो पाप सम्झेर फिर्ता राखे भीष्मले आफ्नो स्नेहवस फिर्ता राखेको वाण छाडेको खण्डमा आफू भीष्मबाट हार्ने निश्चित थियो भन्ने जानेर परशुरामले युद्ध रोके ।

यसरी परशुरामको प्रयासद्वारा समेत आफूले न्याय पाउन नसकेको भए तापनि अम्वाले वदमा लिने आफ्नो हठ छाडिनन् । परशुरामको शिक्षा अनुसार उनी भगवान् शंकरको आराधनामा आफूलाई समर्पण गरिन् । उग्र तपस्यावाट प्रसन्न भै शिवजीले अम्वालाई वर माग्न आज्ञा दिनुभयो । न्यायको खोजीमा हिंड्दा हिंड्दै भीष्म के कारणवाट अम्वाको जवानी व्यतित भैसकेको थियो । अव उनलाई भीष्मसँग के विवाह गर्ने कुनै चाहना भएन । भीष्मसँग वदला लिन पाऊँ भनी भगवान् शंकरसँग प्रार्थना गरिन् । अर्को जुनीमा मात्र उनको इच्छा पूरा हुने वरदान दिएर शिवजी अन्तर्ध्यान हुनुभयो । अम्वाले पनि आगोमा फाल हाली प्राण त्यागिन् ।

महाराज विचित्रविर्यसँग विवाह भएका अम्बिका र अम्वालिकाबाट सन्तान नहुँदै अत्यधिक सम्भोगले गर्दा क्षयरोगले विचित्रविर्यको मृत्यु भयो । राजगद्दी खालि भयो । उनै सत्यवतीले भीष्मलाई विवाह गरेर हस्तिनापुरको राजगद्दीमा वस्ने आग्रह गरिन् । भीष्मले नमानेपछि नियोग प्रथावाट विचित्रविर्यको क्षेत्रज पुत्र राजगद्दीको उत्तराधिकारी जन्माइदिन भीष्मलाई सत्यवतीले अनेकौं आग्रह गरिन् भीष्मले मानेनन् र आफ्नो प्रतिज्ञामा अटल रहे । भीष्मवाट हार खाएकी सत्यवतीले परासरबाट जन्मेका आफ्नो पुत्र व्यासलाई बोलाउनु भयो । माताको आज्ञानुसार विजाधान गर्ने वेलामा अम्बिकाले डराएर आँखा चिम्लिएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्धा धृतराष्ट्र जन्मे । त्यस्तै अम्बालिका पनि डराएर मुहार फुस्रो लगाएकी हुनाले पाण्डु जन्मे । दुवै राजाले मिलेर सिंगारेर पठाएकी दासीले विजधानमा खुसीसाथ व्यासलाई साथ दिएको हुनाले उनीबाट बुद्धिमान् विदुरको जन्म भयो ।

आफ्नो पिताको घरमा पाउना लाग्न आएका दुर्वासा ऋषिलाई खुसी पारेर कुनै पनि देवतालाई आफूले चाहेको वेलामा बोलाउन सक्ने वर प्राप्त गरेकी कुन्तीले एकदिन सूर्यदेवलाई बोलाइन् । सूर्यदेवले उनको कुमारित्व पनि नष्ट नहुने, जन्मेको पुत्रको पनि पालनपोषण गर्नु नपर्ने बरदान दिई कुन्तीबाट एक पुत्र जन्माए । सोही पुत्र पछि गएर दानवीर कर्णको रूपमा विश्व विख्यात् बने ।

जंगलमा ऋषिकुमार मृग भएर आफ्नो जोडीसँग रमण गर्दै थिए । नजानेर मृग रूप ऋषिकुमारलाई पाण्डुले बाण हाने पाण्डुलाई सहवास गरेमा मर्ने सराप दिएर ऋषि पुत्र मरे । आफ्नो पति पाण्डुकै आज्ञानुसार कुन्तीले धर्मराजबाट युधिष्टिर जन्माइन् । धृतराष्ट्रबाट गान्धारीले दुर्योधन जन्माइन् सोही दिन कुन्तीले वायुदेवबाट भीमसेन जन्माइन् । इन्द्रदेवबाट अर्जुन जन्माइन् गान्धारीबाट पनि दुसासनादि उनान्सय पुत्र र एक पुत्री दुःसहा जन्मे कुन्तीकै विद्या प्रभावबाट पाण्डुकी कान्छी रानी माद्रीले अश्विनी कुमारबाट नकुल र सहदेव जन्माइन् ।

एक दिन माद्रीलाई देखेर पाण्डुले मन थाम्न सकेनन् माद्रीले हजार इन्कार गर्दा पनि जबरजस्ती सहवास गरे । उनको तत्कालै मृत्यु भयो । माद्री-ले पनि देह त्याग गरिन् पछि गएर धृतराष्ट्र तथा पाण्डु दुवैतर्फका पुत्रहरू बीच हस्तिनापुरको राजगद्दीको विषयमा चलेको झगडाले उग्ररूप लिई घमासान युद्धको रूप लिन थाल्यो ।

पान्चाल राज द्रुपदलाई छोराको ठूलो रहर थियो । तर यथार्थमा छोरी जन्मिन् । द्रुपदले छोरा भन्ने प्रचार गरे । सिखण्डी नाम राखे । छोरालाई दिने शिक्षा-दीक्षा दिए । राजा हिरण्य वर्माको छोरीसँग विवाह पनि गरिदिए । आफूलाई द्रुपद राजाले धोखा दिएको कुरा छोरीबाट थाहा पाएर अति क्रुद्ध भई हिरण्य वर्माले पान्चालमा आक्रमण गरे । आफ्नै कारणबाट देशमा ठूलो संकट आइलागेकोमा दिक्क भएर जंगलतिर लागेका सिखण्डीको भेट स्थुणकर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामको यक्षसँग भेट भयो । सबै वृत्तान्त थाहा पाइसके पछि दयावस यक्षले आफ्नो पुरुष चिन्ह केही दिनका लागि शिखण्डीलाई दिई उनको स्त्री चिन्ह आफूले लिए । शिखण्डी खुसी हुँदै घर फर्केर सबैलाई आफू छोरा नै भएको प्रमाण देखाए ससुराली सन्तुष्ट भए युद्ध बन्द भयो । त्यसै पछि पूर्व सर्त अनुसार पुरुष चिन्ह फर्काउन यक्ष कहाँ गए उता स्त्री रूप लिएका यक्षको सुन्दर रूप देखी मन थाम्न नसकेर कुबेरले गर्भाधान गरिदिए । कुबेरको गर्भाधान भई सकेकोले यक्षले पुरुषत्व फर्काउन सकेन सिखण्डी सधैं पुरुष नै रहे । शिखण्डी पूर्व जन्ममा अम्बा नामकी कुमारी थिए भीष्मसँग बदलालिने क्रममा उनको जन्म भएको थियो ।

हस्तिनापुरका राजगद्दीको लागि धृतराष्ट्र र पाण्डुका पुत्रहरूको बीचमा ठूलो युद्ध भयो । भीष्म, द्रोण आदि महारथीहरू विवस भएर दुर्योधनतर्फबाट लडाइँ गरे । उनीहरूको सहानुभूति पाण्डवतर्फ भए तापनि लडाइँ भने इमान्दारी-पूर्वक लडेका थिए । भीष्मको श्रीकृष्णप्रति अनन्य भक्ति थियो । जबसम्म स्वयं श्रीकृष्णले कुनै हात हतियार उठाउँदैनन् तबसम्म दुर्योधनको हार हुन दिने छैन भनी भीष्म पितामहको प्रतिज्ञा थियो भने लडाइँमा कुनै पनि शास्त्रास्त्र नउठाउने प्रतिज्ञा श्रीकृष्णको थियो । भीष्मले लडाइँमा ठूलो वीरता देखाए । एकदिन त स्वयं श्रीकृष्ण अर्जुनलाई समेत घायल पारी विचलित बनाए श्रीकृष्णको पूरा शरीर घाउ नै घाउ भयो । रगत नबगेको अङ्ग दुई इन्च पनि बाँकी रहेन । कृष्णको दाँतै सम्म फुकालिदिए आफूलाई, अर्जुनलाई तथा सम्पूर्ण पाण्डव सेनालाई बचाउनका लागि श्रीकृष्णले हतियार उठाउन बाध्य हुनुपर्‍यो ।

आफ्नो आराध्य देव प्रिय श्रीकृष्णले भक्तको प्रतिज्ञा अटल राख्नका लागि स्वयं आफ्नो प्रतिज्ञा भङ्ग गर्न पनि पछि नपरेकोमा खुसी हुँदै भीष्म पिता-मह पनि सबै हातहतियार राखी प्रभुको शरणमा परे ।

यस्ता प्रकारले अर्जुन तथा स्वयं श्रीकृष्णलाई समेत समय-समयमा विचलित हुने गरी प्राणको माया नराखिकन युद्ध गर्दा पनि एकदिन दुर्योधनले भीष्मलाई इमान्दारीपूर्वक नलडेको पाण्डवहरू प्रति दया भाव राखेको आक्षेप लगाए । एकदिन त सेनापति पद समेत छाड्न आग्रह गरे । दुर्योधनको तिरस्कारयुक्त बाणले चित्त क्षतविक्षत भएका भीष्मले एउटा बाण अभिमन्त्रित गरेर सोही बाणले भोलि अर्जुनलाई मार्ने प्रतिज्ञा गरे । जीवनभर आफ्नो प्रतिज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अटल राखेका भीष्मबाट यस्तो प्रतिज्ञा सुनेपछि भोलिपल्ट अर्जुन मर्ने निश्चित ठानेर प्रफुल्लित हुँदै दुर्योधन आफ्नो सिविरमा गएर उत्सव मनाउन थाले ।

श्रीकृष्णबाट कुनै कुरा छिपेको थिएन । भीष्मको प्रतिज्ञानुसार आफ्नो प्रिय सखा अर्जुन मर्ने देखेर चिन्तित भए । एकातिर आफ्नो प्रिय सखा छन् अर्कोतिर अनन्य भक्त कसको पक्ष लिने कसको नलिने किंकर्तव्यविमूढ बने । अन्त्यमा अर्जुनलाई लिएर दुर्योधनको सिविरतिर लागे । कृष्णकै सल्लाह अनुसार अर्जुन दुर्योधनको सिविरमा गएर दुर्योधनसँग एक रातको निम्ति श्रीपेच मागे । भोलिपल्ट मर्ने निश्चित ठानेर एक रात सोख पूरा गरी हालोस् भनेर श्रीपेच दिए । अर्जुन सो श्रीपेच लगाएर तत्कालै भीष्म कहाँ गए । भीष्मले पनि अर्जुन-लाई दुर्योधन ठाने भोलि लडाइँ मैदानमा जानुभन्दा पहिले नै श्रीकृष्ण अर्जुन आदिले छल गरेर सो वाण लैजान नसक्ने गरी सुरक्षितसाथ राख्न लैजान्छु भनेर अर्जुनले वाण मागे । अर्जुनलाई दुर्योधन नै भन्ठानेर भीष्मले दिक्क हुँदै "बाबु तिमीलाई मेरो त्यति पनि विश्वास छैन" भनेर भोलिपल्ट बिहान सबेरै ल्याइदिनु भनी सो वाण दुर्योधनरूपी अर्जुनलाई दिनु भयो ।

बिहानको मिरमिर उज्यालोमा श्रीकृष्णकै सल्लाह अनुसार द्रौपदीले नयाँ दुलही जस्तो श्रृङ्गार गरेर घुम्टोले मुख छोपी भीष्मको सिविरमा गएर दर्शन भेट गरिन् । भीष्मले पनि दुर्योधनको श्रीमती ठानी "सौभाग्यवती भए" भन्ने आसिर्वाद दिए । पछि द्रौपदी भन्ने थाहा पाएपछि भीष्म असामञ्जस्यमा परे । राती दुर्योधनलाई अर्जुन मार्छु भन्ने वर दिएका थिए भने बिहान द्रौपदीलाई सौभाग्यवती बनिरहने वर दिए । आजीवन आफ्नो प्रतिज्ञामा अटल रहेका भीष्म यस अवस्थामा आफ्नो कर्तव्य के हो सोचविचार गरिरहेका थिए ।

लडाइँ मैदानमा जाने समय भैसक्दा पनि भीष्म सिविरबाट बाहिर ननिस्केको देखेर अर्जुन मर्ने समय गनिरहेका दुर्योधन भीष्म कहाँ गए दुर्योधनलाई देख्ने बित्तिकै अर्जुनलाई मार्न भनी छुट्याई राखेको वाण मागे । आफूले लिंदै नलिएको वाणलाई तिमीले नै लगेको हो भनी कहिले पनि असत्य नबोल्ने भीष्मले समेत छल गरेको देखेर दुर्योधनको सपना चकनाचुर भयो । बौलाहा जस्तै भएर मर्यादा नाघी भीष्मलाई तथानाम गाली गरे । मर्मभेदी वाग्वाण प्रहार गरे । यसले गर्दा भीष्मलाई ठूलो चोट पर्‍यो । भीष्मलाई जीवनसँग पूरा वैराग्य उत्पन्न भैसकेको थियो शरीरको मोह छुटिसकेको थियो । देवता र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषिहरू समेतले बढी नरसंहार नगर्ने सल्लाह भीष्मलाई दिइसकेका थिए। भीष्मको वीरताको अगाडि पाण्डवहरूको केही जोड चलेन। भीष्मलाई लडाउनुपर्ने या त आत्मसमर्पण गर्नुपर्ने स्थिति परिसकेको थियो। भीष्मसँग लड्ने आँट कसैको बाँकी थिएन। अर्जुन पनि भीष्मको अगाडि सधैं सिथिल बन्थे। यस अवस्थामा युधिष्टिर स्वयं भीष्म कहाँ पाउ पर्न गए। युधिष्टिरलाई उठाउँदै भीष्मले भने– "प्राणले सकेसम्म युद्ध गरी नै रहन्छु। बेइमानी गर्दिन। शिखण्डीलाई नपुंसक ठानी बाण हान्दिन। स्वयं श्रीकृष्णको साथ पाएका अर्जुन बाहेक अरूको प्रहारले मलाई अलिकति पनि चोट पुऱ्याउन सक्दैन।" यसरी भीष्मबाट प्राप्त शिक्षा अनुसार युधिष्टिरले दशौं दिनको लडाईंमा उचित व्यवस्था गरे। उक्त दिन अर्जुन र भीष्मको विश्वविस्मय कारक घमासान युद्ध भयो। आफ्नो रथको अगाडि शिखण्डीलाई राखी पछाडिबाट अर्जुनले छोडेको बाण भीष्मका शरीरमा गाडिन थाल्यो सम्पूर्ण शरीरमा बाण नगडेको ठाउँ दुई अम्मल पनि बाँकी रहेनन् तागत शून्य भीष्मको शरीर ढल्यो। पाँच युग खाएका साहसी कुरूकुल आदर्श पुरुष अद्वितीय वीर भीष्म पितामह बाणैबाणको शैय्यामा ढले। इच्छा मृत्यु भएको हुनाले दक्षिणायनमा प्राण छाड्ने इच्छा नहुँदा उत्तरायण पर्खेर बसे। भगवान् सूर्य नारायणको उपासना तथा भगवद्चिन्तनबाट बिझेको बाणको पिडा हटाए।

युद्ध समाप्त भएपछि सबैजना भीष्म ढलेको ठाउँमा गए। भीष्म श्रीकृष्णको उपासनामा तल्लिन थिए। ठूला-ठूला महर्षिहरू पनि भीष्मको अन्तिम दर्शन गर्न आएका थिए। युद्धमा बन्धुबान्धवबाट पछुताउ गरिरहेका युधिष्टिरलाई उपदेश दिन स्वयं श्रीकृष्णबाट भीष्मलाई हुकुम भयो। सम्पूर्ण ऋषि भण्डारहरूको माझमा श्रीकृष्णको समुपस्थितिमा भीष्मले कर्म, भक्ति, धर्म, ज्ञान, वैराग्य इतिहास आदि विषयमा गरेको गठन उपदेशको मुक्त कण्ठले स्वयं श्रीकृष्णले समेत प्रशंसा गरे। खुसी भएर भीष्मले प्राण छाड्ने अन्तिम समयमा आफू अगाडि उपस्थित भई दिने आशिर्वाद दिए। प्राण छाड्न अगाडि भीष्मले संसारलाई उपदेश गरे– "सबैले आफ्नो मन इन्द्रियलाई बसमा राखी सत्यको रक्षा गर्नु। मानिस भएर मानिसको हानी हुने कुरा नगर्नु। ब्राह्मण, गुरु तथा अफ्ना मान्यजनहरूको भक्तिमा संलग्न रहनु सबैको कल्याण हुन्छ।"

तत्पश्चात् श्रीकृष्णको आज्ञा लिएर आफ्नो योगबलबाट सम्पूर्ण शरीरबाट प्राण उकाल्दै बाण झार्दै गरे आखिरमा उनको प्राण शून्य शरीरबाट उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तेज शिर फोरेर माथि उड्यो आकाशबाट देवताहरूले समेत पुष्प वृष्टि गरे। सम्पूर्ण ऋषिमुनिहरूले जय जयकार गरे। सारा संसार कलकलाकार भयो।

भीष्म एकातिर शस्त्रास्त्र विद्यामा अद्वितीय वीर थिए भने अर्कोतर्फ धर्म नीति, आदिमा उत्तिकै अरु सोभन्दा बढी ज्ञान थियो। यसरी शस्त्र र शास्त्र दुवैको वेजोड संगम भएको उदाहरण इतिहासमा भीष्म बाहेक अरू कोही पनि पाइँदैन।

आफूलाइ अहो ! अलिकति पनी संकयो कसैले भने
बिर्सन्नन् त्यसलाइ ता प्रभु पनी हुन्छन् सधैं संच्चिने ॥
गर्छु काम त रामको यति भनी जस्ले अगाडी सऱ्यो
त्यो त धन्य हुँदै जटायु सरहै संसार पारी तऱ्यो ॥

—भरत मिलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शंकर र राम

—श्रीहरि रूपाखेती

सदा—शिवले पटक–पटक सम्झाउँदा पनि सतीदेवीले उहाँको आग्रहलाई मत्थरसम्म पनि पार्न सक्नुभएन । सती एउटै कुरामा अड्डी लिइरहनु भएको थियो— "प्रभु ! हजुरका आराध्य देव राम तिनै हुन् ? जसले एउटा राक्षसको छल बुझेन; आफ्नी धर्मपत्नीलाई कंकला शब्द रुवाउँदै लैजाने राक्षसराजको सुइँको पाउन सकेन र वानर सेना बटुल्न थाल्यो । यस्तै डाँ–डाँडै रुँदै हिंड्यो, आफ्ना शक्तिशाली एक 'हुँकार' ले रावणको लङ्कालाई चलायमान पारिदिन सकेन । अनेक कष्ट भोग्दै हिंड्यो, हो, तिनै राजकुमार राम हजुरका आराध्य देव हुन् त ?"

श्रेष्ठ प्रजापति दक्षकी छोरी सती भगवान् शङ्करलाई ईषत् कटाक्षले हेर्दै जुरुक्कै उठ्नुभयो । प्रियपति शम्भुका सामु दुई हात जोडेर उभिनुभयो । शिवको अन्तरहृदयमा नराम्रा सम्भावना अनुभूत हुँदै थिए भने देवी सतीका चाहनाहरू फड्का मार्न हतारिंदै थिए । अन्तमा शङ्कर भगवान्ले आज्ञा दिनु भयो— "हुन्छ सती, तिमीलाई यस्तै इच्छा छ भने जाऊ । मेरा प्रभुको परीक्षा गर ।"

उता सीतापति राम जङ्गलमा भौंतारिंदै हुनुहुन्थ्यो । उहाँको वाणी 'सीते ! सीते !' मा मुखरित हुन्थ्यो । मित्रवर सुग्रीवको सिङ्गो राज्य सीताको खोजीमा लागिरहेको थियो । सीताजीको पत्तोमात्र लागे आफ्नो ज्यू-ज्यान समर्पण गर्न परे पनि अंगद-जाम्बवानहरू तयार थिए । हनुमानहरू उत्तिकै हैरान थिए । महामाया सीता लङ्काको अशोकवाटिकाको एक कुनामा अनेक राक्षसी र वूढी त्रिजटाका खस्रा-मसिना सुन्दै "राम राम" मा विलपिरहनु भएको थियो ।

सती भगवान् शङ्करको स्वीकृति पाउनासाथ रामका सामु पुग्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँ त्यहाँ सती नभई सीता हुनुभयो। मानौं सीता–राम कतै हिँड्दै थिए। सीताको वियोगमा राम रोइरहेका थिए। यतिखेर वियोगी रामले सीतालाई भेटेका थिए। अब श्रीरामको हर्षको सीमा नरहनु पर्ने थियो। मानौं अब रामको भौंतारिनुको, रुनुको, आँसुका अजस्र प्रवाहको वेग यहींसम्म मात्र थियो। यसरी मायाविनी सती प्रभुरामका अगिल्तिर ठिङ्ग उभिनुभयो। उहाँको मनमा लाग्यो "लौ त! अब भगवान् शङ्करलाई गिज्याउँछु नि! हेरूँ, अब उनका राम के भन्छन्?" सतीको मन-मयूर पङ्ख फिजाउन थाल्यो।

यत्ति पछि भगवान् शङ्करका आराध्यदेव राजकुमार राम टक्क अडिनुभयो। उहाँ धीर, गम्भीर र शान्त हुनुभयो। शालीन एवं विनम्र स्वरमा भन्नुभयो– "भवानी सती! म हजुरलाई अभिवादन गर्दछु। केही निवेदनका निमित्त आज्ञा पाऊँ अप्रत्यासित दर्शन पाएँ। किन आज हजुर यसरी एक्लै यस घनघोर जङ्गलमा पाल्नुभएको हो? मेरा प्रभु भगवान् शङ्करलाई आराम छ? यहाँ कुनै अनर्थ पो भयो कि? अथवा मृगयाका निमित्त किराँती शिव पनि यतै पाल्नुभएको छ कि? आज्ञा होस्– मेरो केही सेवा स्वीकार्य छ कि?"

अब सतीको अभिमान उड्यो। मोहको पर्दा च्यातियो। शरद्को आकाशमा वादल झैं अज्ञान टुक्रियो। भेद भङ्ग भयो। उहाँले प्रभुरामलाई हजार-हजार श्रद्धा र लाख-लाख भक्तिभावहरूमा एकै चोटि बुझनुभयो। उहाँका शिवलाई उपहासमा हेर्ने छड्के नजर धरतीमा शरणागत भए। अब एउटै वाक्य पनि उहाँका मुखमा आउन सकेन। देवी सतीको यस असामञ्जस्य स्थितिलाई मर्यादा पुरुषोत्तम प्रभु रामले तत्कालै आत्मसात् गर्नुभयो। उहाँ सीता रूपमा संमुखिता सतीवाट दुई कदम पछि हटेर चूपचाप दुवै हात जोड्दै आफ्नो वाटो लाग्नुभयो। 'हा सीते!' को मधुर उच्चार सतीदेवीको श्रुतिगोचर भयो। यत्तिकैमा रुन्चे रामको समुपस्थिति त्यहाँवाट हरायो।

सतीको स्थिति दयनीय भयो। अब कुन मुखले भगवान् शङ्करका सामु उभिने हो! हतप्रभ सती त्यतावाट फर्किनुभयो। उहाँ देख्नुहुन्छ– वाटाको नातिनिकट प्रदेशमा राम, सीता र लक्ष्मण सँगै जाँदैछन्। उहाँले आफैसँग सोध्नुभयो– कतै गलत वाटो त हिँडिन? मेरा आँखा त ठीक छन्? सतीले आँखा मिच्नुभयो। एक पल्ट पछिल्तिर फर्किनु भयो– उता नातिदूरस्थ वाटावाट राम, सीता र लक्ष्मण आइरहेका छन्! सती विस्मित हुनुभयो। यसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाँयातिर उहाँका आँखा पर्याँकिए । अलि टाढा त्यहाँवाट पनि राम, सीता र लक्ष्मण उहाँतिरै आइरहेका देखिए । फेरि बाँयातिर दृष्टिपात गर्दा पुन: उही दृश्य देखियो । जता हेऱ्यो उतै रून्चे राम आफ्नी सीता र भाइ लक्ष्मणका साथ सानन्द हिँडिरहेका छन् । देवी सतीले फेरि एक पल्ट आँखा चिम्म गर्नुभयो । झन् टड्कारो रूपमा 'राम' देखियो । आँखा खोलेर आकाशतिर हेर्दा पनि रामै देखिए । लज्जित हुँदै उहाँ निहुरिनुभयो– आफैंसँगसँगै राम, सीता र लक्ष्मण भेटिए । अव उहाँको अन्तस्तलमा ठूलि शब्दमा 'राम' उच्चरित भए झैं लाग्यो तर वाणी मुखरित हुन सकेन ।

आखिर देवी शंकर भगवान्का सामु पुग्नुभयो । उहाँ पट्टल बाँधेर त्यही रूखमुनि पूर्ववत् सतीलाई पर्खिरहनुभएको थियो । समीप पुग्दा नपुग्दै भगवान् शंकरले सोध्नुभयो– "मेरा रामको परीक्षा गऱ्यौ त ? किन ? अलि हडबडाए जस्ती छौ नि ? वाटामा कुनै अवरोध आइलाग्यो कि ?"

"होइन भगवान् ! त्यस्तो केही भएन । भगवान् राम अन्तर्यामी प्रभु हुनुहुन्छ । उहाँ सर्वज्ञ हुनुहुन्छ । म यतावाट गएँ । प्रभु रामलाई "सीते सीते" भन्दै हिँडिरहेको देखें । मैले पनि हजुरले जस्तै अभिवादन गरें ।"

"दक्षकुमारी ! तिमी मलाई ढाँट्तै छौ । के तिमीले प्रभु रामलाई एक्लै रूँदै हिँडिरहेको भेट्यौ त !" भगवान् शंकरले स्निग्ध गम्भीर भावमा भन्नुभयो ।

सतीको अवस्था कारुणिक थियो । उहाँको प्रत्येक इन्द्रिय शिथिल थियो । शरीर श्रान्त देखिन्थ्यो । वाणी अस्पष्ट थियो । श्वासक्रम छिगुणित रहेको स्पस्टै बुझिन्थ्यो । उहाँको मानसपटमा 'राम राम' व्याप्त थियो । स्त्रीस्वभावपर वशता हेतु आफूवाट हुन गएको त्रुटिका लागि सहस्र पश्चात्ताप उहाँ भित्र सलवलाइरहेका थिए ।

उपसंहार

यसै प्रसंगमा भनिएको छ– भगवान् शंकरले सतीमा सीताको भेष रहेको कारण अव सतीप्रति पत्नीत्वभन्दा सीतात्व भाव अनुभूत गर्नुभयो । समाधितिरै बढी व्यस्त शिवको सहस्रौं वर्ष तटस्थ सेवा गर्दै सतीले आफ्ना पिता दक्षको यज्ञाग्निप्रवेश गर्नुभयो पछि पार्वतीका रूपमा आएकी सतीलाई शिवले पत्नीत्वसहित ग्रहण गर्नुभयो । अनि शिवदम्पत्ती अनन्य रूपमा रामभक्तिमा लीन रहेका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविवर गुणराजको साधनाप्रति छोटो अभिव्यक्ति

–चेतोनाथ शर्मा आचार्य

वि. सं. २०४४ सालको लागि गुणराज व्याख्यानमाला प्रस्तुत गर्ने सु-अवसर मलाई मिलेको थियो। समितिले पत्याएर प्रदान गरेको त्यस सु-अवसर-लाई यथासम्भव पूर्ति गर्ने प्रयास मैले गरें। तर वेद विद्याश्रममा प्रसिद्ध भागवत् वक्तार्डोगरे महाराजद्वारा भएको भागवत् प्रवचनमा वाचक रूपले वरण भइवस्नु परेकोले कविवर गुणराजको वार्षिक समारोहमा आफू स्वयं उपस्थित हुन नमिलेको पत्र र पुत्रद्वारा उपस्थित भएको थिएँ। त्यतिखेरको क्षतिपूर्ति रूपमा दुई चार हरफ यहाँ व्यक्त गर्दछु। यी हरफ कविवरप्रति श्रद्धाञ्जली बनून् भन्ने कामना राख्तछु।

आफ्नो जीवनकालमा फैलिएको व्यावहारिक विस्तारबाट यथाकथञ्चित् समय निकाली पच्चीस हजार भन्दा पनि बढी कविताको ठेली तयार पार्ने भक्त कवि गुणराजमा अन्य व्यक्तिमा देखिने बाधक रूप अविरोधी साधक रूप साबित भएका देखिन्छन्। बाधक रूपका त्यस्ता उदाहरण अनेक ठाउँमा अनेक रूपले उल्लेख भएका छन्। जसमध्ये महाकवि अश्वघोषले बुद्धद्वारा व्यक्त गराएको यो कथन पनि एक हो। जस्तो– समे रतिश्चेच्छिथिलं च राज्यं राज्येरतिश्चेच्छिथिलः समश्च।

समः प्रधानः क्व चमोक्षधर्मो दण्डप्रधानः क्व चराजधर्मः॥

अर्थात् समता बुद्धिपूर्वक आत्मज्ञानको मार्गमा अघि बढ्ने व्यक्तिको लागि राज्य व्यवस्थासम्बन्धी कुरा पनि सह्यालन पऱ्यो भने त्यो झन्झटकै कुरा हुन्छ। यसै गरी राज्यको बागडोर सह्यालेर शासन व्यवस्थामा प्रवेश गरेकाहरू-लाई समतापूर्वकको मार्ग अवलम्बन गरी आत्मज्ञान गर्ने भन्ने कुरा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुहाउँदो देखिदैन । किनभने मोक्षमार्ग भनेको भेद बुद्धिलाई परित्याग गरी समता बुद्धिद्वारा प्राप्त गर्न सकिने मार्ग हो भने राजधर्म चाहिं दण्ड व्यवस्थालाई सुचारुरूपले परिचालन गरी कायम राख्न सकिने धर्म हो, त्यसैले यी दुईलाई समान रूपले अवलम्वन गरी अघि वढ्नु सुहाउँदो कुरा ठहर्दैन, किनकि संक्षेपमा यी दुई विरोधी धर्म हुन्, विरोधी कुरालाई अङ्गालेर अघिवढ्ने व्यक्ति सफल वनेको देखिदैन ।

यसै गरी सन्त तुलसीको पनि कथन छ जहाँ रामनामको प्रमुखता छ त्यहाँ काम स्वत: शिथिल वनिराखेको हुन्छ भने जहाँ कामको प्रमुखता छ त्यहाँ राम ओफ्ल परिराखेको हुन्छ, यस्तो हुनु स्वाभाविक पनि हो, किन भनेर वीर रजनी याने दिन रातलाई संगै राख्नु या देख्नु सम्भव हुँदैन । तर कविवर गुणराजले भने माथि उल्लेख भएका जस्ता कथनलाई असत्य सावित गरिदिएको देखिन्छ, राम र काम दुवैलाई साथै अवलम्वन गरेर । उनको रामको अवलम्बन यति तीव्र र जवरजस्ती रहेछ जसले गर्दा दर्शन दिएर उनले रचना गरेको आफ्नो चरित्र वर्णन (भरत मिलन) लाई समर्थन गरी भन्नु परेछ तैंले लेखेको रामायण मन पऱ्यो भनेर । यसवाट रामलाई आफ्नो अत्युत्तम चरित्र वर्णन संस्कृतमा मात्र सीमित नराखि विभिन्न भाषामा विविधिकरण गर्न रुचि लागेको कुरा वुझिन्छ र सन्त तुलसीको जीवनमा घटेको घटना पनि सत्य रहेछ भन्न लाग्दछ । किनभने सन्त तुलसीले अवधिमा राम चरित्र लेख्दा त्यतिखेरका पण्डितहरूले राम चरित्रलाई परिष्कृत संस्कृत भाषावाट तल ओरालेको भनेर विरोध गरे रे । त्यो विरोधको परिहार सन्तले काशी विश्वनाथवाट आफ्नो रचना परीक्षण गराएर गरे रे भन्ने प्रसिद्धि छ ।

आर्यभाषा परिवार अन्तर्गतको नेपालीमा रामकथा प्रवेश हुनु सुहाउंदो कुरा मात्र नभएर अति आवश्यक कुरा थियो । त्यो आवश्यकताको परिपूर्तिमा आदिकवि भानुभक्तले अनुदित रचना दिएर केही मात्रामा सहयोग पुऱ्याएका थिए भने अहिले आएर भक्त कवि गुणराजले वाह्र हजार संख्याको राम चरित्रको मौलिक ठेली प्रदान गरेर नेपालीको श्रीवृद्धिमा थप सहयोग पुऱ्याएका छन् । यसवाट संस्कृतको अध्ययन अध्यापनवाट पर हट्दै गरेको नेपालीलाई आफ्नै भाषाको माध्यमले मर्यादापुरुष रामको चरित्र वुझ्न सकिने भएको छ भने वाह्र हजारको कविता तयार पार्ने यो भाषा लरखरो रहेनछ भन्ने कुरा पनि सिद्ध भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवतार परम्परा अत्युत्तम मानिएका राम र कृष्ण दुवैको चरित्र उल्लेख गरेर खनालजीले आर्य परम्परासित अहिलेको नेपाली समाजलाई जोड्न सेतुको काम गरिदिएकोले उनको गुन अविस्मरणीय भएको छ। राष्ट्रिय चरित्र शोधनमा उनको यो ठूलो योगदान हो ।

कवित्व शक्ति हुनेहरू ऐतिहासिक, धार्मिक, सामाजिक आदि जुनसुकै विपयलाई किनार-किनार रहेर पनि लेख्न सक्छन्। तर किनारवाट लेखको धार्मिक चरित्र भन्दा भक्तिले परिप्रावित भई त्यसैभित्र अवगाहन गरेर लेखेको चरित्रमा अर्कै आस्वादन हुन्छ र वेग्लै रमणीयता। यस्ता रचना कल्पनाको आकाशमा उडेर निराधारमा झुलाइएका फूलभन्दा श्रद्धा र भक्तिले उर्वर तुल्याएको धरतीमा भावनाले सिञ्चित पारी आस्थाले अङ्कुरित पारेका विरुवा जस्तै यथार्थ हुन्छन्, मनोहर देखिन्छन् । कविवर गुणराजका रचना यस्तै भावभूमिमा तयार भएका पाइन्छन् ।

●●

के जानौं प्रभुको समर्थ कति हो त्यस्तो अनौठा अति
पक्षीलाइ समेत बक्सिस दिए त्यो मोक्ष जस्तो गती ।
साक्षात् दूत भएर नै प्रभुजिको वोल्छन् यिनी-वानरै
पक्कै मानिस होइनन् प्रभु तिनी श्रीराम हुन् ईश्वरै ।।

–भरत मिलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदहरूको संक्षिप्त परिचय

–प्रयागराज वशिष्ठ

ज्ञानार्थक 'विद्' धातुबाट 'वेद' पद बन्दछ । 'वेद' पदको अर्थ हो ज्ञान ॥ यो 'वेद' भन्ने शब्द 'विद् ज्ञाने' भन्ने धातुको अतिरिक्त 'विद् सत्तायाम्' 'विदलृ लाभे' र 'विद् विचारणे' जस्ता अन्य धातुहरूबाट पनि निस्पन्न हुन्छ । बन्छ । यसरी 'वेद' पदको व्युत्पत्ति गर्दा यसको अर्थज्ञान हुनु, विचार गर्नु र लाभ हुनु आदि आदि हुन आउँछ । जे होस् वेद-पदको अर्थ हो ज्ञान । तप: परिपूत ऋषि-महर्षिहरूद्वारा दृष्ट ज्ञान नै वेद हो । वेदलाई अर्को शब्दमा त्रयी वा श्रुती पनि भन्दछन् । त्रयी भन्नाले विशेष गरेर ऋग्वेद, यजुर्वेद र सामवेदलाई बुझिन्छ भने श्रुती भन्नाले अथर्ववेद लगायत चारै वेदलाई बुझ्नुपर्दछ ।

छन्दोबद्ध मन्त्रलाई ऋक् वा ऋचा भन्दछन् । यस्ता ऋचामा सञ्चित ज्ञान नै ऋग्वेद संहिता (सङ्कलन) हो । यसै गरी यजुष् वा यजु: शब्दको अर्थ हो पूजा वा यज्ञ । अर्थात् यज्ञ विधि सम्पन्न गर्ने मन्त्रहरूको संहिता (सङ्कलन) नै यजुर्वेद हो । यस वेदका कृष्ण र शुक्ल गरी दुई भाग छन् । छन्दोबद्ध र गद्यमा लेखिएका मन्त्रहरूको मिश्रित भागलाई कृष्ण यजुर्वेद र छन्दोबद्ध मन्त्रहरू-को मात्र संगालोलाई शुक्ल यजुर्वेद भन्दछन् । अर्को भनाइ अनुसार– सूर्यद्वारा याज्ञवल्क्य ऋषिले दिनमा प्राप्त गरेको ज्ञान भएको कारणले यजुर्वेदको एउटा भागलाई 'शुक्ल यजुर्वेद' भनिएको हो भन्ने पनि गरिन्छ । 'साम' शब्दको अर्थ हो– मीठो लाग्ने सुन्दर र सुखकर वचन । अर्थात् संगीत या गान । यसबाट के बुझिन्छ भने– संगीत प्रधान ऋचाहरूको समूह नै सामवेद संहिता हो । यस पछिको अर्को चारौं वेद हो अथर्व । सर्व विद्या विशारद ऋषि अथर्वाद्वारा यस वेदका मन्त्रहरूको सङ्कलन गरिएको हुनाले वेदको नाम नै अथर्व हुनपुग्यो । प्रतिपाद्य विषयको दृष्टिले यो चारौं वेद अथर्वन र आंगिरस नामक दुई भागमा विभक्त छ । यसकारण यो वेदलाई अमृतवेद, आत्मवेद, अथर्वागिरस वेद, भृग्वंगिरस वेद र ब्रह्मवेद पनि भन्दछन् । गोपथ ब्राह्मणमा उल्लिखित कथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार- सृष्टिको उत्पत्तिका लागि जब ब्रह्माजीले कठिन तपस्या गरे। तब कठिन तपस्याको प्रभावको अन्त्यमा ब्रह्माको तपः परिपूत शरीरबाट तेजस्वरूप दुई जलधारा प्रकट भए तिनै दुई जलधारामध्ये एकबाट अथर्वन र अर्कोबाट अंगिराको उत्पत्ति भयो। यिनै भृगु वा अथर्वन् र अंगिराका वंशजहरूलाई जुन जुन मन्त्रहरू दृष्ट भए तिनै दृष्ट मन्त्रहरूको संहिता (सङ्कलन) नै अथर्ववेद संहिता हो।

उपर्युक्त चार वेदमध्ये ऋग्वेद सर्वाधिक प्राचीन वेद हो। ऋग्वेद ज्ञानको प्रतीक, यजुर्वेद कर्मको प्रतीक, सामवेद उपासना (पूजा) को प्रतीक र अथर्ववेदलाई अध्यात्म विद्याको प्रतीक या विवेचन गर्ने ज्ञानराशीको रूपमा वेदज्ञहरू लिन्छन्। 'वेदो दखिलो धर्म मूलम्' भन्दै हजारौं वर्षदेखि ऋषि-महर्षिहरूले वेदलाई समस्त धर्मको मूल मानेका छन्। त्यस्तै सर्वोच्च अनादि र अनन्त ज्ञान मानेका छन्। सूक्ष्म र परावाक् मानेका छन्। यस किसिमको तत्वार्थसँग अवगतार्थ बन्न खोज्दा वेदलाई ईश्वरीय ज्ञानको भण्डार मान्नु उचित नै देखिन्छ। ईश्वरीय ज्ञानका द्रष्टा ऋषिहरू (मन्त्र द्रष्टा) ले जीवनोपयोगी सम्पूर्ण ज्ञानलाई वैदिक ऋचाहरूमा अभिव्यक्त गरिदिएका छन्। यसकारण वेद ज्ञानको भण्डार हो। वेदलाई अर्को शब्दमा 'सृष्टि विज्ञान' र 'सृष्टि विद्या' पनि भनिन्छ। आज जति पनि ज्ञान, विज्ञान, विद्या र कलाको विकास र विस्तार भैराखेको छ ती सबै कुराहरूको बीज वेदमा पाइन्छ। मानव जगत् पशुको जस्तो आहार, निद्रा, भय र मैथुनमै मात्र सीमित रहने जैविक तत्त्व होइन। मानवले आफूभित्र सतत् सुन्दर मानवताको स्वरूप विकसित गर्नुपर्छ। देवत्व प्राप्त गर्नुपर्छ। यसका लागि प्राकृतिक धर्म नीति, आचार, आत्मज्ञान र स्वचरित्रज्ञानको आवश्यकता पर्दछ। यसै उद्देश्यले हाम्रा पूर्वज त्रिकालदर्शी, यशस्वी, मवस्वी र तपस्वी ईश्वरीय ज्ञानका द्रष्टा ऋषि-महर्षिहरूले मानवलाई मानवको रूपमा परिणत गराउने खालका कुराहरूलाई वेदका मन्त्रहरूमा अर्थात् ऋचाहरूमा अभिव्यक्त गरिदिएका छन्। यसकारण सर्वाधिक प्राचीन ग्रन्थको रूपमा देखिएको वेदले एकातिर मानवीय सभ्यताको आरम्भका कुराहरू र सोचाइहरूलाई व्यक्त गर्दछ भने अर्कोतिर जीवनोपयोगी शिक्षा प्रदान गर्दछ। मानव लगायत सम्पूर्ण चराचरको भरणपोषण गर्ने प्राकृतिक शक्तिलाई देवताको रूपमा लिएर स्तुति गर्ने वेद ईश्वरीय ज्ञानको प्रतिपादक मानिन्छ। मानव समाजको हित र कल्याणको कामना राखेर देवताको स्तुति गर्ने वेदले अन्तमा समस्त ब्रह्माण्डका नियामक सत्ताको रूपमा पूर्ण ब्रह्माका अस्तित्वको घोषणा गर्छ। वेदलाई हामी अपौरुषेय मान्दछौं। अपौरुषेय मान्नाका पनि कारणहरू छन्। जस्तै- १. सीधै ब्रह्माका साथ उद्भूत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकोले २. ज्ञानी ऋषि-महर्षिहरूको हजारौं वर्षदेखिको गम्भीर र अनवरत चिन्तनको परिणाम भएकोले ३. वेदको वैचारिक धरातल अगाध, असीम, सर्वोच्च र अपौरुषेय भएकोले ४. ज्ञान कुनै पुरुष विशेषको नहुने हुनाले र प्रत्येक मन्त्रका वर्ण, पद एवं छन्दका प्रयोक्ता र द्रष्टा ऋषि (मन्त्र द्रष्टा) भएकोले। अर्थात् वेद-प्रकाशित ज्ञान अनादि ईश्वरीय ज्ञान भएकोले वेद अपौरुषेय मानिन्छ। ऋषिहरू पनि वेदका निर्माता होइनन् द्रष्टा मात्र हुन्। दर्शन सिद्ध वस्तुको हुन्छ साध्यको हुँदैन। छोटकरीमा भन्दा वेद प्रतिपादित ज्ञान मनुष्यको रचना शक्तिभन्दा बाहिरको भएकोले अर्थात् ईश्वर प्रेरित भएकोले वेदलाई अपौरुषेय भनिएको हो।

१. ऋग्वेद

ऋक् वा ऋचा अर्थात् छन्दोबद्ध मन्त्रहरूको सङ्कलनलाई ऋग्वेद संहिता भन्दछन्। ज्ञान प्रधान ग्रन्थ ऋग्वेदलाई विश्वकै सर्वाधिक प्राचीन ग्रन्थ मानिन्छ। यसको रचनाकालसम्बन्धी विचार विवादास्पद भए पनि यो ग्रन्थको रचना इस्वी पूर्व २५०० देखि इ. पू. ८५०० सम्ममा भएको हो भन्ने कुरालाई आजका विद्वान्हरूले मानेका छन्। ऋग्वेदले मुख्यरूपमा ३३ वटा देवतालाई माने तापनि यो ग्रन्थ एकेश्वरवादी हो। पूर्वीय दर्शनको जननी पनि यसै वेदका ऋचाहरू हुन्। जस्तै– एक सद विप्रा वहुधा वदन्ति (१०।११४।५ ऋग्) अर्थात्– एउटै परमात्मालाई विद्वान्हरू विभिन्न रूपले पुकार्दछन्। यस भनाइले एउटै ईश्वरमा विश्वास राखेको बुझिन्छ। ऋग्वेदका २१ संहितामध्ये हिजोआज एक मात्र 'शाकल' संहिता प्राप्त छ। यस संहितामा संकलित मन्त्रहरूको विभाग मण्डल, अनुवाक र वर्गमा अनि (मण्डल) अध्याय र सूक्तमा गरिएको छ। यस किसिमको विभाग अनुसार ऋग्वेदमा १० मण्डल, ८५ अनुवाक र २००८ वर्ग छन्। अर्को किसिमको विभाजनमा हेर्दा ऋग्वेदमा १० मण्डल (८ अष्टक) ६५ अध्याय र २०१७ सूक्तहरू छन्। यस आधारमा ऋग्वेदभित्रका मन्त्रहरूको कुल संख्या– १०४६७ (दश हजार चार सय सतसाट्ठी) छ। शौनक ऋषि अनुक्रमणिका अनुसार दश हजार पाँच सय असी मन्त्रहरू छन्। यस सम्बन्धमा ऋग्वेद भित्रकै १० औं मण्डलको १०१८ सूक्तको ८ औं मन्त्रमा ऋग्वेदको मन्त्र संख्या १५००० छ भन्ने कुरा उल्लेख भएको पाइन्छ। शौनक ऋषिको अनुक्रमणिका अनुसार ऋग्वेदमा १५३८२६ शब्द र ४३२००० अक्षरहरू छन्। यस किसिमको मान्त्रिक, शाब्दिक र आक्षरिक आकार प्रकारमा अभिव्यक्त ऋग्वेद गायत्री, उष्णिक्, अनुष्टुप, वृहती, पंक्ति, त्रिष्टुप र जगती आदि १४ प्रकारका मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन्दहरूमा रचना गरिएको छ। विषय वस्तुको श्रृष्टिले ऋग्वदमा तीन प्रकारका मन्त्रहरू छन् १. तन्त्र मन्त्रसम्बन्धी या जाइटुनासम्बन्धी २. मारण र उच्चाटन-सम्बन्धी ३. यज्ञ तथा ब्रह्मविद्यासम्बन्धी। यस प्रकारका मन्त्रहरूको सङ्कलन गरिएको ऋग्वेद संहिताको प्रतिपाद्य विषय चाहिं पृथ्वी अन्तरिक्ष वा द्युलोकमा अवस्थित देवताको महिमा गान र विभिन्न फल प्राप्ति र सिद्धिका लागि गरिएको स्तुति नै हो अर्थात् देवताको आवाहन। जे होस् विश्वकै एक मात्र प्राचीन यस ग्रन्थको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, साहित्यिक र धार्मिक महत्त्व छ।

२. यजुर्वेद

यजति यजते वा अनेन इति यजुष्। अर्थात् जसको माध्यमबाट यज्ञ सम्पन्न गरिन्छ त्यसलाई यजु: या यजुष् भनिन्छ। यजुः या यजुष्को अर्थ पूजा वा यज्ञ हो। अर्को शब्दमा गद्यमा लेखिएका मन्त्रहरूलाई पनि यजुष् भनिन्छ। यज्ञ-विधि सम्पन्न गर्ने कर्मकाण्डप्रधान ग्रन्थ। यी वेदका मुख्य दुई भाग छन्- कृष्ण र शुक्ल। कृष्ण यजुर्वेद गद्य र छन्दोबद्ध मन्त्रहरूको चम्पूरूप हो। यस कृष्ण यजु-र्वेदका तैत्रीय, मैत्रायणी र कठ गरी तीन शाखा छन् भने छन्दोबद्ध शुक्ल यजु-र्वेदका चाहिं काण्व र वाजसनेय गरी दुई शाखा छन्। सूर्यद्वारा याज्ञ-वल्क्यलाई दिनमा प्राप्त ज्ञान भएकोले यजुर्वेदको एउटा भागलाई शुक्ल भनिएको हो। दुई भागमा विभाजित यस वेदका १०० शाखामध्ये हाल ५ शाखा मात्र प्राप्त छन् ऋग्वेद जस्तै यजुर्वेद पनि मुख्य रूपमा ३३ देवताकै पूजक मानिन्छ। यजुर्वेदको दृष्टिमा सर्वत्र देवता छन्। त्यसैकारण चारैतिर देवताले घेरिएको हाम्रो जीवन पनि दिव्य छ देवतामय छ भन्ने कुरा सिद्ध हुन्छ। कृष्ण यजुर्वेदको मन्त्र संख्या १८००० र शुक्ल यजुर्वेदमा चरणमूहरूको अनुसार १९०० मन्त्रहरू छन्। जेहोस् विश्वमा रेखागणितको आविर्भाव गर्ने यस वेदमा रूखका हाँगाविगा, पात, एवं माटो र ढुङ्गालाई समेत चेतनशील प्राणीको रूपमा व्यवहार गरिएको पाइन्छ। यस वेदमा प्रयुक्त भाषा ऋग्वेदको भन्दा सरल, सरस र हृदयस्पर्शी छ।

३. सामवेद

सामको अर्थ– सुन्दर र सुखकर वचन, संगीत या गान। ऋग्वेद पछि सामवेदको गणना गरिने चलन भए तापनि ऋग्वेदका कतिपय मन्त्रहरूमा साम-वेदको उल्लेख पाइएको कारणबाट सामवेद ऋग्वेदभन्दा पनि पुरानो हो कि भन्ने प्रश्न उठ्न खोज्छ। तर ऋग्वेदको १०–९०–९ मन्त्रमा–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माद् यज्ञात् सर्वहुतः ऋचः सामानि जज्ञिरे ।
छन्दांसि जज्ञिरे तस्माद यजस्तस्माद जायत ।।

अर्थात्– "ती सर्वहुत यज्ञः शक्तिमेग्न परमेश्वरवाट ऋचाहरू (ऋग्वेद), साम (सामवेद), छन्द (अथर्ववेद) र यजुः (यजुर्वेद) उत्पन्न भए।" भनिएकोले र पहिले वेद एउटै थियो पछि आएर अध्ययन अध्यापनको सुविधाका लागि चार मुख्य भागमा विभाजन गरिएको हो भन्ने कुरालाई बुझ्दा कतिपय मन्त्रहरू परस्परमा छरिएका (यताउति परेका) हुनसक्छन् भन्ने कुरा यहाँनिर बुझ्नुपर्ने हुन्छ । चारै वेद एउटै ईश्वरवाट अर्थात् एउटै ईश्वरीय ज्ञानवाट एकैसाथ प्रादुर्भूत भएका हुन् भन्ने कुरालाई मानेपछि विवाद कतै रहन पाउँदैन ।

जेहोस् सामवेद यजुर्वेद पछिको नै हो भन्ने कुरा बुझ्नु आवश्यक छ । अरू वेदको जस्तै यस वेदका पनि थुप्रै संहिताहरू थिए । हिजोआज केवल तीन संहिता प्राप्त छन् – कौथुम, जैमुनीय र राणायणीय । सामवेदका ऋचासमूहलाई 'आर्चिक' र यजुष् समूहलाई 'स्तोक' भनिन्छ । 'आर्चिक' र 'स्तोक' दुवै साम हुन् । संगीत शास्त्रको विकासका दृष्टिमा सामवेदको धेरै महत्त्व छ । सामको गायन गर्नेलाई उद्गाता भनिन्छ । सामवेदका प्रथम मन्त्र द्रष्ठा ऋषि जैमुनि हुन् ।

४. अथर्ववेद

अन्तिम अर्वाचीन ग्रन्धको रूपमा अथर्ववेदलाई लिइन्छ । अथर्ववेदका प्रथम मन्त्रद्रष्ठा अथर्वा हुन् । अथर्ववेदका नौ शाखामध्ये हिजोआज शौनक र पिप्पलाद् दुई शाखा मात्र प्राप्त छन् । यो अथर्ववेद संहिता २० काण्डमा विभाजित छ । यी २० काण्ड ४८ प्रपाठकमा विभाजित छन् । यी प्रपाठकमा ७६० सूक्त र ६००० मन्त्रहरू छन् । अथर्ववेदको अध्ययन गरेर मानवले आफूभित्र रहेको सम्पूर्ण शक्ति र ज्ञानलाई प्रयोगमा ल्याउन सक्छ । सफल जीवन जिएर ईश्वरलाई प्राप्त गर्न सक्छ भन्ने उद्देश्य राखेर सर्व विद्या विशारद्– अथर्वा ऋषिले- मानव जीवनका लागि आवश्यक सम्पूर्ण विद्यालाई यस वेदमा अभिव्यक्त गरिदिएका छन् । यस वेदको प्रतिपाद्य विषय मन्त्रतन्त्र, टुनामुना, रोगनाश गर्ने विधिविधान; मारण, उच्चाट्टन हो भनेर कतिपय मन्त्रहरू यज्ञसम्वन्धी र ब्रह्मविद्यासम्वन्धी पनि छन् ।

उपर्युक्त चार वेद चार पुरुषार्थ तुल्य छन् । शंख, चक्र, गदा र पद्म तुल्य छन् । यी चारै वेदमा गरी लगभग ३०० जति ऋषि (मन्त्र द्रष्टा) हरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छन् । यसै गरी वेदमा मुख्य तेत्तीस देवताका अतिरिक्त समग्र प्रकृतिशक्ति नै देवताको रूपमा उभिएको पाइन्छ । वेदलाई बुझन मन्त्र, सूक्त, ऋचा, संहिता र ब्राह्मणलाई पनि बुझन आवश्यक भएकोले– छोटकरीमा वेदको स्वरूपलाई बुझन सकून् भन्ने उद्देश्यले यो छोटो लेख तयार पारेको हुँ । वेदवाद – संकीर्ण मस्तिष्क र संक्षिप्त लेखमा अटाउने र व्याख्या गरिने कुरा नै होइन । जेहोस् यो मेरो क्षुद्रप्रयासले कसैलाई फाइदा दिनसके म आफ्नो प्रयाश सफल ठान्छु ।

१. मन्त्र– ज्ञानार्थक मन् धातुबाट ष्ट्रन प्रत्यय लागेर मन्त्र भन्ने शब्द बन्छ ।

यसको अर्थ– "मन्यते ज्ञायते विचार्यते ईश्वरादेश: अनेन इति मन्त्र:". अर्थात्– जसद्वारा ईश्वरको आदेश ज्ञान गर्न र विचार गर्न सकिन्छ त्यो नै मन्त्र हो । यसै गरी- "मन्यते सत्क्रियते देवता विशेष: अनेन इति मन्त्र:" अर्थात्- जसद्वारा देवतालाई सत्कार गरिन्छ त्यो मन्त्र हो । वेदमा तीन किसिमका मन्त्रहरू छन् । ऋचा, यजुष् र सामगीती ऋचा पनि दुई किसिमका छन् । गेय र अगेय । सामवेदमा चाहिं गेय ऋचा र गेय यजुष् दुवै छन् ।

२. सूक्त र ऋचा– "सम्पूर्ण ऋषिवाक्यन्तु सूक्त मित्यमिधियते" अर्थात्– ऋषिद्वारा दृष्ट मन्त्रहरूको समुदायलाई सूक्त भनिन्छ । ऋचा भनेको छन्दोवद्ध मन्त्र हो ।

३. ऋषि– मन्त्रका द्रष्टालाई वेदमा ऋषि भनिन्छ । यस्ता ऋषि चार प्रकारका छन् । ऋषि, ऋषिपुत्र, ऋषिक र स्वयम्भू । जसले वेदको स्वयं साक्षात्कार गरेका छन् तिनलाई ऋषि, यस्ता ऋषिका पुत्र पौत्रादिलाई ऋषिपुत्र । जस्तै– ऋग्वेदको तृतीय मण्डलका द्रष्टा विश्वामित्र हुन् । यिनका छोरा मधुच्छन्द मधुच्छन्दका छोरा जेता । मधुच्छन्द र जेता ऋषि पुत्र हुन् । (ब्रह्मर्षि, महर्षि, देवर्षि र राजर्षि)

४. संहिता र ब्राह्मण– वेदका चार संहिता छन् ऋक्, यजु:, साम र अथर्व । यी प्रत्येक संहिताका ब्राह्मण भागहरू पनि हुन्छन् । संहिता (मन्त्रहरूको सङ्कलन) नै वास्तविक वेद हो । ब्राह्मण चाहिं संहिताको भाष्य रूप हो । संहिता श्लोकात्मक हुन्छ र ब्राह्मण चाहिं गद्यात्मक । ऋग्वेद संहिताको ब्राह्मणले होतृको कर्तव्यलाई, सामवेद संहिताको ब्राह्मणले उद्‌गातृको कर्तव्यलाई र यजुर्वेदको ब्राह्मणले अध्वर्युको कर्तव्यलाई विशेष रूपमा व्याख्या गरेको पाइन्छ । ब्राह्मण ग्रन्थका पनि तीन भेद छन्– १. यज्ञसँग सम्वन्धित (कर्मकाण्ड) २. आरण्य ३. उपनिषद् ब्राह्मणको तेस्रो भेदलाई वेदान्त र परमात्मा तत्त्वको वर्णन गर्ने पराविद्या पनि भन्दछन् । अस्तु । 卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर

—शैलेन्दुप्रकाश नेपाल

ईश्वर मेरो घुम्दै आयो, सुन्दरतामा मोहनी बसायो
सेवा सन्देश दिलले गायो, जगत्भरि नै चमक उदायो ।

१

ईश्वर दर्शन गर्ने धोको लिइरहेको मनमा चोखो
वर्षौं बितेछ याद भएन, अन्त कतैतिर दिल गएन ।

२

रोगी, दीन दुःखीहरूमा माया दिनु वन्दै उमा
चाह निरन्तर फैलिरहेछ, दिल त्यो कसको मैलिरहेछ ?

३

मान्छेहरूले मान्छेहरूको दिलको व्यथा बुझ्ने गरे पो
ईश्वर हाम्रो खुश रहन्छ, प्रेमको निर्मल धार बहन्छ ।

४

कर्म भुलेर बुद्धि हराई घुम्दा कसोरी शान्ति मिल्छ ?
आफू नचिनी भौंतारिएमा चिन्ता आई दिलमा चिल्छ ।

५

बुझ बुझ हे ! सज्जनवर्ग ! धर्म त्यही हो जीवन बिन्दु
स्नेह बगेको ईश्वर सिन्धु, झुम त्यसैमा सोच परन्तु ।

६

आस्था निर्मल ज्योति बन्छ, जीवन सिंगो ममता भन्छ
ईश्वर छैन टाढा कतैतिर त्यो ता सधैं यो दिलमै घुम्छ ।

७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समिति गतिविधि

गुणराज पुरस्कार वितरण

२०४४ साल फागुन ११ गते नारायणी अञ्चलको देवघाटमा महाकवि पं. गुणराज उपाध्याय रामदासको ७३ औं जयन्ती भव्य रूपले मनाइयो। महाकवि गुणराजको प्रतिभा देवघाटमा स्थापना भएको गुणराजेश्वर राम मन्दिर रामदास कीर्तन पनि देवघाटमै रहेकोले समय-समयमा आध्यात्मिक विषयलाई महत्त्व दिने भक्त महाकविको जन्मजयन्ती मनाउन राजधानीबाट साहित्यकारहरूको एक टोली त्यहाँ गएको थियो।

गुणराज स्मारक समितिका अध्यक्ष प्राध्यापक शिवगोपाल रिसालले गुणराज पुरस्कार विजेता भरतराज पन्तलाई रु. ५००१ (पाँच हजार एक) को गुणराज पुरस्कार प्रदान गर्नुभयो। त्यस्तै गुणराज स्मारक व्याखाता प्रा. चेतोनाथ शर्मा आचार्यलाई रु. २००१ (दुई हजार एक) को स्मारक व्याख्यान पुरस्कार र गायिका तारादेवीलाई रु. १००१ (एक हजार एक) को गुणराज संगीत पुरस्कार प्रदान गर्नुभयो।

शिवगोपाल रिसाल

पुरस्कार वितरण पछि महाकवि भक्तकवि पं. गुणराजका स्मृतिमा स्थापित यी पुरस्कारको आफ्नै गरिमा छ पुरस्कारको रकम सानो भए पनि भावनाको राशी ठूलो छ भन्दै सुयोग्य पुत्रहरूबाट भएको रचनात्मक प्रयासको प्रशंसा गर्नुभयो।

किशोरकुमार खनाल

समितिका कोषाध्यक्ष किशोरकुमार खनालले आर्थिक प्रतिवेदन पेश गर्दै पूज्य पिताजीका सम्झनामा रु. २०००००।– अक्षय कोशमा राखी देवघाट स्थित गुणराजेश्वर राममन्दिर, कीर्तनभवन, राधेश्याम मन्दिर सञ्चालन गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ। त्यस्तै यसै वर्ष पं. गुणराजको स्मृतिमा एक लाख एक हजार मूल्यको पोलिथिन पाइप पशुपति विकास क्षेत्रको निर्माण तथा विकास कार्यमा सघाउ पुऱ्याउन कोपलाई प्रदान गरिएको कुरा बताउनुभयो।

घटराज भट्टराई

समितिका सदस्य सचिव घटराज भट्टराईले पुरस्कार व्यक्तित्वहरू-लाई चिनाउँदै आजसम्म समितिबाट ३३ जना प्रतिभा पुरस्कृत भइसकेको जान-कारी दिनुभयो।

राममणि रिसाल

सभापतिको आसनबाट गुणराज स्मारक समितिका सदस्य समायोजक एवं निवन्धकार राममणि रिसालको महाकवि गुणराजका स्मृतिमा भएका रचनात्मक कार्यहरू प्रेरणाप्रद छन् भन्ने विचार व्यक्त गर्नुभयो।

पवनकुमार खनाल

महाकवि गुणराजका कान्छा छोरा पवनकुमार खनालले कवित्वमय ओजस्वी अभिव्यक्तिमा पितृ भक्तिको महिमा भास्वर रूपमा प्रस्तुत गर्नुभएको थियो। जसको गद्य शैलीको प्रभावकारिता देख्दा सबैले प्रशंसा गरेका थिए।

अन्य वक्ताहरूबाट प्रवचन

उक्त समारोहमा उपस्थित अतिथिहरू मध्ये सह-प्राध्यापक शरद्चन्द्र शर्मा भट्टराई, उपप्राध्यापक श्रीहरि रूपाखेती र रामप्रसाद भट्टराईले भक्त महाकविको गरिमामय योगदान र गुणराज स्मारक समितिबाट भएका रचना-त्मक कार्य प्रशंसा गरेका थिए।

भरतराज पन्त

गुणराज पुरस्कार प्राप्त गर्ने भरतराज पन्तले गुणराज पुरस्कार प्राप्त भएकोमा कृतज्ञता प्रकट गर्दै निस्पक्ष मूल्याङ्कन भएकोमा आफू बढी प्रसन्न भएको विचार व्यक्त गर्नुभयो। महाकवि पं. गुणराजका रचनाको प्रभाव महत्त्वसँग आफू परिचित भएको कुरा बताउनु भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

(९) CC-0. In Public Domain. Digitization by eGangotri

उद्घाटन

समारोहको शुरूमा नवनिर्मि… राधेश्याम म… …को … समितिका अध्यक्ष शि…गोपाल रिसालले वैदिक मंगलाचरणका सा… … थियो ।

प्रबन्ध समितिको पुनर्गठन

समितिको स्वीकृत विधान अनुसार सभाबाट प्रत्येक तीन-तीन वर्षमा प्रबन्ध समितिको पुनर्गठन गर्नुपर्ने भए अनुसार निम्न बमोजिम प्रबन्ध समितिको गठन गरियो ।

अध्यक्ष – प्रा. शिवगोपाल रिसाल
सदस्य सचिव – सह प्रा. घटराज भट्टराई
कोषाध्यक्ष – किशोरकुमार खनाल
सदस्य – प्रा. अम्बिकाप्रसाद अधिकारी
" – प्रा. चूडानाथ भट्टराई
" – डा. वासुदेव त्रिपाठी
" – प्रा. राममणि रिसाल

२०४४ सालको गुणराज पुरस्कार

२०४४ सलको गुणराज पुरस्कार सम्माननीय बडागुरुज्यू अम्बिकाप्रसाद अधिकारीद्वारा तयार गरिएको श्रीमद् भागवत् गीताको गीतालोक भाष्य ग्रन्थका लागि प्रदान गर्ने निर्णय गरिएको छ ।

त्यस्तै २०४५ सालको गुणराज स्मारक व्याख्यान पुरस्कार सह-प्राध्यापक जगन्नाथ त्रिपाठीलाई प्रदान गर्ने पनि निर्णय गरिएको छ ।

द. नं. १८०१२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ।

Returned

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

पं. हर्षनाथ उपाध्याय खनाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प. द. नं. जि. का. काठ. १०/

जिज्ञासाका नियम

१. 'जिज्ञासा' धर्म, संस्कृति र साहित्य प्रधान पत्रिका हो ।

२. यो गुणराज स्मारकसमितिको मुखपत्रको रूपमा हाललाई वर्षको एकपल्ट प्रकाशित हुन्छ ।

३. यसमा प्रकाशित रचनाका लागि यथाशक्य पुरस्कार प्रदान गरिन्छ ।

४. गुणराज स्मारकसमितिका गतिविधिका अतिरिक्त साहित्य, संस्कृति, राजभक्ति र सनातन धर्मसम्बन्धी रचनाहरू पनि प्रकाशित हुन्छन् ।

५. रचना स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा सुरक्षित हुनेछ ।

मुद्रक: बालकुमारी प्रि. प्रेस, वटु, मुबहाल, फोन २२४१९६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu